सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

८ जेठ २०८३, शुक्रबार (22 May 2026, Friday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक ३९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

सर्वोच्चमा साढे २७ हजार मुद्दा विचाराधीन

असुल्नुपर्ने रकम झन्डै ३५ अर्ब

एक लाख २१ हजार ८४० वर्ष तीन महिना १२ दिन कैद असुलउपर गर्न बाँकी

शिल्पा कर्ण/नयाँ पत्रिका

सर्वोच्चमा साढे २७ हजार विचाराधीन मुद्दाको चाङ छ भने असुलउपर हुनुपर्ने जरिवाना झन्डै ३५ अर्ब छ। यो बिहीबार कार्यालय समयपछिको लगत हो।

लगतअनुसार सर्वोच्चमा २७ हजार ५१७ निवेदन विचाराधीन छन्। जसमध्ये दुई वर्ष



नाघेका मुद्दा संख्या १० हजार २८८ छन्। त्यस्तै, पाँच वर्षभन्दा पुराना मुद्दा एक हजार ५६० थान रहेको अभिलेख छ। संवैधानिक इजलासमा रिट र मुद्दा क्रमशः २३३ र ५ छन्। सर्वोच्चमा पुनरावेदनपत्र, साधक, रिट, दोहोऱ्याई पाऊँको निवेदन र प्रतिवेदन आदि विचाराधीन छन्।

फैसला कार्यान्वयन निर्देशनालयका अनुसार चैत मसान्तसम्म एक लाख २१ हजार ८४० वर्ष तीन महिना १२ दिन कैद असुलउपर गर्न बाँकी छ। सजाय असुलउपर गर्नुपर्नेमा नेपाली र विदेशी दुवै छन्। दुई हजार ७६३ विदेशीबाट र एक लाख ६१ हजारभन्दा नेपाली नागरिकले कैद जरिवानालगायतका सजाय भुक्तान गर्न बाँकी रहेको अभिलेख छ।

त्यस्तै, देशभरका अदालतहरूबाट अन्तिम भएका मुद्दाहरूमा तोकिएको जरिवानातर्फ भने ३४ अर्ब ७९ करोड ६६ लाख ४२ हजार रुपैयाँभन्दा बढी उठाउन बाँकी छ। निर्देशनालयका अनुसार उक्त



पुराना बक्यौता मुद्दाहरूको शीघ्र फर्स्योटका लागि विशेष कार्ययोजना तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउनेछु

- डा. मनोजकुमार शर्मा, प्रधानन्यायाधीश

अवधिमा दुई अर्ब ३३ करोड ४९ लाख रुपैयाँभन्दा बढी सरकारी बिगो उठ्न बाँकी छ। अभिलेखअनुसार एक अर्ब ४८ करोड रुपैयाँभन्दा बढी क्षतिपूर्ति अपराधपीडितलाई भराउने बाँकी छ।

नवनियुक्त प्रधानन्यायाधीश मनोजकुमार शर्माले मुद्दा फर्स्योट र फैसला कार्यान्वयनलाई प्राथमिकता दिइने बताएका छन्। 'पुराना बक्यौता मुद्दाहरूको शीघ्र फर्स्योटका लागि विशेष कार्ययोजना तर्जुमा

» पृष्ठ २ मा क्रमशः

■ ओली सरकारको पालामा राज्यको ढुकुटीबाट भिभिआइपीको विदेशमा उपचार

एमालेले राज्यकोषमा फिर्ता गऱ्यो झन्डै चार करोड, ओलीले पाउलान् उन्मुक्ति ?



वैदेशिक उपचारमा भिभिआइपीका लागि राज्यकोषबाट रकम निकासा हुन थालेपछि दुरुपयोग रोक्न २ असोज ०७५ देखि जनस्वास्थ्य ऐन, २०७५ कार्यान्वयनमा ल्याइएको थियो। उक्त ऐनको दफा ३० मा 'वैदेशिक उपचारबापत खर्च उपलब्ध नहुने' शीर्षकमा उल्लेख छ, 'प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए पनि कुनै व्यक्तिलाई विदेशमा उपचार गर्नुपर्ने भएमा सोको लागि लाग्ने खर्च नेपाल सरकारबाट उपलब्ध गराइनेछैन।' तर, कानुनको बर्खिलाप गर्दै तत्कालीन प्रधानमन्त्री ओलीको पालामा उनीसहित तीन विशिष्टले पटक-पटक विदेशमा उपचार गराउँदा राज्यकोषबाट खर्च निकासा गरिएको थियो।

सुवास भट्ट/नयाँ पत्रिका

तत्कालीन प्रधानमन्त्री केपी ओलीको पालामा आफूसहित तीन भिभिआइपीको वैदेशिक उपचारमा कानुनविपरीत राज्यको ढुकुटीबाट खर्च गरेको तीन करोड ९० लाख राज्यकोषमै फिर्ता भएको छ। जनस्वास्थ्य ऐन, २०७५ को व्यवस्थाविपरीत उपचारका नाममा सरकारी ढुकुटी दुरुपयोग सम्बन्धमा अख्तियारले छानबिन टुंग्याउने लाग्दा उक्त रकम सरकारको राजस्व खातामा दाखिला भएको हो।

स्रोतका अनुसार तत्कालीन प्रधानमन्त्री ओलीसहित पूर्वराष्ट्रपति रामवरण यादव र अर्का पूर्वप्रधानमन्त्री झलनाथ खनालको वैदेशिक उपचारमा खर्च भएको रकम फिर्ता भएको छ। सबै रकम एमालेबाट फिर्ता भएको स्रोतले बतायो। अर्थ मन्त्रालय र अख्तियार स्रोतहरूका अनुसार ओलीका नाममा खर्च भएको दुई करोड ३९ लाख, खनालको ८१ लाख र यादवको ७०

» पृष्ठ २ मा क्रमशः



■ पूर्वमुख्यसचिव विमल कोइराला भन्छन्-

रकम फिर्ता गरेकै आधारमा अख्तियारले मुद्दामा क्षमा दिनुहुँदैन

बालुवाटार जग्गा प्रकरणमा विष्णु पौडेल र कुमार रेग्मीलाई जग्गा फिर्ता गराएर मुद्दा नचलाउने निर्णय गरियो। अख्तियारले पहिले गरेको यस्तो निर्णयकै आधारमा मुद्दामा क्षमा गऱ्यो भने गलत हुन जान्छ। रकम फिर्ता गरेकै आधारमा उन्मुक्ति दिनुहुँदैन। विदेशमा उपचार गर्दा लागेको खर्च सरकारले दिनुहुँदैन भन्ने नै मेरो दृष्टिकोषण छ। तर, राष्ट्रिय जीवनमा महत्त्वपूर्ण योगदान दिएका वा कुनै विशिष्ट पदाधिकारीको विदेशमा उपचार नगराएकै कारण ज्यान जाने अवस्था छ भने राज्यले हेर्नुपर्ने हुन सक्छ।

मन्त्रिपरिषद्बाट पनि गलत निर्णय भएको छ भने त्यसमा अख्तियारले हेर्नुपर्छ। धेरैलाई लागू हुने र सार्वजनिक प्रभाव पार्ने निर्णय नीतिगत हुन्छन्। कुनै व्यक्तिलाई मात्र हेरेर उसको स्वार्थअनुकूल निर्णय भएका छन् भने त्यो नीतिगत हुन सक्दैन। तथ्य प्रमाणका आधारमा नीतिगत र गैरनीतिगतको व्याख्या गरेर अख्तियार अघि बढ्न सक्छ। पछि अदालतले निर्क्योल गरिहाल्छ। अन्तिम फैसलाकर्ता त अदालत हो।



■ एमाले सचिव पद्मा अर्याल भन्छिन्-

शुक्रबारको बैठकमा अध्यक्षले जानकारी गराउन सक्नुहुन्छ

उपचार खर्चबारे पार्टीमा छलफल भएको छैन। तर, कतिपय सवालहरूमा बैठकमा छलफल नभए पनि अत्यावश्यक कामकुरा भइसकेपछि मात्रै औपचारिक जानकारी हुन्छ। केही भएको रहेछ भने शुक्रबारको बैठकमा अध्यक्षले औपचारिक जानकारी गराउन सक्नुहुन्छ। बहुदलीय व्यवस्थापछिका हरेक सरकार, बहुदलअघिका सबै सरकारले मन्त्रिपरिषद्बाट भिआइपी, देशलाई योगदान पुऱ्याउने व्यक्ति, गरिब अशक्तहरूको उपचार खर्चबारे निर्णय गर्ने गरेका छन्। तर, अहिले मानौं यो देशको इतिहासमा केपी ओलीको पालामा मात्र मन्त्रिपरिषद्बाट निर्णय भएजसरी तारो बनाउन खोजेर बदनाम गर्न खोजेको अनुभूति हाम्रो पार्टीलाई भइरहेको छ। त्यसैले उहाँले अरू सरकारको पालामा ज-जसले जे, जस्ता, जति उपचार खर्चको निर्णय गरे पनि आफूलाई मात्र तारो बनाएर सरकारले विभिन्न निकायलाई दबाब दिएर प्रहार गर्न खोजेकाले आफ्नो पालामा भएका निर्णयहरू एमालेको सवालमा मात्र होइन, अरू पार्टीका नेताहरूले लिएको रकम पनि सकारात्मक सोचले जवाफदेहिता लिँदै दाखिला गरेको हुन सक्छ।

■ मितेरी सहकारी ठगी प्रकरण



कांग्रेस नेता धनराजकी पूर्वपत्नीलाई २१ दिनभित्र अदालतमा उपस्थित हुन म्याद

(विस्तृत पृष्ठ ३)

यसपटक पनि बजेटसँग जोडिएन आयोजना बैंक

मन्त्रालयगत बजेट प्रविष्ट प्रणाली बन्द भइसक्यो, आयोजना बैंकमा भने १३ जेठसम्म आयोजना प्रविष्ट गर्न पाइने

(विस्तृत पृष्ठ ६)

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

■ मौसममा दोहोरो प्रभाव

कोशीदेखि गण्डकीसम्म वर्षा र पश्चिम तराईमा तातो हावा

यम बम/नयाँ पत्रिका

देशको मौसममा यति वेला दोहोरो प्रभाव देखिएको छ। गण्डकीदेखि पूर्वी क्षेत्रमा प्रि-मनसुन सक्रिय बनेर पानी परेको छ। तर, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा भने मौसम सुक्खा छ। अझ त्यहाँका उपत्यका र तराई क्षेत्रमा तातो हावाको लहर चलिरहेको छ।


बिहीबार इलामको कन्याममा १५२ मिलिमिटर पानी परेको छ। जबकि पश्चिममा रुपन्देही, दाङ, बाँके, सुर्खेत, कैलाली र कञ्चनपुरलगायतका जिल्लामा भने तापक्रम ३६.७ देखि ४१ डिग्री सेल्सियससम्म मापन भएको छ।

» पृष्ठ २ मा क्रमशः

■ सुदूरपश्चिम र लुम्बिनीका तराई बाहेक अन्यत्र शुक्रबार वर्षा हुने

'पश्चिम लुम्बिनीसहितका पश्चिम क्षेत्रमा अझै आइतबारसम्म गर्मी नै हुने देखिन्छ।'

● **बरुण पौडेल**, वरिष्ठ मौसमविद्, जल तथा मौसम विज्ञान विभाग



शुक्रबार धनगढी र नेपालगन्जमा अधिकतम तापक्रम ३९-४१ तथा भैरहवामा ३७-३९ डिग्री सेल्सियस पुग्ने

बिहीबार अधिकतम तापक्रम नेपालगन्ज ४१.५ र धनगढी ४१.३, दिपायल ४१.४, वीरेन्द्रनगर ३८.२, घोराही ३६.७, भैरहवा ३८.५ र सिमरामा ३४.२ डिग्री सेल्सियस मापन भएको छ। तुलनात्मक रूपमा कम गर्मी हुने डडेल्धुराको तापक्रम पनि ३०.८ डिग्री सेल्सियस पुगेको छ।

चार दिनमा सहकारीका ७६१ बचतकर्ताले पाए ३२ लाख ८६ हजार फिर्ता

● कान्तिपुर सहकारीका २१५, शिव शिखर बहुउद्देश्यीय सहकारीका ३७२, पशुपति सहकारीका आठ, नागरिक कल्याण सहकारीका सात, कृषि विकास बहुउद्देश्यीय सहकारीका ८८ र गोरखा सहकारीका ७१ जनाले बचत रकम फिर्ता पाए।

● मुलुकभर २३ सहकारी समस्याग्रस्त घोषणा भएका छन्। त्यसमा आइडल यमुना हाम्रो बहुउद्देश्यीयबाहेक २२ सहकारीमा ५८ हजार २८८ बचतकर्ता पीडित छन्। उनीहरूको ३५ अर्ब ४५ करोड ३१ लाख ६० हजार ९०६ रुपैयाँ फिर्ता गर्न बाँकी। ती सहकारीका १३ हजार ७५ ऋणीबाट २३ अर्ब ६२ करोड ९६ लाख ५८ हजार ७९४ ऋण उठाउन बाँकी छ।

टेकराज थामी/नयाँ पत्रिका

चार दिनमा सरकारले समस्याग्रस्त सहकारीका ७६१ बचतकर्ताको रकम फिर्ता गरेको छ। ६ सहकारीका ७६१ बचतकर्ताको ३२ लाख ८६ हजार बचत रकम फिर्ता भएको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले जनाएको छ। पहिलो चरणमा १० हजार रुपैयाँभन्दा कम बचत रहेका बचतकर्ताको रकम फिर्ता गरिएको छ। समितिले ४ जेठबाट यस्तो रकम फिर्ता गर्न सुरु गरेको हो।

समितिका अनुसार त्यसयता कान्तिपुर सहकारीका २१५, शिव शिखर बहुउद्देश्यीय सहकारीका ३७२, पशुपति सहकारीका आठ, नागरिक कल्याण सहकारीका सात, कृषि विकास बहुउद्देश्यीय सहकारीका ८८ र

» पृष्ठ २ मा क्रमशः

Galaxy Public School +2

Admission Open for

+2 Science | Mangement

Get an Early Bird Scholarship Now !

Limited Seats

01-4535188
9712052416

https://galaxypublicsecondaryschool.edu.np/



पार्टी पुनर्गठन र नेतृत्व हस्तान्तरण धकेल्दै ओली

स्थानीय तहकेन्द्रित कार्यविभाजन प्रस्ताव गर्दै पार्टीलाई चुनावतिर मोड्ने प्रयास

शुरोजंग पाण्डे / नयाँ पत्रिका

पार्टी पुनर्गठन, नेतृत्व हस्तान्तरण र निर्वाचन समीक्षाजस्ता महत्त्वपूर्ण मुद्दाहरू पछाडि धकेलेर एमाले अध्यक्ष ओलीले केन्द्रीय नेताहरूको कार्यविभाजन प्रस्ताव गरेका छन्। ओलीले ११औँ महाधिवेशनबाट निर्वाचित ३०१ सदस्यीय केन्द्रीय कमिटीका नेताहरूको कार्यविभाजन प्रस्ताव गरेर तत्काल पार्टी पुनर्गठन वा नेतृत्व हस्तान्तरणतिर नजाने प्रस्ट जनाउ दिएका छन्। स्थानीय तहकेन्द्रित कार्यविभाजन प्रस्ताव गरेर ओलीले पार्टीलाई चुनावतिर धकेल्ने रणनीति लिएका छन्। जेन-जी विद्रोह र २१ फागुनमा निर्वाचनमा इतिहासकै कमजोर प्रदर्शनपछि एमालेमा नेतृत्व हस्तान्तरणको बहस तीव्र भए पनि ओलीले पार्टी कमान्ड आफैँले राख्ने तयारी गरेका छन्। ओलीले नेताहरूको कार्यविभाजनसहितका एघार प्रस्ताव अध्ययनका लागि केन्द्रीय सचिवालयका नेतालाई वितरण गरेका छन्। शुक्रबार बिहान साढे ११ बजेबाट भक्तपुरको गुन्डुस्थित ओलीनिवासमा केन्द्रीय सचिवालय बैठक डाकिएको छ।

उपाध्यक्ष रामबहादुर थापा 'बादल' नेतृत्वको कार्यदलले समीक्षा प्रतिवेदन बनाएपछि जेठभित्र डाकिने केन्द्रीय कमिटी बैठकमा चुनावी समीक्षा गर्ने प्रस्ताव गरेका छन्। 'मिसन लोकल इलेक्सन' केन्द्रित कार्यविभाजनसँगै ओलीले पदाधिकारी तहका नेताको वरीयता पनि प्रस्ताव गरेका छन्। उपमहासचिव लेखराज भट्टले बैठकमा ११ वटा एजेन्डामा छलफल हुने बताए। ४ जेठको बैठकले पूर्वराष्ट्रपति विद्या भण्डारीको सदस्यता नवीकरण गर्ने निर्णय गरेको थियो।

पदाधिकारीको प्रस्तावित वरीयता

एमालेमा अध्यक्ष ओलीपछि पाँच उपाध्यक्षको वरीयता तोकिएको छ। जसअनुसार उपाध्यक्ष रामबहादुर थापा'बादल' पहिलो र रघुजी पन्तलाई पाँचौँ वरीयतामा रहने गरी प्रस्ताव गरिएको छ। दोस्रो वरीयतामा विष्णुप्रसाद पौडेल, तेस्रोमा पृथ्वीसुब्बा गुरुङ र चौथोमा गोकर्ण विष्टको वरीयता प्रस्तावित छ।

महासचिव शंकर पोखरेल सातौँ वरीयतामा छन्। त्यसपछि आठौँमा उपमहासचिव लेखराज भट्ट छन्। उपमहासचिवभित्रको वरीयतामा भट्ट पहिलो, रघुवीर दोस्रो र योगेश भट्टराईलाई तेस्रो वरीयता प्रस्ताव गरिएको छ। त्यस्तै, ११औँ वरीयतामा सचिव छविलाल विश्वकर्मा छन्। उनको वरीयता सचिवहरूमध्ये पहिलो नम्बरमा छ भने १९औँ अर्थात् अन्तिम वरीयतामा रहेका महेश बस्नेत सचिवहरूमा पनि अन्तिम अर्थात् नवौँ नम्बरमा प्रस्तावित छन्। सचिवहरूमध्ये दोस्रो हुँदै क्रमशः आठौँ नम्बरसम्म पद्मा अर्याल, खगराज अधिकारी, भानुभक्त ढकाल, यामलाल कँडेल, शेरधन राई, राजन भट्टराई र हिक्मत कार्की छन्।



चुनावी समीक्षा प्रतिवेदन बनाउन बादल संयोजक

अध्यक्ष ओलीले २१ फागुनमा सम्पन्न चुनावको समीक्षा प्रतिवेदन तयारीका लागि उपाध्यक्ष रामबहादुर थापा 'बादल'लाई संयोजक प्रस्ताव गरेका छन्। त्यस्तै, सदस्यहरूमा पृथ्वीसुब्बा गुरुङ, शंकर पोखरेल, छविलाल विश्वकर्मा, भानुभक्त ढकाल, प्रदीप ज्ञवाली र आठै प्रदेशका इन्चार्जहरू तोक्ने प्रस्ताव गरिएको छ। केन्द्रीय कार्यालयमा प्राप्त प्रतिवेदनका आधारमा अर्को प्रतिवेदन बनाउने जिम्मा कार्यदललाई दिइएको छ।

महासचिवको नेतृत्वमा ६ सदस्यीय केन्द्रीय कार्यालय टिम

ओलीले महासचिव शंकर पोखरेलको नेतृत्वमा ६ सदस्यीय केन्द्रीय कार्यालय टिम बनाउने प्रस्ताव गरेका छन्। जसअनुसार सदस्यहरूमा भानुभक्त ढकाल, राजन भट्टराई, सूर्य पाठक, भीष्म अधिकारी र नीरज आचार्यको नाम प्रस्ताव गरिएको छ।

ढकालको नेतृत्वमा ६ सदस्यीय संगठन विभाग

संगठन विभाग प्रमुख भानुभक्त ढकाल रहने गरी विभागमा ६ सदस्यहरू प्रस्ताव गरिएको छ। जसअनुसार पार्वत गुरुङ, विशाल भट्टराई, सुजिता शाक्य, तिलकुमार मेयाङ्वो र माधव ढुंगेललाई रहनेछन्।

पौडेलको नेतृत्वमा ६ सदस्यीय संविधान संशोधन कार्यदल

ओलीले उपाध्यक्ष विष्णु पौडेलको नेतृत्वमा टीकाराम भट्टराई, अग्निप्रसाद खरेल, जुलीकुमारी महतो, महेश बर्तौला, कृष्णभक्त पोखरेल सदस्य रहने गरी ६ सदस्यीय संविधान संशोधन कार्यदल बनाउन प्रस्ताव गरेका छन्।

ईश्वरलाई कमजोर विभाग, प्रदीपलाई विदेश, सुहाङ र सुनितालाई 'मिसन लोकल इलेक्सन'

एमालेले पूर्ववरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेललाई तुलनात्मक रूपमा सक्रिय भइरहनुनपर्ने कमजोर क्षेत्रको जिम्मेवारी प्रस्ताव गरेको छ। उनलाई पार्टीसम्बद्ध विभिन्न प्रतिष्ठान इन्चार्जको जिम्मेवारी प्रस्ताव गरिएको छ। पोखरेल ११औँ महाधिवेशनमा अध्यक्ष पदमा ओलीसँग पराजित भएका थिए। प्रायः पदाधिकारी तहका सिनियर नेताहरूले सम्हाल्ने विदेश विभाग प्रमुखमा पूर्वउपमहासचिव प्रदीप ज्ञवालीलाई प्रस्ताव गरिएको छ। उनी पूर्वपरराष्ट्रमन्त्री पनि हुन्। महासचिवको उम्मेदवारीमा ओलीले नपत्याएपछि पछिल्लो महाधिवेशनमा ज्ञवालीले केन्द्रीय सदस्यमा मात्र उम्मेदवारी दिएका थिए। अन्तिमसम्म उपाध्यक्षमा मनाउन कोसिस गरिए पनि ज्ञवाली तयार भएनन्। त्यस्तै, इलामबाट निर्वाचित युवा सांसद सुहाङ नेम्वाङलाई इलाममै र काठमाडौं महानगरकी कार्यवाहक मेयर सुनिता डंगोललाई काठमाडौंमै मिसन स्थानीय इलेक्सन संयोजनको जिम्मेवारी प्रस्ताव गरेको छ।

मीनबहादुरलाई धन्यवाद दिँदै बल्खुमै कार्यालय बनाउने प्रस्ताव

ओलीले पार्टीको पुरानो केन्द्रीय कार्यालयस्थल मदननगर बल्खुमै नयाँ केन्द्रीय कार्यालय भवन बनाउन प्रस्ताव गरेका छन्। सर्वोच्च अदालतको पछिल्लो फैसलाले नदीकिनार नजिकका जमिन प्रयोग गर्न सकिने फैसला गरेको र पार्टीले गठन गरेको अध्ययन समितिले पनि आफ्नै जमिनमा पार्टी कार्यालय भवन निर्माण गर्न सम्भव भएको प्रतिवेदन दिएको कारण जनाउँदै ओलीले बल्खुमै भवन बनाउन प्रस्ताव गरेका हुन्। यस्तै, कलंकीमा भवन निर्माणको प्रस्ताव गर्ने दाता मीनबहादुर गुरुङलाई धन्यवादसहित प्रस्ताव फिर्ता गर्ने ओलीले बैठकमा छलफलका लागि तयार पारेको प्रस्तावमा छ।

प्रहरीमा स्टाफ कलेजको दोस्रो ब्याच सुरु, तर नियमावली अझै बनेन

नयाँ पत्रिका

नेपाल प्रहरीमा पुलिस लिडरसिप एन्ड स्टाफ कोर्स (स्टाफ कलेज)को दोस्रो ब्याच सुरु हुँदा पनि यससम्बन्धी नियमावली भने अझै बन्न सकेको छैन। कानुन नबनाई स्टाफ कलेज सुरु गरिएकोमा प्रहरी अधिकारीले असन्तुष्टि व्यक्त गर्दै आएका छन्। संगठनलाई सक्षम भावी नेतृत्व तयार गर्ने उद्देश्यले गत वर्ष २१ वैशाखमा कोर्सको सुरुवात गरिएको थियो। गत २८ वैशाखमा प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले कार्यक्रमको दोस्रो ब्याचको उद्‌घाटन गरिसकेका छन्।

प्रहरी कानुनले नै नचिनेको कोर्स लागू गर्दा आफूहरूलाई असर पर्ने भन्दै केही प्रहरी अधिकारीले नै त्यसविरुद्ध रिट दिएका थिए। सो रिटमा सर्वोच्चले फैसला सुनाउँदै योग्यता प्रणालीमा आधारित भई कर्मचारीको वृत्ति विकास योजना बनाउनु सार्वजनिक प्रशासनको सुन्दर पक्ष भएको भन्दै कोर्स सञ्चालनकै पक्षमा फैसला गरेको थियो। यद्यपि, सर्वोच्चले कानुन नबनेसम्म कोर्सबापतको नम्बर बढुवा प्रणालीमा नराख्न निर्देशनात्मक आदेश दिएको छ।

स्टाफ कलेज नगरेका प्रहरी अधिकारीलाई एसएसपीभन्दा माथिल्लो तहमा बढुवा नगर्ने प्रहरीको नीति छ। यस्तो नीतिले आफूहरूको वृत्ति विकासमा असर पार्ने भन्दै प्रहरी अधिकारीले रिट दायर गरेका थिए। जुन रिट सर्वोच्चले गत १३ माघमा खारेज गरेको थियो। डिएसपीहरू रिपेन्द्र कुमार, प्रकाश जबेगू, दीपक पातली, टेकबहादुर रावत, जीवन निरौला, योगराज खतिवडा, रमेशकुमार श्रेष्ठ, विकास बम, पविन्द्रबहादुर वम्म, निर्मल पनेरू, भीषणबाबु राई, हीरेन्द्रबहादुर रोकाया, लक्ष्मी खनाल, सन्तोष



श्रेष्ठ, केशर न्यौपाने, अनमोल खड्का, ज्ञानबहादुर खड्का र मोहनजंग बुढथापा र राजकुमार सिंहले यसविरुद्ध रिट दायर गरेका थिए।

न्यायाधीशहरू डा. नहकुल सुवेदी र सुनीलकुमार पोखरेलको इजलासले गरेको फैसलामा भनिएको छ, 'लामो समयदेखि उक्त कार्यक्रमको आवश्यकताको सम्बन्धमा गहन अध्ययन, अनुसन्धान र विमर्श गरी कानुनमा प्रबन्ध गर्नुपर्ने जति व्यवस्था पछि कानुन बनाई गर्ने गरी हाल सञ्चालन कार्यविधि बनाई मूलतः संस्थाको क्षमता विकास र योग्यता प्रणालीको प्रवर्द्धनका लागि नै उक्त कार्यक्रम सञ्चालन गरेको देखियो।'

सर्वोच्चको फैसलापछि त्यसलाई समेत आधार बनाई प्रहरी प्रधान कार्यालयले नियमावली प्रक्रिया अघि बढाएको थियो। जुन हालसम्म प्रधानमन्त्री कार्यालयमा पुग्न सकेको छैन। गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेका अनुसार नियमावलीको मस्यौदामा हाल अर्थ र कानुन मन्त्रालयको राय लिने प्रक्रियामा छ। राय आएलगत्तै मन्त्रिपरिषद्मा पठाइने उनी बताउँछन्। नियमावली नबन्दा प्रहरीको स्टाफ कलेजले पनि वैधानिकता पाइसकेको छैन। हाल राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानअन्तर्गत स्टाफ कलेज स्थापना गरेर सञ्चालन भइरहेको छ।

यसको प्रवेश परीक्षा नै कठिन हुने भएकाले धेरै प्रहरी अधिकारी असन्तुष्ट छन्। प्रहरीको स्टाफ कलेजको पहिलो ब्याचमा १७ प्रहरी अधिकृत मात्र उत्तीर्ण भएका थिए। ०७० चैतमा भर्ना भएका प्रहरी निरीक्षक आधारभूत तालिमको १५८ तथा पिजी सातौँ ब्याचबाट स्टाफ कलेज लागू गर्ने निर्णय प्रहरीले गरेको थियो। सो ब्याचका १३१ जना प्रवेश परीक्षामा सहभागी भएकोमा १७ जना मात्र उत्तीर्ण भएका थिए। दोस्रो ब्याचमा १६ जना उत्तीर्ण भएका छन्। ४० जनासम्मको कोर्स गराउने सक्ने लक्ष्य भए पनि न्यून मात्र उत्तीर्ण भएका छन्। एक ब्याचका अधिकृतले बढीमा तीनपटकसम्म प्रवेश परीक्षामा सहभागी हुन पाउनेछन्।

नेपाल प्रहरीमा स्टाफ कलेज सुरु गर्न लामो समयदेखि गृहकार्य हुँदै आएकोमा गत वर्षबाट अघि बढेको हो। यो कोर्स १४ महिनाको हुनेछ। त्यसमध्ये १२ महिना आवासीय र दुई महिना थेसिसका लागि छुट्याइएको छ। प्रहरीमा २० वर्षदेखि नै स्टाफ कलेज लागू गर्नेबारे छलफल हुँदै आएको थियो। ०७५ देखि त बजेट नै विनियोजन हुँदै आएकोमा प्रहरी नेतृत्वको अनिच्छाका कारण सुरु हुन सकेको थिएन। यो कोर्सले प्रहरी नेतृत्वमा क्षमतावान् अधिकृतलाई पुर्‍याइने आकलन गरिएको छ। नेपाली सेना र सशस्त्र प्रहरी बलमा पहिलेदेखि नै यो कोर्स लागू भइसकेको छ।

एमालेले...

पृष्ठ १ बाट क्रमशः

७० लाख फिर्ता भएको छ। छानबिन टुंग्याएर अभियोजन अगाडि बढाउनुअघि नै रकम फिर्ता गराएर कारबाही रोक्ने अख्तियारकै योजनाअनुसार रकम फिर्ता गरेको स्रोतको दाबी छ।

तर, दुरुपयोग गरेको रकम फिर्ता गरेकै आधारमा उन्मुक्ति दिइए गलत हुने पूर्वमुख्यसचिव विमल कोइराला बताउँछन्। तर, रकम फिर्ता गरेका आधारमा कारबाही कमजोर गर्ने वा उन्मुक्ति दिने अख्तियारको विगतको नजिर भएकाले आशंका रहेको उनले बताए। 'बालुवाटार जग्गा प्रकरणमा विष्णु पौडेल र कुमार रेग्मीलाई जग्गा फिर्ता गराएर मुद्दा नचलाउने निर्णय गरियो,' उनले भने, 'अख्तियारले पहिले गरेको यस्तो निर्णयकै आधारमा मुद्दामा क्षमा गर्‍यो भने गलत हुन जान्छ। रकम फिर्ता गरेकै आधारमा उन्मुक्ति दिनुहुँदैन।'

वैदेशिक उपचारमा भिभिआइपीका लागि राज्यकोषबाट रकम निकासा हुन थालेपछि दुरुपयोग रोक्न २ असोज ०७५ देखि जनस्वास्थ्य ऐन, २०७५ कार्यान्वयनमा ल्याइएको थियो। उक्त ऐनको दफा ३० मा 'वैदेशिक उपचारबापत खर्च उपलब्ध नहुने' शीर्षकमा उल्लेख छ, 'प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए पनि कुनै व्यक्तिलाई विदेशमा उपचार गर्नुपर्ने भएमा सोको लागि लाग्ने खर्च नेपाल सरकारबाट उपलब्ध गराइनेछैन।' तर, कानुनको बर्खिलाप गर्दै तत्कालीन प्रधानमन्त्री ओलीको पालामा उनीसहित तीन विशिष्टले पटक-पटक विदेशमा उपचार गराउँदा राज्यकोषबाट खर्च निकासा गरिएको थियो। त्यसविरुद्ध उजुरी परेपछि अख्तियारले छानबिन थालेको थियो।

पूर्वमुख्यसचिव कोइराला पनि विदेशमा उपचार गर्दा लागेको खर्च सरकारले दिन नहुने बताउँछन्। तर, राष्ट्रिय जीवनमा महत्त्वपूर्ण योगदान दिएका वा कुनै विशिष्ट पदाधिकारीको विदेशमा उपचार नगराएकै कारण ज्यान जाने अवस्था छ भने राज्यले हेर्नुपर्ने उनको बुझाइ छ। भिभिआइपीको हकमा निकासा भएको रकम नीतिगत हो-होइन व्याख्या गरेर अख्तियार अघि बढ्न सक्ने उनी बताउँछन्।

'तथ्य प्रमाणका आधारमा नीतिगत र गैरनीतिगतको व्याख्या गरेर अख्तियार अघि बढ्न सक्छ। पछि अदालतले निर्क्योल गरिहाल्छ,' उनले भने, 'अन्तिम फैसलाकर्ता त अदालत हो।'

एमालेले भने वैदेशिक उपचार खर्च राज्यकोषमा फिर्ता गरेको विषयमा औपचारिक जानकारी गराएको छैन। एमाले सचिव पद्मा अर्यालले शुक्रबारको बैठकमा अध्यक्ष ओलीले जानकारी गराउन सक्ने संकेत गरेकी छिन्।

'उपचार खर्चबारे पार्टीमा छलफल भएको छैन। तर, कतिपय सवालहरूमा बैठकमा छलफल नभए पनि अत्यावश्यक कामकुरा भइसकेपछि मात्रै औपचारिक जानकारी हुन्छ,' उनले भनिन्, 'केही भएको रहेछ भने शुक्रबारको बैठकमा अध्यक्षले औपचारिक जानकारी गराउन सक्नुहुन्छ।'

अर्यालले विशिष्टहरूको उपचार खर्च राज्यकोषबाट एमाले नेतृत्वको सरकारका पालामा मात्रै व्यहोर्ने निर्णय नभएको पनि बताइन्। 'बहुदलीय व्यवस्थापछिका हरेक सरकार, बहुदलअघिका सबै सरकारले मन्त्रिपरिषद्बाट भिआइपी, देशलाई योगदान पुर्‍याउने व्यक्ति, गरिब अशक्तहरूको उपचार खर्चबारे निर्णय गर्ने गरेका छन्। तर, अहिले मानौँ यो देशको इतिहासमा केपी ओलीको पालामा मात्र मन्त्रिपरिषद्बाट निर्णय भएजसरी तारो बनाउन खोजेर बदनाम गर्न खोजेको अनुभूति हाम्रो पार्टीलाई भइरहेको छ,' उनले भनिन्, 'त्यसैले उहाँले अरू सरकारको पालामा ज-जसले जे, जस्ता, जति उपचार खर्चको निर्णय गरे पनि आफूलाई मात्र तारो बनाएर सरकारले विभिन्न निकायलाई दबाब दिएर प्रहार गर्न खोजेकोले आफ्नो पालामा भएका निर्णयहरू एमालेको सवालमा मात्र होइन, अरू पार्टीका नेताहरूले लिएको रकम पनि सकारात्मक सोचले जवाफदेहिता लिँदै दाखिला गरेको हुन सक्छ।'

छानबिनका क्रममा अख्तियारले गत वर्ष कात्तिकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसँग विशिष्टहरूले वैदेशिक उपचारमा राज्यकोषबाट गरेको खर्चको विवरण मागेको थियो। तत्कालीन मुख्यसचिव एकनारायण अर्यालले यसबारे प्रतिवेदन तयार गर्न प्रधानमन्त्री कार्यालयका सहसचिवको संयोजकत्वमा गृह र स्वास्थ्य मन्त्रालयका प्रतिनिधि रहेको समिति नै गठन गरेका थिए। समितिले जनस्वास्थ्य ऐन, २०७५ को दफा ३० को व्यवस्था किटान गरेर विदेशमा उपचार खर्चबापतको रकम दिनु गलत भएको आसयसहितको राय दिएको थियो। ऐन जारी भएपछि विदेशमा गराएको उपचार खर्चको भुक्तानी सरकारले दिनु गलत भएको निष्कर्ष सरकारले दिएको थियो।

उच्चपदस्थ राजनीतिक पदाधिकारीहरूले विदेशमा महँगो उपचार गराएर त्यसबापतको करोडौँ रकम राज्यले भुक्तानी गर्ने विषय लामो समयदेखि आलोचित छ। स्वदेशमा उपलब्ध भएका स्वास्थ्योपचारलाई उपेक्षा गरेर सामान्य अवस्थामा पनि विदेश जाने र त्यसबापत राज्यकोषमा करोडौँ व्ययभार बढाउने प्रवृत्ति विगतदेखि विकास हुँदै आएको छ।

उपचार खर्चबारे कानुनी जटिलता

अख्तियारको दृष्टिबाट विशिष्ट पदाधिकारीलाई विदेशमा उपचार गराउँदा दिएको भुक्तानीको विषयमा अभियोजनलगायतको कारबाही अघि बढाउन कानुनी जटिलता छ। जनस्वास्थ्य ऐनले विदेशमा उपचार गरेको खर्च सरकारले नव्यहोर्ने स्पष्ट व्यवस्था गरे पनि विषयगत कानुनका अन्य व्यवस्थाले अलग्गै व्याख्या गरेको छ।

राष्ट्रपतिलाई सरकारले उपलब्ध गराउने सेवा-सुविधाबारे अलग्गै ऐन छ। 'राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा सुविधासम्बन्धी ऐन, २०७४' मौजुद छ। उक्त ऐनको दफा ९ मा उपचार खर्चसम्बन्धी व्यवस्था छ। उक्त दफाको उपदफा १ मा भनिएको छ, 'राष्ट्रपति र उपराष्ट्रपति स्वदेशमा अस्पताल भर्ना भई उपचार गराउँदा वा नेपालमा उपचार हुन नसक्ने भई मेडिकल बोर्डको सिफारिसमा विदेशमा गई उपचार गराउँदा लागेको उपचार खर्च नेपाल सरकारले व्यहोर्नेछ।' त्यस्तै, उपदफा २ मा 'राष्ट्रपति वा उपराष्ट्रपति अस्पताल भर्ना भई उपचार गराउँदा कुरुवा बस्नुपर्ने भएमा कुरुवा खर्चबापत तीनजनासम्मको मनासिव खर्च नेपाल सरकारले उपलब्ध गराउने' र उपदफा ३ मा 'उपचार खर्चबापतको रकम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले राष्ट्रपति वा उपराष्ट्रपति भर्ना भएको अस्पताललाई भुक्तानी गर्नेछ' भन्ने व्यवस्था छ।

यो व्यवस्थाले राष्ट्रपति वा उपराष्ट्रपतिको विदेशमा उपचारबारे व्यवस्था गर्दै त्यसको खर्च सरकारले व्यहोर्ने स्पष्ट पारेको छ। यद्यपि, विदेशमा उपचार गर्न नेपालमा उपचार हुन नसक्ने मेडिकल बोर्डको सिफारिसलाई अनिवार्य गरेको छ। विदेशमा उपचार सुविधा लिएका विशिष्ट पदाधिकारीको हकमा यस्तो सिफारिस भए-नभएको यकिन छैन।

त्यस्तै, मन्त्रीहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐन, २०४९ मा प्रधानमन्त्री र मन्त्रीहरूको उपचार खर्चबारे व्यवस्था छ। पछिल्लोपटक १४ साउन ०८२ मा संशोधन भएको उक्त ऐनको दफा १२ मा उपचार खर्चबारेको व्यवस्था छ। त्यसको उपदफा १ मा मन्त्रीहरूलाई सामूहिक रूपमा नेपाल सरकारले तोकेको एक चिकित्सकको सेवा उपलब्ध गराइने व्यवस्था छ। त्यसको उपदफा २ मा 'अस्पतालमा भर्ना भई औषधि उपचार गर्नुपर्ने भनी तोकिएको चिकित्सकले सिफारिस गरेको मन्त्रीले अस्पतालमा भर्ना भई औषधि उपचार गराएमा त्यसरी उपचार गराउँदा लागेको प्रेस्क्रिप्सन तथा बिलबमोजिमको सम्पूर्ण खर्च नेपाल सरकारले व्यहोर्ने उल्लेख छ। उपदफा ३ मा भनिएको छ, 'मन्त्रीहरूले विदेशमा गएर उपचार गराउनुपरेमा नेपाल सरकारले तोकेको उपचार खर्च पाउनेछन्।' यो ऐनमा मन्त्रीको परिभाषाले प्रधानमन्त्रीलाई समेत समेटेको छ। ऐनले विदेशमा उपचार गराउने अवस्थामा सरकारले खर्च व्यहोर्ने भनेको छ।

जनस्वास्थ्य ऐनले विदेशमा गरेको उपचार खर्च सरकारले नव्यहोर्ने भने पनि विशिष्टकृत ऐनले विशिष्ट पदाधिकारीलाई विदेशमा उपचार गराउन सकिनेबारे व्यवस्थाका कारण कारबाहीमा जटिलता उत्पन्न भएको अख्तियार स्रोत बताउँछ। 'जनस्वास्थ्य ऐनमा विदेशमा गरेको उपचार खर्च सरकारले नव्यहोर्ने भन्यो, तर, विशिष्टकृत ऐनमा विदेशमा उपचार गराउन पाउने र त्यसको खर्च सरकारले व्यहोर्ने विषय जीवितै छ। कि जनस्वास्थ्य ऐनसँगै विशिष्टकृत ऐन पनि संशोधन गरेको हुनुपर्थ्यो,' अख्तियारका एक अधिकारीले भने, 'यसले अख्तियारलाई कारबाहीमा अघि बढ्न जटिलता भयो।'

मन्त्रिपरिषद्को निर्णयमाथि कारबाहीमा 'नीतिगत'को बाधा

विशिष्ट पदाधिकारीलाई विदेशमा उपचार गराउँदाको रकम भुक्तानीमा मन्त्रिपरिषद्बाट निर्णय भएको छ। अख्तियारले आधार मान्ने विद्यमान कानुनले मन्त्रिपरिषद्को निर्णयमा कारबाही गर्न जटिलता छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ मा आयोगको क्षेत्राधिकारसम्बन्धी व्यवस्था छ। उक्त ऐनको दफा ४ को (ख) मा उल्लेख छ, '...मन्त्रिपरिषद् वा त्यसको कुनै समितिले सामूहिक रूपमा गरेको कुनै नीतिगत निर्णय र अदालतको न्यायिक कामकारबाहीका सम्बन्धमा आयोगले यस ऐनअन्तर्गत अनुसन्धान र तहकिकात तथा तत्सम्बन्धी कुनै कारबाही गर्नेछैन।'

यद्यपि, आजसम्म पनि मन्त्रिपरिषद्को नीतिगत निर्णय के हो भन्ने स्पष्ट छैन। जसका कारण मन्त्रिपरिषद्बाट हुने सबै निर्णयलाई नीतिगतको ट्याग लगाउने गरिएको छ। यही आधारमा मन्त्रिपरिषद्बाट भएको स्वार्थ तथा भ्रष्टाचारका विषय अख्तियारको छानबिनमा तगारो बन्दै आएको छ। नीतिगत निर्णयको स्पष्ट परिभाषाको माग अख्तियारले वर्षौँदेखि गर्दै आएको छ।

उपचार खर्चसम्बन्धी निर्णय पनि मन्त्रिपरिषद्बाट भएका कारण त्यसमा कसरी कारबाही गर्ने भन्ने जटिलता उत्पन्न भएको अख्तियार स्रोतले बतायो। 'अहिलेकै अवस्थामा नीतिगत निर्णय होइन भनेर अख्तियारले परिभाषित गरेर अघि बढ्न सक्ने अवस्था र सुविधा छैन,' अख्तियारका एक अधिकारीले भने, 'जबसम्म नीतिगतको स्पष्ट परिभाषा हुँदैन तबसम्म मन्त्रिपरिषद्मा छिर्न अख्तियारलाई अप्ठ्यारो छ।'

यसअघि अख्तियारले पतञ्जली जग्गासम्बन्धी भ्रष्टाचार मुद्दामा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाललाई प्रतिवादी बनाएको थियो। तर, त्यससम्बन्धी निर्णयमा नेपालले प्रधानमन्त्रीका रूपमा स्पष्ट तोक आदेश गरेका कारण उनलाई प्रतिवादी बनाइएको अख्तियारको दाबी छ।

सर्वोच्चमा...

पृष्ठ १ बाट क्रमशः

गरी प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउनेछु,' मंगलबार पदभार ग्रहण गर्दै उनले भनेका थिए। न्यायपालिकाप्रति आमनागरिकको विश्वास आर्जन गर्न आफूले गर्ने कार्यमा सबैको सहयोगको अपेक्षा रहेको उनको भनाइ छ।

शर्माले फैसला कार्यान्वयनको विषय थप सुदृढ, प्रभावकारी र परिणाममुखी बनाउने दिशामा आवश्यक पहल गर्नेसमेत बताए। अदालतको सेवा प्रवाहलाई छिटो-छरितो बनाउन आवश्यक कानुन परिमार्जन र कार्यविधिको सरलीकरण गर्न अध्ययनका लागि समिति गठन गर्ने उनले घोषणा गरे। उनले सेवाग्राहीको सहजताका लागि सबै अदालतहरूमा हेल्पलाइन डेस्कको व्यवस्थापन चुस्त बनाउने जनाए।

कोशीदेखि...

पृष्ठ १ बाट क्रमशः

जल तथा मौसम विज्ञान विभागका वरिष्ठ मौसमविद् बरुण पौडेलले पोखरा क्षेत्रमा बादल लागेर त्यहाँदेखि पूर्वी क्षेत्रमा पानी परे पनि पश्चिममा सुक्खा रहेको बताए। 'प्रि-मनसुन अघिल्लो साताजस्तो देशभर सक्रिय छैन। खण्डित वर्षा भइरहेको छ,' उनले भने, 'पश्चिम लुम्बिनीसहितका पश्चिम क्षेत्रमा अझै आइतबारसम्म गर्मी नै हुने देखिन्छ।' यसबाहेक पूर्वी भूभाग नजिक रहेको न्यूनचापीय क्षेत्रको प्रभावले पनि पानी परिरहेको हो।

विभागका अनुसार शुक्रबार र शनिबार पनि गण्डकीदेखि पूर्वी क्षेत्रमा वर्षाको सम्भावना छ। तर, लुम्बिनी र सुदूरपश्चिमका तराई क्षेत्रमा भने तातो हावा चल्नेछ।

वर्षाले पूर्वी तराई र उपत्यका क्षेत्रमा राहत भएको छ। तापक्रम निरन्तर उकालो लागिरहेका वेला बिहीबार कोशी, बागमती र गण्डकीमा पानी परेको हो। पश्चिम मधेशमा भने ठुलो पानी नपरे पनि बादल लाग्दा केही राहत भएको छ।

जल तथा मौसम विज्ञान विभागका अनुसार बिहीबार विराटनगरमा ३७, संखुवासभाको चैनपुरमा ६२.६, सिराहामा ३६.२, सिन्धुपाल्चोकको गोब्रेमा ८३.२, काठमाडौंको कपनमा ३६.२, गोरखामा ४८.४, चितवनको खैरहनीमा ६०.२ र पोखरामा ५५.६ मिलिमिटर पानी परेको छ।

नेपालगन्ज, धनगढी र दिपायलमा तापक्रम उच्च

पश्चिममा नेपालगन्ज, धनगढी र दिपायललगायत क्षेत्रमा बिहीबार तापक्रम उच्च मापन भएको छ। ती क्षेत्रमा पानी परेको छैन। जल तथा मौसम विज्ञान विभागका अनुसार नेपालगन्जको अधिकतम तापक्रम ४१.५ र न्यूनतम २८ डिग्री सेल्सियस मापन भएको छ। त्यस्तै, धनगढीमा अधिकतम ४१.३ र न्यूनतम २५.८ तथा दिपायलमा अधिकतम ४१.४ र न्यूनतम २१.४ डिग्री सेल्सियस मापन भएको छ। तुलनात्मक रूपमा कम गर्मी हुने डडेल्धुराको तापक्रम पनि ३०.८ डिग्री सेल्सियस पुगेको छ। त्यस्तै, सुर्खेतको वीरेन्द्रनगरमा ३८.२, दाङको घोराहीमा ३६.७, भैरहवामा ३८.५ र सिमरामा ३४.२ डिग्री सेल्सियस मापन भएको छ।

चार दिनमा...

पृष्ठ १ बाट क्रमशः

गोरखा सहकारीका ७१ जनाले बचत रकम फिर्ता पाएका छन्। उनीहरू उक्त सहकारीमा १० हजार रुपैयाँभन्दा कम बचत गर्ने बचतकर्ता हुन्।

समितिका सदस्यसचिव रविन ढकालले बचत फिर्ता पाउनेहरू सम्बन्धित सहकारीमा १० हजारभन्दा कम गर्नेहरू रहेको बताए। '४ जेठदेखि बचतकर्ताको रकम फिर्ता गर्न सुरु गरेका हौँ। यस अवधिमा ७६१ बचतकर्ताको ३२ लाख ८६ हजार रुपैयाँ बचत रकम फिर्ता गरिएको छ,' उनले भने, 'बचत रकम फिर्ता पाउने उहाँहरू सम्बन्धित सहकारीको १० हजार रुपैयाँभन्दा कम बचत गर्ने बचतकर्ता हो। अन्यको पनि क्रमशः रकम फिर्ता गर्ने तयारी भइरहेको छ।'

समितिको तथ्यांकअनुसार संघअन्तर्गत मुलुकभर २३ सहकारी समस्याग्रस्त घोषणा भएका छन्। त्यसमा आइडल यमुना हाम्रो बहुउद्देश्यीयबाहेक २२ सहकारीमा ५८ हजार २८८ बचतकर्ता पीडित छन्। उनीहरूको ३५ अर्ब ४५ करोड ३१ लाख ६० हजार ९०६ रुपैयाँ फिर्ता गर्न बाँकी छ।

बचतकर्ताको रकम फिर्ता गर्न चक्रीय कोष स्थापना गर्ने निर्णय गरेको सरकारले सञ्चालनका लागि चक्रीय कोष स्थापना तथा सञ्चालनसम्बन्धी कार्यविधि, २०८३ समेत जारी गरिसकेको छ। सोही कार्यविधिअनुसार बचतकर्ताको रकम फिर्ता भइरहेको छ। कोषमा सरकारले पहिलो चरणमा २५ करोड रुपैयाँ निकासा गरिसकेको छ। तर, त्यो रकम अझै पनि समितिको खातामा आइसकेको छैन। समितिले कोषमा जम्मा भएको सोही रकमबाट बचतकर्ताको रकम फिर्ता गर्न सुरु गर्नेछ। बाँकी ऋणीबाट ऋण असुल्दै दिनेछ।

बचतकर्ताको रकम फिर्तासँगै समितिले ऋण उठाउने कार्य पनि थालेको छ। तथ्यांकअनुसार समस्याग्रस्त २२ सहकारीका १३ हजार ७५ ऋणीबाट २३ अर्ब ६२ करोड ९६ लाख ५८ हजार ७९४ ऋण उठाउन बाँकी छ। ऋण भुक्तानीका लागि समितिले मंगलबार नै सूचना निकालेको छ। ऋण भुक्तानी नगर्ने ऋणीको धारा, बिजुली, सिफारिसजस्ता सार्वजनिक सेवा बन्द गर्ने भनिएको छ। त्यसबाहेक उनीहरूको नाम कालोसूचीमा चढाई सार्वजनिक गरिनेछ। सम्पत्ति लिलाम हुनेछ र कैद एवं जरिवानासमेत तोकिनेछ।

यसरी असुल गरिएको ऋण कोषमा दाखिला गरिनेछ। त्यसबाहेक ठगीमा संलग्न सहकारीका सञ्चालक, कर्मचारी, बोर्ड सदस्यबाट रकम असुल गरिनेछ। त्यसमध्ये केही रकम सरकारलाई शोधभर्ना गरिनेछ भने बाँकी रकम बचतकर्तालाई फिर्ता गरिनेछ। समितिका अनुसार सम्बन्धित सहकारीबाट उठेको रकम सोही सहकारीको बचतकर्तालाई फिर्ता गरिनेछ।

बचतकर्ताको रकम फिर्ता गर्न संस्थाको सम्पत्ति, बचत, कर्जा वा सेयर रकम अपचलन वा हिनामिनामा संलग्न सञ्चालक, लेखा समिति, व्यवस्थापक, ऋण उपसमितिबाट असुल गरिएको रकम अपुग भए अपचलनमा संलग्न परिवारका सदस्यको सम्पत्ति रोक्का गरिनेछ। सम्बन्धविच्छेद वा अंशबन्डा गरिएको भए त्यस्ता सम्पत्तिको खोजी गरिनेछ। र, सोही सम्पत्ति बिक्रीपछि प्राप्त रकमबाट बचतकर्ताको बचत रकम फिर्ता गरिनेछ। साथै, रकम फिर्ता गर्नुअघि सरकारले प्रत्येक बचतकर्ताको लगत संकलन गर्नेछ। उनीहरूले लिएको ऋण र बचत गरेको रकम यकिन गर्नेछ। लिएको ऋण र बचत रकमको सन्तुलन जाँच गर्नेछ। ऋण चुक्ता नभए बचत रकम फिर्ता गर्नेछैन।

बचतकर्ताको रकम फिर्ता गर्नुअघि समस्याग्रस्त सहकारीको सञ्चालक, व्यवस्थापक, लेखा समिति, ऋण उपसमिति र अन्य जिम्मेवार व्यक्ति र निजहरूको एकाघर परिवारका बचतकर्ता सदस्यको बैंक खाता रोक्का गर्नेछ। अदालतमा विचाराधीन भएको मुद्दासँग सम्बन्धित बचतकर्ताको रकम भने सम्बन्धित अदालतको अन्तिम फैसला नभएसम्म फिर्ता हुनेछैन।

पीडितको बचत रकम फिर्ता गर्न सरकारले आठ वर्षअघि समस्याग्रस्त सहकारी व्यवस्थापन समिति गठन गरेको थियो। यस अवधिमा समितिले ३३४ ऋणीबाट १० करोड दुई लाख २५ हजार ९३७ रुपैयाँ मात्रै असुल गर्न सकेको छ। केही रकम ठगीमा संलग्न हुनेबाट पनि असुल गरिएको छ। सबै गरी हालसम्म एक हजार २९९ बचतकर्तालाई ८३ करोड ६५ लाख २० हजार ८७४ रुपैयाँ फिर्ता गरिएको छ।

प्रधानमन्त्री खोज्दै सदनमा विपक्षीको अवरोध

उपयुक्त समयमा उपस्थित हुने प्रधानमन्त्री बालेनको जवाफ, विपक्षीको नाराबाजीबिच समामुखले चलाए सदन

● **ऐन महर**, प्रमुख सचेतक, एमाले



प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम अनदेखा गरेर सदन अगाडि बढ्न खोजेको छ। जसले प्रधानमन्त्रीलाई थप स्वेच्छाचारी, निरंकुशताको बाटोमा हिँड्न उत्प्रेरित गरेको छ। प्रधानमन्त्रीलाई उपस्थित गराइयोस्। नियम ५६ कार्यान्वयन गरियोस्। यो नगरीकन सदन अगाडि बढ्न सक्दैन।

● **युवराज दुलाल**, प्रमुख सचेतक, नेकपा



संविधान र नियमहरू मिचिँदा यसलाई अनदेखा गरेर कसरी अगाडि बढ्न सकिन्छ ? सरकारलाई सजिलो हुने गरी नियमावली लागू गरेर जाने, झेक्ने कुरालाई लागू नगरीकन जाने, हामीले यही शिक्षा लिएको हो ? संविधानप्रति प्रतिबद्ध रहने भनेको यही हो ? यसरी जान सकिँदैन।

● **आरेन राई**, प्रमुख सचेतक, श्रम संस्कृति



प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर महिनाको पहिलो हप्ता गर्ने भनिएको छ। आज सात दिन गइसकेको छ। प्रधानमन्त्री आउने केही चाइँचुइँ छैन। त्यसैले जनताको दुःखको पोका बोकेर आएका छौँ। प्रधानमन्त्रीलाई सुनिदिनका निम्ति सभामुखले रुलिङ गरेर बोलाइदिन अनुरोध गर्न चाहन्छु।

कमलराज भट्ट/नयाँ पत्रिका

प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)को उपस्थिति र जवाफ खोज्दै विपक्षी दलहरूले संसद्मा निरन्तर अवरोध गरिरहेका छन्। बिहीबार कांग्रेसबाहेक एमाले, नेकपा, श्रम संस्कृति र राप्रपाले संयुक्त रूपमा सदनको वेल घेराउ र नाराबाजी गरेका छन्। संयुक्त रूपमा वेल घेराउ गरेको चुनावपछिको संसद्मा यो पहिलोपटक हो।

एकल रूपमा भने ४ जेठको बैठकमा श्रम संस्कृतिका सांसदले प्लेकार्ड प्रदर्शन गर्दै वेल घेराउ गरेका थिए। बिहीबार बिहान ११ बजे बसेको बैठकमा आकस्मिक, शून्य र विशेष समयपछि सभामुख डोलप्रसाद अर्यालले सदनलाई कार्यसूचीमा अगाडि बढाउँदा खोज्दा एमाले, नेकपा, श्रम संस्कृति र राप्रपा सांसदले उठेर विरोध गरेका थिए। उनीहरूले नीति तथा कार्यक्रमदेखि नै प्रधानमन्त्रीले सदनलाई छलेर जनताको मतलाई अपमान गरेको उल्लेख गर्दै प्रतिनिधिसभा नियमावलीको नियम ५६ मा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम अनदेखा गरेर अगाडि बढ्न नसक्ने माग राखे। उठेर अवरोध गरिरहेपछि सभामुख अर्यालले १५ मिनेटका लागि बैठक स्थगित गरे।

सदनमा उत्पन्न गतिरोधको जानकारी गराउन र प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम सञ्चालनका लागि समय माग्न सभामुख अर्याल प्रधानमन्त्री शाहलाई भेट्न मन्त्रिपरिषद्को कार्यालय पुगे। प्रधानमन्त्री शाहसँग भेटेर गतिरोधबारे जानकारी गराए। प्रधानमन्त्री शाहले आफू अहिले नै सदन आउन कार्यव्यस्तताले नभ्याउने र आगामी दिनमा उपयुक्त समयमा आउने जवाफ दिए। त्यही सन्देश लिएर सभामुख अर्याल फर्किए। उनले कार्यव्यवस्था परामर्श समितिमा प्रधानमन्त्रीसँगको भेटबारे ब्रिफिङ गरे। समितिका एक सदस्यका अनुसार प्रधानमन्त्रीको भनाइ उद्धृत गर्दै सभामुखले समितिमा दलका सचेतकहरूलाई भने, 'प्रधानमन्त्रीज्यूले सदन आउने नै हो, नआउने कुरै छैन, मिलाएर उपयुक्त समयमा आउँछु भन्नुभयो। यो दिनमा आउँछु भनेर मिति तोक्नुभएन।'

यद्यपि, प्रधानमन्त्रीले प्रक्रिया मिलाएर तयारीका साथ आउने प्रतिबद्धता जनाएको भन्दै सभामुख अर्यालले रोकिएको कार्यसूची अगाडि बढाउन दलका सचेतकहरूलाई अनुरोध गरे। 'प्रधानमन्त्रीज्यूले आउँछु भन्नुभएको छ, अहिले हामीसँग समय छैन, ढिलो गर्दा बजेटको छलफल प्रभावित हुन्छ। त्यसैले सभा चलाऔँ, प्रधानमन्त्री आउनुहुन्छ, हामी आफ्नो जिम्मेवारी पूरा गरौँ,' उनले भने। तर, विपक्षी दलहरूले प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम सञ्चालनको मिति नतोकिएसम्म अवरोध कायमै राख्ने अडान लिए। सहमति नभएपछि बजेटको कार्यचापका कारण भन्दै सभामुख अर्यालले दोस्रो बैठक पेलेरै चलाए।

रास्वपा सभापति रवि लामिछानेले पनि प्रधानमन्त्री छिट्टै सदनमा आउने बताए। 'प्रधानमन्त्रीज्यू आउनुहुन्छ। नआउने भन्ने कुरै छैन। आएपछि तपाईंहरूले थाहा पाइहाल्नुहुन्छ,' उनले भने, 'प्रधानमन्त्री संसद्मा नआउँदा ममाथि त्यस्तो दबाब छैन। म दबाबमा बस्ने मान्छे पनि होइन। त्यस्तो दबाब छैन। कहिलेकाहीँ प्रक्रिया र अभ्यासहरू हुँदै जाने कुरा हुन्छन्। काम महत्त्वपूर्ण हो, रिजल्टको कुरा हो। सरकारले आफ्नो काम गरिरहेको छ। कामको रिजल्ट आउँदै छ।'

विपक्षी दलका नेताहरू भने महिनाको पहिलो साता प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम सञ्चालन गर्नुपर्ने नियमावलीको व्यवस्था रहेको भन्दै तत्कालै मिति तोक्नुपर्ने अडानमा छन्। एमाले प्रमुख सचेतक ऐन महरले भने, 'प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम अनदेखा गरेर सदन अगाडि बढ्न खोजेको छ। जसले प्रधानमन्त्रीलाई थप स्वेच्छाचारी, निरंकुशताको बाटोमा हिँड्न उत्प्रेरित गरेको छ। महिनाको पहिलो साता कार्यक्रम गरिसक्नुपर्ने नियमावलीमा भनिएको छ। आज सात दिन भइसक्यो। प्रधानमन्त्रीको अत्तोपत्तो छैन। प्रधानमन्त्रीलाई उपस्थित गराइयोस्। नियम ५६ कार्यान्वयन गरियोस्। यो नगरीकन सदन अगाडि बढ्न सक्दैन।'

नेकपा प्रमुख सचेतक युवराज दुलालले नियमावली र संविधान पालना गर्न सभामुखको ध्यानाकर्षण गराए। 'नेपालको संविधानप्रति प्रतिबद्ध रहने भनेर शपथ खायौँ। धारा ७६ (१०) मा प्रधानमन्त्री र मन्त्री संसद् प्रति उत्तरदायी हुने भनिएको छ। नियमावलीको नियम ५६ मा हरेक महिना प्रश्नोत्तर गर्ने, प्रधानमन्त्रीले जवाफ दिने स्पष्ट उल्लेख छ। यसरी संविधान र नियमहरू मिचिँदा यसलाई अनदेखा गरेर कसरी अगाडि बढ्न सकिन्छ ? सरकारलाई सजिलो हुने गरी नियमावली लागू गरेर जाने, झेक्ने कुरालाई लागू नगरीकन जाने, हामीले यही शिक्षा लिएको हो ? संविधानप्रति प्रतिबद्ध रहने भनेको यही हो ? यसरी जान सकिँदैन। नियमावली संविधान पालना होस्,' उनले भने।

श्रम संस्कृतिका आरेन राईले सभामुखले रुलिङ गरेर प्रधानमन्त्रीलाई बोलाउनैपर्ने बताए। 'नीति तथा कार्यक्रममा प्रधानमन्त्री नआउँदा नियमावलीको नियम ३८ हेरेको-हेर्न्यै गरियो। हामीले जनताको कुरा यहाँ ल्याउँछौँ, प्रधानमन्त्रीले सुनिदिनुपऱ्यो भनेको हो। छल्दै, पेल्दै अगाडि बढियो,' उनले भने।

राप्रपा प्रमुख सचेतक खुश्बु ओलीले पनि रुलिङको माग गरिन्। 'प्रधानमन्त्रीलाई प्रतिपक्षीले मात्र होइन, सत्तापक्षले पनि सोध्न पाउँछन्। प्रश्न सोध्नु भनेको समाधान निकाल्न खोज्नु हो। प्रधानमन्त्रीको गाम्भीर्यता हामीले खोजेको हो। नियमावलीको लेखिएको कुरा, प्रधानमन्त्री महिनाको एकपटक आउनुपर्ने, १५ जनाको जवाफ दिनुपर्ने कुरालाई अस्वाभाविक मान्नुहुँदैन। सभामुखबाट निर्धारण गर्नेछ भनिएको छ,' उनले भनिन्।

■ विपक्षीको नाराबाजीबिच विधेयक पारित



प्रधानमन्त्री सदनमा उपस्थित हुनुपर्ने भन्दै बिहीबार एमाले, नेकपा, श्रम संस्कृति र राप्रपाका सांसदहरू नाराबाजी गर्दै। तस्बिर : अमुल थापा/नयाँ पत्रिका

विपक्षी दलहरूको अवरोधबिच दोस्रो बैठक चलाएका सभामुख डिपी अर्यालले पेलेरै विधेयक पारित गर्न लगाए। यसअघि उनले नीति तथा कार्यक्रमसमेत विपक्षीको अवरोधबिच पारित गराएका थिए। बिहीबार दोस्रो बैठकको सुरुवातमा सभामुख अर्यालले प्रधानमन्त्रीका तर्फबाट विभिन्न विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव पेस गर्न कानुनमन्त्री सोविता गौतमलाई समय दिए। विपक्षी एमाले, नेकपा, श्रम संस्कृति र राप्रपाका सांसद उठेर सभामुखको आसनतर्फ अघि बढ्दै वेल घेराउ गरे। अवरोधबिच प्रधानमन्त्रीका तर्फबाट कानुनमन्त्री सोविता गौतमले प्रतिनिधिसभा सदस्य निर्वाचन पहिलो संशोधन विधेयक, मतदाता नामावली पहिलो संशोधन विधेयक, राष्ट्रिय विधिविज्ञान प्रयोगशाला स्थापना र सञ्चालन विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरिन्। सभामुखले तीनवटै विधेयकमाथि सैद्धान्तिक छलफलमा भाग लिनका लागि नाम टिपाउन सांसदहरूलाई अनुरोध गरे। कुनै पनि सांसदले नाम नटिपाएपछि तीनवटै प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गरे। बहुमतले उक्त प्रस्तावहरू स्वीकृत भयो। यससँगै तीनवटै विधेयकमा सांसदहरूले संशोधन राख्न पाउने ७२ घण्टा समय खुला भएको छ। यतिवेलासम्म कांग्रेस सांसदले भने अवरोध गरेका थिएनन्। प्रधानमन्त्रीले कुनै विधेयक प्रस्तुत गर्न मन्त्रीलाई जिम्मेवारी दिने नियमावलीको व्यवस्थालाई मानेर कांग्रेस सांसदले आफ्नो सिटमा बसेर सभाको कारबाहीलाई अगाडि बढाउन साथ दिए। अन्य विपक्षीको अवरोध र नाराबाजीबिचमा सभामुख अर्यालले वैकल्पिक विकास वित्त परिचालन विधेयकलाई प्रक्रियामा अगाडि बढाए। विधेयकमा दफावार छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई रोस्ट्रममा बोलाए। वाग्लेले रोस्ट्रमबाट प्रस्ताव प्रस्तुत गरे। बहुमतले स्वीकृत भयो।

■ मितेरी सहकारी ठगी प्रकरण

कांग्रेस नेता धनराजकी पूर्वपत्नीलाई २१ दिनभित्र अदालतमा उपस्थित हुन म्याद

नयाँ पत्रिका

ललितपुरको महालक्ष्मीस्थानस्थित मितेरी सेभिङ एन्ड क्रेडिट को-अपरेटिभ ठगीकी मुख्य अभियुक्त ज्योति गुरुङविरुद्ध जिल्ला अदालत ललितपुरले अदालतले उपस्थित हुन बुधबार २१ दिने म्याद सार्वजनिक गरेको छ। ज्योति कांग्रेस नेता (पूर्वउपसभापति) तथा पूर्वमन्त्री धनराज गुरुङकी पूर्वपत्नी हुन्।



अदालतबाट सम्बन्धविच्छेद गरेपछि पनि नेता गुरुङले ज्योतिको ऋणको किस्ता तिरेको प्रमाण भेटिएकाले उनीहरूको सम्बन्धविच्छेद 'कागजी' मात्रै भएको भनेर आलोचना हुँदै आएको छ। तोकिएको अवधिभित्र अदालत उपस्थित नभए कानुनबमोजिम प्रक्रिया अघि बढ्ने र त्यसपछि कुनै उजुरी नलाग्ने अदालतले भनेको छ। अदालतको सूचनामा भनिएको छ, 'यो म्याद सूचना पत्रिकामा प्रकाशित भएको मितिले बाटोको म्यादबाहेक २१ दिनभित्र आफैँ वा कानुनबमोजिमको प्रतिनिधिमार्फत आफ्नो सबुत प्रमाणसहित प्रतिउत्तरपत्र लिई यस अदालतमा उपस्थित हुनुहोला। म्यादभित्र नभई म्याद गुजारी बसे मुद्दा कानुनबमोजिम हुनेछ। पछि तपाईंको कुनै उजुरी लाग्नेछैन।'

अदालतका प्रवक्ता टीकाध्वज कार्कीले ज्योति गुरुङविरुद्ध २१ दिनको म्याद सार्वजनिक भएको र त्यस अवधिमा हाजिर नभए कानुनबमोजिम मुद्दा अघि बढ्ने बताए। उनले भने, 'ज्योति गुरुङविरुद्ध २१ दिनको म्याद सार्वजनिक भएको र त्यस अवधिमा हाजिर नभए कानुनबमोजिम मुद्दा अघि बढ्नेछ। त्यसपछि उहाँको उजुरी लाग्नेछैन।' ज्योतिसहितका प्रतिवादीविरुद्धको मुद्दा ललितपुर जिल्ला अदालतमा विचाराधीन छन्। सोही मुद्दाका सम्बन्धमा अदालतले उनलाई उपस्थित हुन भनेको हो। उनीसहितका प्रतिवादीले सहकारीको १४ करोड ८१ लाख रुपैयाँ अपचलन गरेका थिए।

घटनाको अनुसन्धान नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले गरेको थियो। घटनामा जोडिएका ज्योतिसहित ज्योतिबहादुर भण्डारी, सुजन शाक्य, हितमान थापा र प्रकाश थापाविरुद्ध गत ६ असोज ०८१ मै पक्राउ पुर्जी जारी गरिएको थियो। ज्योतिबहादुरलाई प्रहरीले कम्बोडियाबाट पक्राउ गरेर ल्याएको थियो। तर, गत २३ र २४ भदौमा भएको जेन-जी आन्दोलनमा क्रममा उनी फरार भएका छन्। प्रहरीका अनुसार घटनामा संलग्न सबै अभियुक्त नेपालमा छैनन्। ज्योतिविरुद्ध प्रहरीले रेड कर्नर नोटिस नै जारी गरेको छ। उनी अहिले अमेरिकामा रहेको प्रहरी बताउँछन्। नेता धनराजसँग उनको २९ फागुन ०७६ मा सम्बन्धविच्छेद भएको देखिन्छ। ज्योतिले त्यसअघि नै ज्योतिबहादुरलाई सहकारीबाट तीन करोड रुपैयाँ दिएकी थिइन्। उनले त्यहीआसपास सहकारीको १२ करोड ९४ लाख ८९ हजार ३५७ रुपैयाँ अपचलन गरिन्। अपचलन भएको सोही रकममा ब्याज जोडेर सहकारीले लिनुपर्ने रकम १४ करोड ८१ लाख रहेको भन्दै आएको छ। सहकारीले यो पनि भनेको छ, 'रकम अपचलन गर्ने ज्योति र धनराजबिचको सम्बन्धविच्छेद कागजी हो। त्यसो हुँदा रकम अपचलनमा ज्योतिसहित उनका पूर्वश्रीमान् धनराजको पनि भूमिका छ। अपचलन भएको रकम धनराजले पनि चुक्ता गर्नुपर्छ।' यसका लागि सहकारीले मुख्य आधार ३ फागुन ०७७ मा धनराजले सहकारीबाटै लिएको १२ लाख रुपैयाँ ऋणलाई मानेको छ। किनकि ऋणपत्रमा धनराजले हकवाला भनी ज्योतिकै नाम उल्लेख गरेका छन्। ऋणपत्रमा धनराजकै हस्ताक्षर छ। यो तथ्यलाई सांसद सूर्य थापाको नेतृत्वमा गठित उच्चस्तरीय छानबिन समितिले पनि स्वीकार गरेको छ।

संक्षेप

मधेशमा जसपा र जनमत बाहिरिए, एमाले भित्रियो

जनकपुरधाम/ मधेश प्रदेशमा कांग्रेस नेता कृष्णप्रसाद यादव नेतृत्वको सरकारको समीकरण फेरिएको छ। सत्तासहयात्री जसपा नेपाल र जनमत बाहिरिएका छन् भने मोहम्मद समीरलाई विनाविभागीयमन्त्री बनाएर एमालेलाई मन्त्रिपरिषद्मा भित्र्याएका छन्। जनमतले २१ वैशाखमा समर्थन फिर्ता लिएपछि सत्तासाझेदार दलहरूबिच किचलो भइरहेकामा मुख्यमन्त्री यादवले बिहीबार जसपाका तीनमन्त्री बर्खास्त गरेर नयाँ समीकरण बनाएका हुन्। कांग्रेस सभापति गगन थापाले बुधबार बर्दीबासमा आयोजित कार्यक्रममा 'मधेशमा कांग्रेस नेतृत्वकै सरकार कायम रहने' बताएको भोलिपल्ट एमालेलाई एउटा मन्त्रालय दिइएको छ। एमाले संसदीय दलका नेता सरोज यादवले एमालेले चार मन्त्रालय पाउने सहमति भएको दाबी गरे। यसअघि नेकपाबाट फकिरा महतो मन्त्री थिइन्। तर, अब थप दुई मन्त्रालय पाउने दाबी नेकपाका नेताहरूले गरेका छन्। कांग्रेसबाट जंगलीलाल राय स्वास्थ्य र शंकरप्रसाद चौधरी वनमन्त्री छन्। मुख्यमन्त्री यादवले बाँकी अर्थ, शिक्षा, भौतिक, श्रम र खेलकुद मन्त्रालय आफैँसँग राखेका छन्। यसअघि जसपाबाट तीन र जनमतबाट दुई मन्त्री थिए। जनमतका दुईमन्त्री महेशप्रसाद यादव र वसन्त कुसवाहले बिहीबार साँझ पदबाट राजीनामा दिएका थिए। जसपाको बिहीबारको बैठकले कांग्रेस नेतृत्वको वर्तमान सरकारलाई विश्वासको मत दिने निर्णयसमेत गरेको छ।

कर्णाली करिडोरमा यातायात बन्द, यात्रुहरू अलपत्र

बाजुरा/ बाजुरा र हुम्ला सिमाना विवादका कारण कर्णाली करिडोरअन्तर्गत पर्ने धुलाचौर-हुम्ला सडकमा अनिश्चित कालका लागि यातायात बन्द भएको छ। हुम्ली समूहद्वारा बाजुराको हिमाल गाउँपालिका- ३ का वडासदस्यलगायत पाँचजनालाई घरमा बन्धक बनाएर कुटपिट गरेको विरोधमा हिमाली युवा समूहले यातायात बन्द घोषणा गरेको हो। हिमाली गाउँपालिका- ३ लाम्पाटा च्याचौर क्षेत्रमा पाइने जडीबुटी र अवैध वन्यजन्तुको सिकार गर्ने कार्य रोक्न लाम्पाटामा अस्थायी प्रहरी चौकी निर्माण गर्ने क्रममा दुई जिल्लाका स्थानीयबिच मंगलबार दिउँसो झडप भएको थियो। हुम्लाको नाम्खा गाउँपालिकाबाट आएको समूहले लाम्पाटामा बस्ने हिमाली गाउँपालिका- ३ का वडासदस्य पेमा गुरुङ, गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत कुलबहादुर थापालगायतलाई घरभित्र बन्धक बनाएर निर्घात कुटपिट गरी घाइते बनाएको विरोधमा हुम्लाबाट आउने र जाने सम्पूर्ण सवारीसाधन बन्द गरिएको हो।

नेकपासँग पार्टी एकताको आवश्यकताबोध भएको छैन : पोखरेल

दाङ/ एमाले महासचिव शंकर पोखरेलले नेपाली कम्युनिस्ट पार्टीसँग एकताका लागि कुनै छलफल नभएको बताएका छन्। प्रेस चौतारी दाङले बिहीबार तुलसीपुरमा आयोजना गरेको पत्रकार सम्मेलनमा उनले पार्टी एकताको आवश्यकताबोध पनि नभएको बताए। 'पार्टी एकताका विषयमा छलफल गरिरहेका छैनौँ, आवश्यकता पनि बोध गरिरहेका छैनौँ,' उनले भने, 'समग्र लोकतान्त्रिक शक्तिबिच कार्यगत एकताको कुरा भने गरिरहेका छौँ।' सरकार अधिनायकवादतर्फ उन्मुख भइरहेको भन्दै यसलाई रोक्न लोकतान्त्रिक शक्तिहरूबिचको कार्यगत एकताका लागि छलफल भइरहेको उनको भनाइ छ। पछिल्लो समय सरकारप्रति जनतामा बढ्दै गएको भय, त्रासको वातावरण कम गर्न तथा खोसिँदै गएका लोकतान्त्रिक अधिकारलाई पुनर्स्थापना गर्न प्रमुख राजनीतिक दलको एकता आवश्यक पर्ने उनको भनाइ छ। वर्तमान सरकार संसद्प्रति उत्तरदायी नभएको उनले बताए। उनले एमालेमा पुनर्जागरण र पुनर्गठनको आवश्यकता बोध भइरहेको बताए। पोखरेलले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी राजनीतिमा आउन चाहेपछि सदस्यता दिएकोसमेत बताए।

अध्यागमनमा डिजिटल टाइम कार्ड

नयाँ पत्रिका

अध्यागमन सेवासँग सम्बन्धित सेवाग्राहीले आफ्नो कामको प्रगति विवरण संसारको जुनसुकै कुनाबाट हेर्न सक्ने भएका छन्। अध्यागमन विभागले डिजिटल टाइम कार्ड (डिटिसी) प्रणाली कार्यान्वयनमा ल्याएपछि यस्तो सुविधा थप भएको हो। यसका लागि सेवाग्राहीले विभागबाट उपलब्ध क्युआर कोड स्क्यान गर्नुपर्ने हुन्छ। सोही कोडमा सेवाग्राहीले आफ्नो पासपोर्ट नम्बर र उपलब्ध कोड सबमिट गर्नुपर्ने हुन्छ। त्यसपछि सेवाग्राहीले आफ्नो कामको प्रगति विवरण सहजै हेर्न सक्नेछन्। यो सेवा संसारभरको जुनसुकै कुनामा बसेर हेर्न सकिन्छ।

विभागका प्रवक्ता टीकाराम ढकालले सेवाग्राहीको सुविधाका लागि विभागले डिटिसी प्रणाली कार्यान्वयनमा ल्याएको बताए। 'अध्यागमनको सेवालाई थप प्रभावकारी बनाउन डिटिसी प्रणाली कार्यान्वयनमा ल्याएका छौँ। यो प्रणालीबाट सेवाग्राहीले जुनसुकै ठाउँमा बसेर आफ्नो कामको प्रगति विवरण अध्ययन गर्न सक्नेछन्। यसले सेवाग्राहीले सुविधा त दिएको छ नै, अध्यागमनका कर्मचारीलाई पनि सेवाग्राही प्रति थप उत्तरदायी बनाएको छ,' उनले भने।

विभागका अनुसार डिटिसी प्रणाली विदेशबाट भिसा अप्लाई गर्ने र भिसाको म्याद थप गर्ने चाहने नेपालमा बसेका विदेशी नागरिकका लागि उपयोगी हुनेछ। नेपाल आउन चाहने जुनसुकै देशका नागरिकले सम्बन्धित मुलुकबाटै इटिए (इलेक्ट्रोक ट्राभल अथराइजेसन) प्रणालीबाट भिसा अप्लाई गर्न सक्छन्। सम्बन्धित आवेदकलाई भिसा उपलब्ध गराउनुअघि प्राप्त आवेदनमाथि विभिन्न चरणमा अध्ययन गर्नुपर्नेछ। सबै पक्षबाट अप्रुभ भएपछि मात्रै आवेदकले भिसा प्राप्त गर्छ। त्यसो हुँदा यस प्रक्रियाले केही समय लिन्छ। जसको जानकारी आवेदकलाई नहुन सक्छ।

● **टीकाराम ढकाल**, प्रवक्ता अध्यागमन विभाग



अध्यागमनको सेवालाई थप प्रभावकारी बनाउन डिटिसी प्रणाली कार्यान्वयनमा ल्याएका छौँ। यो प्रणालीबाट सेवाग्राहीले जुनसुकै ठाउँमा बसेर आफ्नो कामको प्रगति विवरण अध्ययन गर्न सक्नेछन्। यसले सेवाग्राहीले सुविधा त दिएको छ नै, अध्यागमनका कर्मचारीलाई पनि सेवाग्राही प्रति थप उत्तरदायी बनाएको छ।

तर, क्युआर कोडले यो समस्या समाधान गरिदिएको छ। यसका लागि आवेदकले कोड स्क्यान गर्नुपर्छ। कोडमा आफ्नो पासपोर्ट नम्बर र आवेदन दिँदा प्राप्त नम्बर टाइप गर्नुपर्छ। त्यसलगत्तै स्क्रिनमा आफ्नो कामको प्रगति डिस्प्ले हुन्छ। र, सोहीअनुसार आवेदकले सेवा प्राप्त गर्न सक्छ। विभागका प्रवक्ता ढकालका अनुसार सेवाग्राहीले शुल्कसमेत डिजिटल प्रणालीमार्फत संसारको जुनसुकै ठाउँमा बसेर भुक्तानी गर्न सक्नेछन्। 'आफ्नो कामको प्रगति विवरण हेर्न सजिलो होस् भनेर क्युआर कोड सम्बन्धित सबै कार्यालयमा उपलब्ध गराएका छौँ। विभागको वेबसाइटमा पनि कोडलाई राखेका छौँ। सोही कोड स्क्यान गरेर सेवाग्राहीले आफ्नो कामको प्रगति विवरण अध्ययन गर्न सक्नेछन्। शुल्क पनि अनलाइनबाटै भुक्तानी गर्न सक्नेछन्,' उनले भने।

विभागका अनुसार भिसा थप गर्ने चाहने आवेदकले पनि सोही तरिका अपनाएर आफ्नो कामको प्रगति विवरण अध्ययन गर्न सक्नेछन्। यो सेवा लिँदा कुनै शुल्क भुक्तानी गर्नुपर्दैन। इटिए प्रणालीबाट भिसा अप्लाई गर्ने संख्या प्रत्येक दिन साढे पाँच सयभन्दा धेरै छ। त्यस्तै, भिसाको म्याद थप गर्नेको संख्या पनि सोही दरमा रहेको विभागले जनाएको छ।

परराष्ट्रमन्त्री खनाल भारत जाने तयारी



काठमाडौं/ परराष्ट्रमन्त्री शिशिर खनाल भारत जाने भएका छन्। उनी औपचारिक भ्रमणमा नभएर १८ देखि २० जेठसम्म दिल्लीमा आयोजना हुने 'इन्टरनेसनल बिट क्याट एलाइन्स शिखर सम्मेलन'मा सहभागी हुन जान लागेका हुन्। भारतीय विदेशमन्त्री डा. एस जयशंकरको निमन्त्रणामा उनी सम्मेलनमा सहभागी हुन जाने तयारी भइरहेको छ, तर परराष्ट्रले भ्रमण कार्यतालिका सार्वजनिक गरेको छैन।

सम्मेलनको उद्घाटन भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले गर्ने भएका छन्। सम्मेलनमा नेपालसहित विश्वका ९० भन्दा धेरै मुलुकका चार सयभन्दा बढी सहभागी हुने आयोजकले जनाएको छ। उद्घाटन सत्र १८ जेठमा भारत मण्डपम् नयाँदिल्लीमा आयोजना हुनेछ। प्राविधिक सत्रहरू भने होटेल ताज प्यालेसमा हुने आयोजकले जनाएको छ। परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले परराष्ट्रमन्त्री खनालको भ्रमणबारे आफूसँग जानकारी नभएको प्रतिक्रिया दिए। परराष्ट्रको दक्षिण एसिया महाशाखा तथा नयाँदिल्लीस्थित नेपाली दूतावासले भ्रमणको तयारी गरिरहेको दुवैतर्फका कूटनीतिक अधिकारीले जानकारी दिए।

भ्रमणका क्रममा परराष्ट्रमन्त्री खनालले भारतीय समकक्षी जयशंकरसँग पनि भेटवार्ता गर्ने तयारी छ। नेपालका तर्फबाट परराष्ट्रमन्त्री खनाल र भारतीय प्रधानमन्त्री मोदीबिच भेटवार्ता गराउन पहल भइरहेको पनि कूटनीतिक स्रोतले बतायो। परराष्ट्रमन्त्री खनाल र जयशंकरबिच यसअघि मौरिससमा भेटवार्ता भएको थियो। उनीहरूको सहमतिअनुसार वैशाख अन्तिम साता भारतीय विदेशसचिव विक्रम मिश्री नेपाल भ्रमण गर्ने तय थियो। तर, मिश्रीको नेपाल भ्रमण हुन सकेन। परराष्ट्रमन्त्री खनालको भ्रमणपछि भारतीय विदेशमन्त्री जयशंकरको नेपाल भ्रमणका लागि तयारी हुनेछ। नेपालबाट प्रधानमन्त्री बालेन शाहको भारत भ्रमण अनिश्चित भएको छ। भारतबाट विदेशमन्त्रीको नेपाल भ्रमण तथा नेपाल-भारत संयुक्त आयोगको पनि तयारी भइरहेको छ।

होमियोप्याथी चिकित्साको विकासका लागि सर्वोच्चको निर्देशनात्मक आदेश

नयाँ पत्रिका

सर्वोच्च अदालतले होमियोप्याथिक चिकित्सा पद्धतिलाई भरपर्दो वैकल्पिक उपचार पद्धतिका रूपमा स्थापित गराउन निर्देशनात्मक आदेश जारी गरेको छ। नागरिकले आफ्नो चिकित्सा पद्धति रोज्न पाउनु स्वास्थ्यको हक भएको उल्लेख गर्दै सर्वोच्चले होमियोप्याथी चिकित्साको विकासका लागि सरकारका नाममा सातबुँदे निर्देशनात्मक आदेशसमेत जारी गरेको हो।

होमियोप्याथी उपचार प्रणालीको प्रवर्द्धनको माग गरी डा. खगेन्द्र कटुवालको निवेदनमाथि सर्वोच्चले यस्तो आदेश दिएका हुन्। 'नेपाल स्वास्थ्य अनुसन्धान परिषद् मार्फत होमियोप्याथी औषधिको प्रभावकारिता र नेपाली जडीबुटीको होमियोप्याथिक प्रयोगबारे वैज्ञानिक अनुसन्धान र क्लिनिकल ट्रायलहरू सञ्चालन गर्ने-गराउनू,' सर्वोच्चका न्यायाधीश हरिप्रसाद फुयाँल र श्रीकान्त पौडेलको इजलासले गरेको फैसलामा छ, 'एलोप्याथी र होमियोप्याथीबिचको समन्वय बढाउन एकीकृत चिकित्साको अवधारणाअनुसार अस्पतालहरूमा दुवै पद्धतिका चिकित्सकहरूले सहकार्य गर्ने वातावरण निर्माण गर्नू।' होमियोप्याथी चिकित्सा पद्धतिको दर्ता, निरीक्षण, अनुगमन र चिकित्सकहरूको आचारसंहिता निर्माणका लागि शक्तिशाली तथा स्वायत्त होमियोप्याथी चिकित्सा परिषद् वा उपयुक्त नियामक निकाय गठन गर्न कानुन तर्जुमा गर्न सर्वोच्चले भनेको छ। यसैगरी, हरिहरभवनस्थित पशुपति होमियोप्याथिक अस्पताललाई केन्द्रीय विशिष्टीकृत अस्पतालका रूपमा स्तरोन्नति गर्नसमेत भनिएको छ।



४ वैशाखमा भएको फैसलामा छ, 'नागरिकको स्वास्थ्यको हक उपचार पाउनुमा मात्र सीमित नभई आफूलाई उपयुक्त र सुलभ लाग्ने मान्यताप्राप्त चिकित्सा पद्धति (एलोप्याथी, आयुर्वेद वा होमियोप्याथी आदि) छनोट गर्न पाउने अधिकारमा समेत विस्तारित हुन्छ। राज्यले कुनै एक पद्धतिलाई मात्र प्राथमिकता दिई अन्य मान्यताप्राप्त पद्धतिलाई उपेक्षित राख्नु नागरिकको स्वास्थ्यसम्बन्धी छनोटको अधिकारको उल्लंघन हुन जान्छ।' सर्वोच्चको संयुक्त इजलासले होमियोप्याथी सेवालाई जनस्वास्थ्य ऐनले समेटे पनि न्यून बजेट, संरचनागत अभाव तथा बेग्लै नियमनकारी परिषद्को अनुपलब्धताजस्ता विषय सम्बोधन गर्न भनेको छ।

होमियोप्याथीसमेतका वैकल्पिक चिकित्सा पद्धतिको प्रवर्द्धनमा राज्यले ध्यान नदिँदा नागरिकको लाखौँ रकम खर्च भइरहेको र प्रभावकारी उपचारबाट वञ्चित भइरहेको निवेदकको दाबी थियो। २२५ वर्षअघिबाट विकसित होमियोप्याथी पद्धतिका लागि छिमेकी राष्ट्र भारतमा छुट्टै मन्त्रालय नै भए पनि नेपालमा भने महँगो उपचारका लागि बाध्य बनाइएको रिटमा थियो।

यसैमाथि फैसला गर्दै सर्वोच्चले राज्यले नागरिकलाई आफ्नो उपचार पद्धति छान्न वा वैकल्पिक उपचार पद्धति रोज्न पाउने अधिकार स्वास्थ्यको हकभित्रै संविधानप्रदत्त हक रहेको मान्नुपर्ने जनाएको हो। 'संवैधानिक र कानुनी व्यवस्थाको मर्मअनुरूप नागरिकलाई उपचारको विकल्प रोज्न पाउने वातावरण सिर्जना गरी होमियोप्याथी सेवामा पहुँच सुनिश्चित गर्नु राज्यको संवैधानिक दायित्व रहेकोमा विवाद देखिँदैन,' फैसलामा भनिएको छ।

संयुक्त इजलासले थप भनेको छ, 'स्वास्थ्य मन्त्रालयको कुल बजेटमा होमियोप्याथीका लागि छुट्टै शीर्षक कायम गरी पर्याप्त बजेट विनियोजन गर्ने तथा स्थानीय तहका आधारभूत स्वास्थ्य केन्द्रहरूमा समेत होमियोप्याथी चिकित्सक र औषधिको उपलब्धता सुनिश्चित गर्न आवश्यक दरबन्दी सिर्जना गर्नू।' नेपालका विश्वविद्यालयमा यो चिकित्सा पद्धतिको अध्ययन अध्यापनका लागि पूर्वाधार निर्माण, छात्रवृत्तिमा समावेश गर्ने तथा यसको प्रचारप्रसारका लागि पनि आदेशमा भनिएको छ। 'नेपाल स्वास्थ्य अनुसन्धान परिषद्मार्फत होमियोप्याथी औषधिको प्रभावकारिता र नेपाली जडीबुटीहरूको होमियोप्याथिक प्रयोगको बारेमा वैज्ञानिक अनुसन्धान र क्लिनिकल ट्रायलहरू सञ्चालन गर्ने-गराउनू,' फैसलामा छ। राज्यका दुर्गम र विपन्नले यो पद्धतिबाट लाभ लिन सक्ने भएकाले यसलाई राज्यले कागजी नीतिमा मात्र नराखी बजेट, दक्ष जनशक्ति र कानुनी परिषद्को सुनिश्चितता गरेमा मात्र नागरिकको स्वास्थ्यको संवैधानिक हकले सार्थकता पाउने फैसलामा छ।

विश्व स्वास्थ्य संगठनले ग्लोबल ट्रेडिसनल मेडिसिन स्ट्रेटेजी २०२५-२०३४ ले वैकल्पिक चिकित्सलाई प्रमाणमा आधारित बनाउन अनुसन्धानमा लगानी गर्ने उल्लेख गरेको छ। तर, नेपालमा भने आयुर्वेदभन्दा होमियोप्याथिक चिकित्सा पद्धति झनै पछाडि पारिएको भन्दै फैसलामा सर्वोच्चले भनेको छ, 'तुलनात्मक रूपमा होमियोप्याथीलाई राज्यले संवैधानिक म्यान्डेटअनुसारको महत्त्व दिएको देखिँदैन। एउटै विभागअन्तर्गत रहेको दुई पद्धतिबिचको विभेदकारी अवस्थाले होमियोप्याथीको विकास ओझेलमा परेको देखिन्छ।'

जैविक विविधता संरक्षणमा कानुनी चुनौती

मौजुदा संविधान तथा कानुनले जैविक विविधता संरक्षणसम्बन्धी व्यवस्था गरेको भए पनि यससम्बन्धी छुट्टै कानुनको खाँचो छ



● जनकप्रसाद पाण्डे

अग्रलेख

मे २२ सन् १९९२ का दिन राष्ट्रसंघीय महासभाले जैविक विविधता महासन्धिको मस्यौदा पारित गऱ्यो । तसर्थ, प्रत्येक वर्ष २२ मेमा विश्व जैविक विविधता दिवस मनाइँदै आएको छ । ५ जुन १९९२ मा रियो पृथ्वी सम्मेलनले महासन्धिमा हस्ताक्षरका लागि खुला गरेको थियो, जसमा १५० राष्ट्रले हस्ताक्षर गरे । २९ डिसेम्बर १९९३ मा महासन्धि लागू गरिँदासम्म १६८ राष्ट्रले हस्ताक्षर गरिसकेका थिए । आजका दिनसम्म १९२ सार्वभौम राष्ट्र र एक क्षेत्रीय संगठन युरोपियन युनियन गरी जम्मा १९३ महासन्धि पक्ष राष्ट्र रहेका छन् । त्यसैगरी, महासन्धिसँग सम्बन्धित कार्टेगना प्रोटोकलमा १७३ राष्ट्र र नागोया प्रोटोकलमा १४२ राष्ट्रले हस्ताक्षर गर्नुले अन्तर्राष्ट्रिय समुदाय जैविक विविधताका मुद्दामा गम्भीर रहेको देखिन्छ ।

जैविक विविधता मानव जीवनको र अस्तित्वको आधार हो । अमेरिकी जीवविज्ञ पिटर राभेनका अनुसार जैविक विविधताका कारण पृथ्वी बस्नयोग्य ग्रह भएको हो जैविक विविधता भन्नाले पृथ्वीमा रहेका वनस्पति, प्राणी, सूक्ष्मजीव र तिनीहरूबिचका विविधताका साथै जीवजन्तुको वासस्थानमा भइरहने पर्यावरणीय फरकलाई बुझिन्छ । मानव जातिको जैविक विविधतासँगको सामिप्य प्राचीनकालदेखि नै भए पनि आधुनिक कालमा जैविक विविधता शब्दको प्रयोग सन् १९८० को दशकको अन्तिमतिरबाट प्रचलनमा आएको देखिन्छ । जैविक विविधता महासन्धि १९९२ ले जैविक विविधतालाई तीन भागमा विभाजन गरेको छ- आनुवंशिक विविधता, प्रजाति विविधता र पारिस्थितिक प्रणाली विविधता ।

नेपालको जैविक विविधताको 'रिचनेस' प्रचुर मात्रामा रहेको छ । नेपालमा सात हजारभन्दा बढी प्रजाति पाइन्छन्, जसमा ८६० भन्दा बढी प्रजातिका चरा पाइन्छन् । वैज्ञानिकका अनुसार संसारभर प्राणी, वनस्पति र सूक्ष्म जीवसमेत गरी लगभग २० लाखजति प्रजातिको पहिचान भएर तिनको व्याख्यासमेत भइसकेको छ । तर, यो संख्या ३० लाखदेखि एक करोडसम्म हुन सक्ने अनुमान गरिएको छ ।

पृथ्वीले जलवायु परिवर्तन, जैविक विविधताको क्षयीकरण र प्रदूषणजस्ता घातक त्रिसंकटको सामना गरिरहेको छ । जुन भयानक संकटबाट हिमालयको देश नेपाल अछुतो रहने कुरै भएन । नेपाल भौगोलिक रूपमा सानो भए पनि जैविक विविधतामा अत्यन्त धनी रहेको छ । नेपाल जैविक विविधतामा अत्यन्त धनी हुनुको कारण समुद्री सतहबाट ५८ मिटरमा अवस्थित कंचनालनदेखि ८,८४८.८६ मिटरमा अवस्थित सगरमाथासम्मको भौगोलिक बनोट पनि हो ।

नेपालको भौगालिक आकार सानो भए पनि यहाँ विश्वकै कुल वनस्पति प्रजातिको ३.२ प्रतिशत प्रजाति र प्राणी प्रजातिको १.१ प्रतिशतसहित ११८ पारिस्थितिक प्रणाली, २४२ सिमसार क्षेत्र र २० प्रतिशत संरक्षित क्षेत्र रहेका छन् । यद्यपि, वासस्थान विनाश, अतिक्रमण र अवैध सिकारका कारण नेपालको जैविक विविधतामाथि चुनौती थपिएको मात्र होइन, जैविक विविधता चरम संकटमा रहेको देखिन्छ । जसका लागि राज्यका तीन तहले अन्तर्राष्ट्रिय कानुन र राज्यका कानुनी व्यवस्थाको पूर्ण परिपालना र समुदायको सहभागितामा जैविक विविधताका क्षेत्रमा आएको संकटलाई समाधान गर्न सकिन्छ ।

जैविक महासन्धि, १९९२ को धारा २ बमोजिम जातीय, प्रजातीय र पारिस्थितिक प्रणालीको विविधता भन्ने बुझाउँछ । खासगरी, जैविक विविधता भन्नाले पृथ्वीमा रहेका सम्पूर्ण वनस्पति, प्राणी, सूक्ष्मजीव र तिनीहरूबिचको अन्तरसम्बन्ध र तिनको वासस्थानमा हुने पर्यावरणीय भिन्नता हो । नेपालमा ११८ वटा इकोसिस्टम डाइभर्सिटी पहिचान भएको र तीमध्ये ८० वटा संरक्षण क्षेत्रमा समावेश छन् । त्यसैगरी २४२ सिमसार क्षेत्रमध्ये १० वटा रामसार सूचीमा सूचीकृत भएको देखिन्छ । नेपालको प्रजातिगत विविधतालाई नियालेर हेर्दा ११ हजार ९७१ वनस्पति र ११ हजार ८६१ प्राणी प्रजाति रहेकामा ७३ प्रजातिका स्तनधारी, ११३ प्रजातिका चरा, २९ प्रजातिका सरिसृप, दुई प्रजातिका उभयचर, तीन प्रजातिका पुतली र ४१७ प्रजातिका वनस्पति, वन्यजन्तु र वनस्पतिका संकटापन्न प्रजातिलाई अन्तर्राष्ट्रिय व्यापार महासन्धिको अनुसूचीमा समावेश गरिएको छ । नेपाल आनुवंशिक विविधता अनाज, बाली, फलफूल, तरकारी, जडीबुटी र जीव जनावरमा सम्पन्न रहेको छ ।

जैविक विविधता संरक्षणमा कानुनी व्यवस्था : नेपालले प्राचीनकालीन धार्मिक ग्रन्थदेखि आधुनिक कानुनी व्यवस्थामा समेत जैविक विविधता संरक्षणका मुद्दा समावेश गरिरहेको देखिन्छ । नेपालको संविधान, २०७२ को धारा ३० मा स्वच्छ वातावरणको हकलाई मौलिक हकका रूपमा सुनिश्चित गर्नुका साथै संविधानले राज्यका नीति निर्देशक सिद्धान्तअन्तर्गत धारा ५१ ले राज्यलाई वातावरण तथा जैविक विविधता संरक्षण गर्न र विकास



सन्दर्भ : विश्व जैविक विविधता दिवस

र वातावरणबिच सन्तुलन कायम गर्ने नीति लिनका लागि निर्देशित गरेको देखिन्छ । नेपालको कानुनी इतिहासमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ जैविक विविधता संरक्षणको आधारशिलाका रूपमा देखिन्छ । जसले निकुञ्ज, आरक्ष र संरक्षण क्षेत्र स्थापना गर्ने, व्यवस्थापन गर्ने मात्र नभई जैविक विविधता प्रतिकूल कार्य गरेमा दण्ड तथा सजायको व्यवस्थासमेत गरेको देखिन्छ ।

यसैगरी, वन ऐन, २०७६ ले वन वर्गीकरण, व्यवस्थापन, वन पैदावरको संकलन, ओसारपसार र बिक्री वितरणमा नियन्त्रणका साथै दण्ड सजायसमेतको व्यवस्था गरेको देखिन्छ । संरक्षित वन घोषणा र सोको व्यवस्थापनले ऐन जैविक विविधता संरक्षणको प्रमुख भूमिकामा देखिएको छ । त्यसैगरी, संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ ले प्रजातिको आयात निर्यात र प्रजातिको अवैध व्यापार नियन्त्रण र दण्ड सजायको व्यवस्था गर्दै जैविक विविधता संरक्षणमा ठुलो टेवा पुऱ्याएको छ ।

> राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन, अदालती निर्णय र समुदायको व्यापक सहभागिता हुँदाहुँदै पनि जलवायु संकट, जैविक विविधतामा ह्रास र प्रदूषणका कारण जैविक विविधता संरक्षणमा चुनौती चुलिँदै छन् ।

नेपालमा पर्यावरणीय तथा वातावरणीय संरक्षणका दृष्टिले वातावरण ऐन, २०७६ लाई छाता कानुनका रूपमा हेरिन्छ । ऐनले पर्यावरण तथा वातावरण क्षति हुनबाट रोक्ने र प्राकृतिक स्रोत भावी पुस्ताको समेत भएको हुँदा सोहीबमोजिम प्रयोग गर्नका लागि प्रेरित गर्छ । वातावरण ऐनले वातावरणीय प्रभाव मूल्यांकन, प्रारम्भिक वातावरणीय परीक्षण, प्रदूषण नियन्त्रण, फोहोर व्यवस्थापन र जैविक विविधता संरक्षणका लागि निकै ठुलो योगदान पुऱ्याएको छ । यद्यपि, नेपालको पर्यावरणीय तथा वातावरणीय मुद्दालाई यस ऐनले सम्बोधन गर्न नसक्ने भएको हुँदा जलवायु परिवर्तनलगायत विशिष्ट कानुनको आवश्यकता रहेको विषय चर्को रूपमा उठिरहेको छ ।

जैविक विविधता संरक्षणमा अन्तर्राष्ट्रिय कानुनको परिपालना : नेपालले जैविक विविधतासम्बन्धी महत्त्वपूर्ण अन्तर्राष्ट्रिय महासन्धि तथा विभिन्न अभिसन्धिमा हस्ताक्षर गरेको छ । अन्तर्राष्ट्रिय महासन्धि तथा अभिसन्धिको पक्ष राष्ट्रका हैसियतमा संघीय संसद् बाट कानुन पारित गरी लागू गरिरहेको देखिन्छ ।

जैविक विविधता महासन्धि, १९९२, संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण महासन्धि, १९७३, रामसार महासन्धि, १९७१, कार्टेगना अभिसन्धि, नागोया अभिसन्धि, २०१० लगायत अन्तर्राष्ट्रिय महासन्धि तथा विभिन्न अभिसन्धिसम्बन्धी कानुन निर्माण गरी कार्यान्वयन गरिएको छ ।

जैविक विविधता संरक्षणमा अदालती अभ्यास : नेपाल जैविक विविधता संरक्षणसम्बन्धी कानुनको अभाव र रिक्तताको अवस्थामा समेत नेपालको सर्वोच्च अदालत सशक्त उभिएको देखिन्छ । शैलेन्द्रप्रसाद अम्बेडकरविरुद्ध प्रधानमन्त्री कार्यालयसमेत रहेको मुद्दामा चुरे क्षेत्रबाट गैरकानुनी तवरले नदीजन्य पदार्थको निकासीमा रोक लगाउँदै सो कार्यलाई पर्यावरणीय नरसंहारसरह व्याख्या गरिएको थियो । त्यसैगरी, नेपालको सशस्त्र द्वन्द्वकालीन अवधिमा १५७ भन्दा बढी गैँडा मारिएपछि गैँडा संरक्षण मुद्दा, २०६३ ले मौजुदा कानुन राष्ट्रिय निकुञ्ज ऐनको दफा ४, ५ र ११ प्रभावकारी लागू गर्नुका साथै न्यायिक हस्तक्षेप गर्दै चोरी सिकार नियन्त्रणका लागि तत्काल निरोधात्मक उपाय अपनाउन निर्देशन गरेको देखिन्छ । यसैगरी, लगानी सहजीकरण ऐन संशोधन बदर, २०८१ मुद्दामा संवैधानिक इजलासले विकासको रापतापमा निकुञ्जभित्रै राष्ट्रिय गौरवका आयोजना सञ्चालन गर्न पाउने व्यवस्थालाई असंवैधानिक घोषित गरी बदर गरेको थियो ।

जैविक विविधता संरक्षण, एक चुनौती : राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन, अदालती निर्णय र समुदायको व्यापक सहभागिता हुँदाहुँदै पनि जलवायु संकट, जैविक विविधतामा ह्रास र प्रदूषणका कारण जैविक विविधता संरक्षणमा चुनौती चुलिँदै छन् । वन डढेलो, हिमाली क्षेत्रमा तापक्रम वृद्धि, अतिवृष्टि, अनावृष्टि, खडेरीलगायतले गर्दा प्रजातीहरूको वासस्थान विनाश भएको देखिन्छ । उदाहरणका लागि शुक्लाफाँटा वन्यजन्तु आरक्षणमा चराको संख्या २१३ बाट घटेर १८४ मा पुगेको देखिन्छ ।

सन् २०२२ मा मोन्ट्रियलमा सम्पन्न जैविक विविधतासम्बन्धी कोप १५औँ सम्मेलनले कुन्मिङ मोन्ट्रियल विश्वव्यापी जैविक विविधता खाका पारित गरेको छ । कोप १५औँको सन् २०३० सम्म विश्वको ३० प्रतिशत भूभाग संरक्षण गर्ने लक्ष्य (३०x३०) रहेको छ । यो लक्ष्य हासिल गर्न अन्य प्रभावकारी क्षेत्रमा आधारित संरक्षण उपाय अपनाइनेछ । नेपालसँग सात प्रतिशत भूभाग संरक्षण गर्न बाँकी रहेको र सो भूभागमा अन्य प्रभावकारी क्षेत्रमा आधारित संरक्षण उपाय अपनाउन सकिनेछ । जसमा सामुदायिक वन, धार्मिक वन, जलाधार क्षेत्र, नदी तटीय क्षेत्रलगायत सम्भावित क्षेत्र हुन । खासगरी, विश्वव्यापी रूपमा जैविक विविधताको ह्रास रोक्नुका साथै प्रकृतिको पुनर्तालगीका लागि कुन्मिङ मोन्ट्रियल विश्वव्यापी खाका ल्याइएको हो । साथै, (३०x३०) को लक्ष्य पृथ्वीको ३० प्रतिशत भूभागलाई संरक्षणको दायारामा ल्याउने महत्त्वाकांक्षी योजनाका रूपमा प्रस्तुत गरिएको देखिन्छ ।

अन्त्यमा, नेपाल विकासको क्रममा रहेको हुँदा यहाँ ठुला परियोजना राजमार्ग, रेलमार्ग, सुरुङ मार्ग, पुल, सपिङ कम्पलेक्सलगायत भौतिक विकासको चाप बढ्दै जानेछ । त्यससँगै जलवायु परिवर्तन, वन्यजन्तुको अवैध सिकार, तस्करीजस्ता समस्या पनि दिनप्रतिदिन बढ्दै छन् । जसका कारण जैविक विविधता संकटमा पर्ने निश्चित छ । तसर्थ, देशमा कानुनी राज्य, न्यायिक मनको आवश्यकतासँगै जनताको सहभागितासहित राज्यका तीनै तहका सरकार परिचालित हुनुपर्ने अवस्था छ । मौजुदा संवैधानिक व्यवस्था, कानुनी व्यवस्था, अदालती नजिर र अन्तर्राष्ट्रिय कानुनले जैविक विविधता संरक्षणसम्बन्धी व्यवस्था गरेको भए पनि नेपालमा यससम्बन्धी छुट्टै कानुनको आवश्यकता रहेको छ ।

(अधिवक्ता पाण्डे ग्लोबल एलायन्स अफ युनिभर्सिटिजको क्लाइमेट एक्स युथ पायनियर हुन्)

३ प्रश्न

स्वास्थ्यसचिव
डा. विकास देवकोटालाई



ठुला अस्पतालमै स्वास्थ्य बिमा कार्यक्रम किन रोकिएको हो ?

ठुला अस्पतालमा 'पेमेन्ट'को 'भोल्युम' पनि ठुलै छ । समयमै भुक्तानी हुन नसक्दा त्यो बढ्दै गयो । फेरि स्वास्थ्य बिमा बोर्डबाट 'भेरिफिकेसन' हुँदा कतिपय 'केस'मा कागजात नपुगेको हुनाले पनि भुक्तानीमा ढिलाइ भएको अवस्था छ । विगतदेखिकै बक्यौता थपिँदै गएकाले कतिपयले यो सेवा रोक्नुभएको हो । हामीले पत्राचार गरेर बक्यौता भुक्तानी हुन्छ, सेवा नरोक्नुस् भनेर अनुरोध गरेका छौं । कतिपयले सेवा दिइराख्नुभएको पनि छ भने कतिपयले रोक्नुभएको छ । तर, अब चालू आर्थिक वर्षभित्रै बिमा दाबीको बक्यौता भुक्तानी गर्ने प्रयास भइरहेको छ । कम्तीमा पनि ०८२ को चैतसम्मको मात्र भुक्तानी गर्न पाइयो भने पनि आगामी आवमा सहज हुनेछ ।

स्वास्थ्य बिमाको दाबी भुक्तानीमा किन यति ठुलो समस्या आएको होला ?

प्रत्येक बिमितले आफू स्वस्थ भएको अवस्थामा पनि बिमाको सीमाले भ्याएसम्मको परीक्षण गराइहाल्ने अवस्थाले गर्दा दाबी बढी देखिएको हो । फेरि हाम्रो बिमितको संख्या पनि ठुलो छैन । यसले गर्दा उठ्नुपर्ने प्रिमियम निकै कम हुने र दाबी बढी हुने हुँदा यो समस्या आएको हो । अत्यावश्यक बिरामीले नगरी नहुने परीक्षण मात्र गराउने हो भने यस्तो समस्या आउँदैन ।

स्वास्थ्य बिमालाई प्रभावकारी बनाउन के गर्नुपर्ला ?

यसका लागि बिमा ऐनमै संशोधन गरी त्यसलाई नयाँ मोडेलमा सञ्चालन गर्नुपर्छ । सामाजिक सुरक्षा कोषसँग आबद्ध गरेर पनि जान सकिन्छ । सबै नागरिकलाई बिमित बनाउन सकियो भने पनि यो प्रभावकारी हुन सक्छ । साथै, आयका आधारमा बढी र कम प्रिमियम लिने व्यवस्था पनि लागू गर्न सकिन्छ । आधारभूत स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन सकेको खण्डमा सामान्य उपचार तलै हुन सक्छन् । यसले पनि ठुला अस्पताल र बिमामा पर्ने दबाब घटाउँछ ।

प्रेरक प्रसंग

बुद्धको मौनता

एकपटक भगवान् बुद्धले एक स्थानमा प्रवचन दिनु थियो । निर्धारित समयमा प्रवचन स्थलमा मानिस भेला भए । लगभग एक सय ५० श्रोता उपस्थित थिए । तोकिएकै समयमा बुद्ध पनि प्रवचन स्थलमा उपस्थित भए । उनले दर्शक-श्रोतातिर ध्यानपूर्वक हेरे र केही नबोली त्यहाँबाट बाहिरिए । दर्शक-श्रोता उनको यस्तो व्यवहार देख्दा छक्क परे । तर, केही पनि बोलेनन् ।

दोस्रो दिन पनि त्यही स्थानमा तिनै दर्शक-श्रोता बुद्धको प्रतीक्षामा थिए । दोस्रो दिन झन्डै सयजनाजति उपस्थित थिए । निर्धारित समयमा बुद्ध प्रवचन स्थलमा पुगे । तर, उनले दोस्रो दिन पनि दर्शक-श्रोतालाई ध्यानपूर्वक हेरे मात्र, केही बोलेनन् । बुद्ध केही नबोली हिँडेपछि दर्शक-श्रोता केही खिन्न भए । केही श्रोता मनमनै आक्रोशित भए पनि प्रत्यक्षतः भने केही बोलेनन् । तेस्रो दिन प्रवचन स्थलमा करिब ६० दर्शक-श्रोता उपस्थित भए । बुद्ध तोकिएकै समयमा आइपुगे । यताउता हेरे र चुपचाप प्रवचन स्थलबाट बाहिरिए । चौथो दिन दर्शक-श्रोताको संख्या थप केही घट्यो । बुद्ध आए, गए । उनी केही पनि बोलेनन् । पाँचौं दिन दर्शक-श्रोताको स्थानमा जम्मा १४ जना बाँकी रहे । बुद्ध निर्धारित समयमा आए । र, प्रसन्न भएर प्रवचन सुरु गरे । १४ श्रोता बुद्धको प्रवचनसँगै उनका शिष्य बन्न तयार भए ।

ती १४ मध्ये कसैले बुद्धसित प्रश्न पनि गरे- भगवान्, हजुरले हिजोअस्ति चार दिनसम्म केही बोल्नुभएन । तर, आज एकाएक बोल्नुभयो । यसको कारण के हो ? उनको प्रश्न सुनेर हल्का मुस्कुराउँदै बुद्धले भने- मलाई भिड होइन, धैर्यपूर्वक काम गर्ने मानिस चाहिएको थियो । यहाँ तिनै व्यक्ति टिकेका छन्, जसमा धैर्य छ । केवल भिड जम्मा गर्दैमा संसारमा कुनै पनि धर्म फैलिँदैन । त्यसलाई बुझ्ने मान्छे चाहिन्छ । भिड जम्मा गरेर तमासा देखाउँदैमा केही हुनेवाला छैन ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

बाढीपीडितलाई राहत देऊ

'हुम्लामा मध्यराति बाढीको कहर' शीर्षकको क्याप्सनसहितको तस्बिर र त्यसमुनि छापिएको समाचार पढ्दा दुःख लाग्यो । जेठको असमयमै यसरी बाढी आएर विद्यालय भवनसहित भौतिक संरचनामा क्षति पुऱ्याएको र दर्जनौं भेडालगायत पशुचौपायाको ज्यान गएको थाहा भयो । यसरी गलत समयमा बाढी आउनुमा मानवीय कारणबाट सिर्जित जलवायु परिवर्तन कति जिम्मेवार छ, त्यो छुट्टै अध्ययनको विषय हुन सक्छ । तर, तत्कालका लागि पीडितलाई राहत दिनु तीनै तहका सरकारको दायित्व हो । विद्यालयमा अध्ययनरत बालबालिकाको पठनपाठनलाई नियमितता दिने र क्षतिको क्षतिपूर्तिका लागि पनि पहल गर्ने कार्यमा राज्यका जिम्मेवार निकायको अविलम्ब ध्यान जाओस् ।

● **भावना तिवारी**, वीरेन्द्रनगर-४, सुर्खेत

अनावश्यक विवाद किन ?

बाजुरा र हुम्लाको सीमाक्षेत्र रानीसैन-लाम्पाटा च्याचौर क्षेत्रमा सीमा विवाद चर्केर हिंसात्मक झडप हुँदा ६ जना गम्भीर घाइते भएको समाचार पढियो । आखिर कुनै पनि स्थान यो वा त्यो जिल्ला या स्थानीय तहको सिमानाभित्र पर्दैमा के नै फरक पर्ने हो र ? यहाँ विदेशीले सीमा मिच्दा मौन बस्नेहरू आफ्नै छिमेकीसित अनावश्यक सीमा विवाद झिकेर यसरी हिंसात्मक झडपमा उत्रिनु बडो दुःखद छ । यसको तत्काल समाधान खोजौं ।

● **शोभिता विक**, कोहलपुर, बाँके

सदस्यताको रडाको किन ?

काग्रेसले क्रियाशील सदस्यता अद्यावधिक गर्ने कार्यमा असहयोग गर्ने वडा सभापतिलाई कारबाही गर्ने चेतावनी दिएको सुनियो । काग्रेसले देशभरका ६ हजार सात सय ४३ वडा कार्यसमितिलाई परिपत्र गर्दै २१ जेठभित्र अनिवार्य रूपमा क्रियाशील सदस्यता अद्यावधिक गरिसक्न निर्देशन दिएको रहेछ । पार्टीले सुरु गरेको अभियानलाई सबैले सहयोग गरी सदस्यता अद्यावधिक गरौं र पार्टी विवाद सदाका लागि अन्त्य गरौं ।

● **अर्जुन कुमाल**, वसुन्धरा, काठमाडौं

नेताहरूमा चेतना आउँदैन हो ?

नेपाली कांग्रेस यतिबेला फुटको सँघारमा छ । कुनै पनि दल फुट्नु राम्रो होइन । फुट्दा पद त पाइएला, तर जनमत पाइँदैन । हेर्दै जानुहोला, पद नै सबभन्दा ठुलो भन्ने नेताका लागि फाइदा होला, तर देशका लागि यसले हित गर्दैन । कहिलेकाहीं समयअनुसार त्याग पनि गर्नुपर्छ, सधैं किचलो गरेर फाइदा छैन । हिजो प्रजातन्त्र प्राप्तिका लागि लडेको कांग्रेस आज पद र शक्तिका लागि लडिरहेको छ, त्यो पनि आफ्नै पार्टीभित्र ।

त्यागी व्यक्ति सम्मानित, महान् हुन्छ, त्यसैले त्याग गर्नपर्छ भन्ने सोच कांग्रेस नेतामा देखिएन । देउवा र गगन पक्षको जुहारीले देशलाई राजनीतिक बाधक बनायो । सशक्त प्रतिपक्षी भएर सरकारलाई सचेत गराउनुपर्ने दलभित्र विचलन आएको देख्दा अचम्म लाग्छ । कुनै समय एकल बहुमतको सरकार बनाउन सफल कांग्रेस अहिले प्रत्यक्षतर्फ १७ सिटमा सीमित भएको छ । त्यति हुँदा पनि कांग्रेसका नेतामा चेत आउँदैन भने कहिले आउला ? पार्टीभित्र त मिल्न नसक्ने कांग्रेसी नेताले कसरी अन्य दलसँग सहकार्य गरेर अघि बढ्न सक्लान् ? स्थानीय निर्वाचन आउँदै छ । यस्तै किचलो पार्टीभित्र रहने हो भने के हालत होला ? एकपटक शीर्ष नेताले सोचून् । जनता कुनै दल विशेषका दास या आज्ञाकारी अनुचर होइनन् । उनीहरूको निर्णय सबैका लागि सर्वोपरी नै हुनेछ । तैपनि, लामो समयसम्म प्रजातन्त्रका लागि लडेको कांग्रेसजस्तो लोकतान्त्रिक दल देशबाट शून्यमा झर्नु पक्कै पनि राम्रो होइन ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

साँच्चै सजिलो छ सोसल मिडियाबाट पैसा कमाउन ?

सोसल मिडियाबाट पैसा कमाउने सपना देख्नु नराम्रो होइन, तर यसलाई जादुको छडी सम्झनु गलत हो



● शम्भुप्रसाद ढुंगाना

नेपालमा सोसल मिडियाको प्रभाव पछिल्ला वर्षमा निकै बढेको छ । मोबाइल र इन्टरनेटको पहुँच गाउँ-गाउँसम्म पुगेपछि फेसबुक, टिकटक, युट्युब र इन्स्टाग्राम अब केवल समय बिताउने माध्यम मात्र रहेनन्, धेरैका लागि आशा र सम्भावनाको ढोका बनेका छन् । दैनिक रूपमा देखिने भाइरल भिडियो, महँगो गाडी चढेका क्रिएटर, विदेश नगई नेपालमै बसेर कमाइ गरेका कथाले धेरै नेपाली युवालाई आकर्षित गरेको छ । तर, वास्तविकता भने फरक छ । सोसल मिडियाबाट कमाइ सम्भव छ, तर धैर्य, निरन्तरता र फरक सीप चाहिन्छ । गुणस्तरीय र स्पष्ट विषय, कन्टेन्टमा नियमितताले मात्रै आम्दानी गर्न सकिन्छ । जब धेरैले रुचाउन थाल्छन्, तब विज्ञापन वा डिजिटल सेवामार्फत पनि आम्दानी थप्न सकिन्छ । नक्कली फलोअर किन्नु, अरूको कन्टेन्ट नक्कल गर्नु र छिटो कमाइको भ्रम पाल्ने बानी परेपछि कमाइ होइन, समय मात्र बर्बाद हुन्छ ।

यति भन्दै गर्दा भर्खर सोसल मिडियामा काम गर्न थाल्नुभएका पाठक झस्किनुभएको हुन सक्छ, तर त्यस्तो होइन । माथि जे-जे भनिए पनि डिजिटल प्लेटफर्ममा पैसा छ । तर, कसरी पाउने भन्ने मात्र हो । यही कारण धेरैको मनमा एउटै प्रश्न उब्जिएको छ, के सोसल मिडियाबाट पैसा कमाउन साँच्चै सजिलो छ, कि यो केवल रहर र भ्रम मात्रै हो ?

नेपालको सामाजिक र आर्थिक अवस्थाअनुसार यो आकर्षण स्वाभाविक देखिन्छ । रोजगारीको अभाव, कम तलब, विदेश जानुपर्ने बाध्यता र अनिश्चित भविष्यले युवाहरू नयाँ बाटो खोजिरहेका छन् । सोसल मिडियाले देखाएको चम्किलो तस्बिरले म पनि सक्छु भन्ने आत्मविश्वास त दिन्छ, तर त्यसपछाडिको संघर्ष, समय र मानसिक दबाब भने कमै देखाइन्छ । नेपाली समाजमा छिटो नतिजा चाहने प्रवृत्ति हाबी छ । लामो समयसम्म मिहिनेत गर्नुभन्दा चाँडै देखिने सफलताले धेरैलाई तान्नु स्वाभाविक हो । यही सोचका कारण सोसल मिडियालाई सजिलो कमाइको माध्यम ठान्ने भ्रम फैलिएको देखिन्छ ।

वास्तविकता के हो भने यो पनि एउटा पेसा हो, जसमा सीप, योजना, समय र निरन्तरता चाहिन्छ । धेरैले सोचेजस्तो एक-दुईवटा भिडियो बनाएर वा भाइरल भएर तुरुन्तै पैसा आउँदैन । त्यस्ता धेरै उदाहरण छन् कन्टेन्ट भाइरल त भयो तर कमाइ भएन ।

युट्युबमा मोनिटाइज हुन निश्चित मापदण्ड पूरा गर्नुपर्छ, टिकटक र इन्स्टाग्राममा ब्रान्डको ध्यानमा पर्न फलोअर मात्र होइन, विश्वसनीयता पनि चाहिन्छ । फेसबुकमा पनि त्यही 'ट्रेन्ड'लाई फलो गर्नुपर्छ । यसबिच महिनौं बिनाआम्दानी काम गर्नुपर्ने अवस्था आउन सक्छ, त्यसमा पनि क्वालिटी, क्वान्टिटी र फरकपनलाई उत्तिकै मात्रामा टिकाइराख्नुपर्छ ।

साँचो कमाइ त्यतिबेला सुरु हुन्छ, जब क्रिएटरले आफ्नो क्षमता स्पष्टसँग बुझ्छ । सबै एकैचोटि गर्न खोज्दा न त कन्टेन्ट राम्रो बन्छ, न दर्शक टिक्छन् । कसैले हास्यमा, कसैले शिक्षा, यात्रा, खाना, प्रविधि, सौन्दर्य वा प्रेरणामा आफ्नो पहिचान बनाउन सक्छन् । रुचि र क्षमतासँग मेल खाने विषयमा काम गर्दा कन्टेन्ट बनाउने यात्रा पनि बोझिलो हुँदैन । गुणस्तरीय कन्टेन्ट, स्पष्ट प्रस्तुति र दर्शक टिकाइरहने सोचले मात्र दीर्घकालीन सफलता ल्याउँछ ।

निरन्तरता सोसल मिडियाको सबैभन्दा ठुलो चुनौती र शक्ति दुवै हो । धेरै नेपाली सिर्जनाकर्ता केही साता वा महिनामा अपेक्षित नतिजा नदेख्दा निराश भएर छोड्छन् । तर, सफल भएका अधिकांशले लामो समयसम्म चुपचाप मिहिनेत गरेका हुन्छन् । अहिले एल्गोरिदमको चर्चा भइरहेका वेला एल्गोरिदमलाई स्पष्ट बुझ्न पनि जरुरी छ । एल्गोरिदमले पनि नियमित रूपमा कन्टेन्ट दिने, दर्शकसँग अन्तर्क्रिया गर्ने र समयसँगै सुधार देखाउने क्रिएटरलाई प्राथमिकतामा राख्छ । यही निरन्तरताबाट विश्वास जन्मिन्छ र विश्वासबाटै कमाइका ढोका खुल्छन् ।

समस्या समाधान गर्न पूरा गरिने चरण नै एल्गोरिदम हो । जसरी खाना पकाउन रेसिपी हुन्छ, त्यसैगरी कम्प्युटरले काम गर्न एल्गोरिदम चाहिन्छ । उदाहरणका लागि तपाईंले फोनबुकमा कसैको नाम खोज्दा कुन तरिकाले खोज्नुहुन्छ ? सम्झनुहोस् त, त्यही नै एउटा एल्गोरिदम हो । यसका विभिन्न चरण हुन्छन् ।

सोसल मिडियाबाट हुने आम्दानी केवल प्लेटफर्मले दिने पैसा मात्र होइन, ब्रान्ड प्रमोसन, मार्केटिङ, आफ्नै सेवा वा प्रोडक्ट बिक्री, अनलाइन कक्षा, परामर्शबाट पनि आम्दानी हुन्छ । भारतमा अमिताभ बच्चनले सोसल मिडियामा कुनै ब्रान्डको प्रचारमा एउटा पोस्ट गरेबापत करिब ६० लाखदेखि ८० लाख नेपाली रुपैयाँ र साहरूख खानले एक करोडदेखि एक करोड ६० लाख नेपाली रुपैयाँसम्म लिने बताइन्छ । तर, त्यस्तो हुन दर्शकले तपाईंलाई विश्वास गर्नुपर्छ । केवल भ्यु र लाइकभन्दा पनि तपाईंको सोच, बोली र इमानदारीले दीर्घकालीन मूल्यको मापन तय गर्छ ।

तर, धेरैले यहींनेर गल्ती गर्छन् । सोसल मिडिया केवल भाइरल हुने खेल होइन, यो सम्बन्ध र भरोसाको प्लेटफर्म हो । नेपालमा केही समय भाइरल भएका तर अहिले गुमनाम मात्र होइन, आर्थिक अवस्थासमेत कमजोर भएका थुप्रै उदाहरण छन् ।

क्रिएटरमा धैर्य, अनुशासन र परिणाम देखाउने क्षमता आवश्यक हुन्छ । साथै, एल्गोरिदम, ट्रेन्ड, एडिटिङ र स्टोरी टेलिङ वा प्रेजेन्टेसन सिक्न तयार नहुने हो भने यो महासागरमा प्रतिस्पर्धा गरेर टिक्न गाह्रो पर्छ ।

सोसल मिडियाबाट कमाउने सपना गलत होइन । तर, यसलाई जादुको छडी सम्झनु गलत हो । रहरले यात्रा सुरु गरे पनि वास्तविक मिहिनेतले मात्र सफल क्रिएटर बनाउँछ । जसले केवल देखिएको चमक पछ्याउँछ, ऊ छिट्टै थाक्छ । जो प्रक्रिया बुझेर, सिकेर र धैर्य गरेर अघि बढ्छ, उसकै लागि सोसल मिडिया वास्तविक अवसर हो ।

सोसल मिडियाबाट पैसा कमाउन सजिलो छ कि छैन भन्ने प्रश्नभन्दा पनि तपाईं कति गम्भीर र दर्शकको रोजाइमा हुनुहुन्छ, तपाईंसँग वास्तविक क्षमता के छ भन्ने महत्त्वपूर्ण हुन्छ । तपाईं यसलाई दीर्घकालीन कामका रूपमा हेर्नुहुन्छ, निरन्तर सिक्न र आफैंलाई सुधार्न तयार हुनुहुन्छ भने यो रहर बिस्तारै तपाईंको बैंक खातामा पनि देखिन थाल्छ ।

युक्रेनको नयाँ रणनीतिले रुसलाई धक्का



एक वर्षअघि युक्रेनी राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीले 'युद्ध युक्रेनमा फिर्ता ल्याउने' रणनीति प्रस्तुत गरेका थिए। 'युद्ध रुसबाट ल्याइएको थियो र यो युद्धलाई रुसमै पछाडि धकेल्नुपर्छ। उनीहरूलाई शान्तितर्फ बाध्य पार्नुपर्छ। सुरक्षा सुनिश्चित गर्न उनीहरूलाई नै दबाब दिनुपर्छ,' जेलेन्स्कीले मार्च २०२५ मा भनेका थिए।

त्यसवेलादेखि र यस वर्ष अझ तीव्र रूपमा युक्रेनले रुसी सम्पत्तिको 'रणनीतिक तटस्थीकरण' गरिरहेको छ। यसको अर्थ रगत र खजानाको हिसाबले युक्रेनलाई कब्जा गरिएको क्षेत्र फिर्ता लिन कडा लडाइँ गर्नुपर्छ।

लगभग दैनिकजसो युक्रेनको नयाँ हतियार क्षमता, विशेषगरी यसको आफ्नै लामो दूरीको क्षेप्यास्त्र र उच्च क्षमताको ड्रोनले विनाश निम्त्याइरहेका छन्, जहाँ तिनीहरूले ऊर्जा पूर्वाधार, हतियार र विस्फोटक कारखाना र सैन्य कमान्ड र रसद केन्द्रमा प्रहार गर्छन्। युद्ध मैदानमा युक्रेनले प्रतिरक्षा गरिरहेको छ, युक्रेनी स्रोतका अनुसार प्रतिमहिना लगभग ३५ हजार रुसीलाई मारिरहेको वा घाइते बनाएको छ, जसले युद्धमा कुल मृत्युको संख्या साढे तीन लाख पुगेको दाबी गरिएको छ।



● पाउल हकेनोस

(बर्लिनस्थित पत्रकार हकेनोस राजनीतिक विश्लेषक हुन्। उनले मध्य तथा पूर्वी युरोपमा १९८९ देखि काम गरेका छन्)

रेगेन्सबर्ग विश्वविद्यालयका इतिहासकार उल्फ ब्रुनबाउरका अनुसार युक्रेनको उद्देश्य आफ्ना पश्चिमी समर्थकलाई यो देखाउनु हो कि 'उनीहरूसँग स्थायी शक्ति मात्र छैन, बरु रुसलाई हानि पुऱ्याउन सक्ने क्षमता छ। यसले रुसलाई सम्झौताका लागि प्रोत्साहन गरेर किभलाई अन्तिम शान्ति वार्ताका लागि राम्रो स्थितिमा राख्छ।'

रुसभर फैलिएका क्षतिग्रस्त तेल रिफाइनरीले रुसको आर्थिक जीवनरेखा उकुसमुकुस हुनुमा युक्रेनको सफलतालाई जोड दिन्छ। अप्रिलमा युक्रेनी सशस्त्र सेनाले २० तेल रिफाइनरी र निर्यात टर्मिनलमा प्रहार गरेका छन्। अप्रिल २८ मा रुसको कृष्ण सागर तटमा रहेको तुआप्से तेल रिफाइनरीमा युक्रेनी ड्रोन हमलाका नाटकीय तस्बिरहरूले युद्धमा रहेको रुसलाई विचलित देखाएको थियो, एक सातासम्म उक्त क्षेत्रबाट बाक्लो कालो धुवाँ निस्कियो र तीन सहरसहित दक्षिणी रुसको ३०० किलोमिटरभन्दा बढी क्षेत्रलाई ढाकेको थियो। युक्रेनबाट एक हजार ७५० किलोमिटर टाढासम्म प्रहार गरिएका हमला (जुन चार वर्षअघिको सम्भावित दायराभन्दा २.५ गुणा टाढा छ) ले रुसलाई इरान युद्धको कारणले भएको उच्च पेट्रोलियम मूल्यको पूर्ण रूपमा पुँजीकरण गर्न असमर्थ बनाएको छ।

अल जजिराका अनुसार युक्रेनले रुसलाई तेल निर्यातबाट अप्रत्यासित नाफा कमाउनबाट रोकेको छ, जसमध्ये केही अमेरिकाले इरान युद्ध र ऊर्जा संकटको सन्दर्भमा व्यक्तिगत प्रतिबन्ध हटाएर सम्भव बनाएको थियो। अर्को शब्दमा भन्नुपर्दा युक्रेनले रुसका लागि विनाशकारी देखिने अमेरिकी नीतिको प्रभाव जाँच गर्ने तरिका फेला पारेको छ। रिफाइनरीमा युक्रेनी ड्रोन आक्रमणको परिणामस्वरूप मार्चमा रुसको समुद्री तेल ढुवानी प्रतिदिन लगभग तीन लाख ब्यारेलले घट्यो। ब्लुमबर्गका अनुसार अप्रिलमा रुसी तेल रिफाइनरीको औसत उत्पादन प्रतिदिन ४.६९ मिलियन ब्यारेलमा झरेको छ, जुन डिसेम्बर २००९ पछिको कीर्तिमानी गिरवाट हो।

हवाई रक्षा प्रणाली, हवाई क्षेत्र र हतियार संयन्त्रजस्ता सैन्य प्रतिष्ठानमा भएका आक्रमणले युक्रेनमा रुसको स्थल युद्धलाई पनि बाधा पुऱ्याएको देखिन्छ। स्थलयुद्ध किभको अहिलेको प्राथमिकतामा छ। युद्धभूमिमा रुसको अगाडिको गति रोकिएको छ। अमेरिकास्थित थिंक ट्यांक इन्स्टिच्युट फर द स्टडी अफ वार (आइएसडब्लू) का अनुसार अप्रिलमा रुसी सेनाले युद्ध क्षेत्रमा ठुलो क्षति व्यहोर्नुपरेको छ।

यस सप्ताहन्तमा युक्रेनको लामो दूरीको हमला रुसी केन्द्रभूमिको गहिराइमा पुगे र उसको सैन्य प्रविधि उद्योगलाई हानि पुऱ्यायो। लामो दूरीको आक्रमणमा युक्रेनी ड्रोनले रुसको अर्धचालक उद्योगको मुख्य कोग जेलेनोग्राडमा एंडस्ट्रेम माइक्रो इलेक्ट्रोनिक्सलाई प्रहार गरे। ड्रोनहरूले मस्कोबाट केवल ८० माइल उत्तरमा रहेको दुब्नामा रुसको क्रुज मिसाइल कार्यक्रमको तन्त्रिका केन्द्रलाई पनि क्षति गऱ्यो। 'यो रणनीति युक्रेनको युद्धभूमिबारे हो। यो रुसलाई दोनबास क्षेत्र लिनबाट रोक्ने र युक्रेनले नियन्त्रण गर्न सक्ने वार्तामा बाध्य पार्ने बारेमा हो,' आइएसडब्लू विश्लेषक जर्ज बारोसले भने, 'त्यो समाधानको आधार हुनुपर्छ।'

> युद्धभूमिमा रुसको गति रोकिएको छ। अमेरिकास्थित थिंक ट्यांक इन्स्टिच्युट फर द स्टडी अफ वार (आइएसडब्लू) का अनुसार अप्रिलमा रुसी सेनाले युद्ध क्षेत्रमा ठुलो क्षति व्यहोर्नुपरेको छ।

बारोसका अनुसार रुस स्पष्ट रूपमा अब यस्तो तरिकाले डगमगाउँदै छ, जुन पहिले कहिल्यै भएको थिएन। रुस आत्तिइरहेको संकेतहरू जताततै छन्। त्यसकै प्रतिफल सम्भवतः मे ९ मा युद्धविरामका लागि पुटिनको आह्वान थियो। दोस्रो विश्वयुद्धमा नाजी जर्मनीमाथि सोभियत संघको विजयको सम्झनामा रुसको विजय दिवस पारेर युद्धविराम गरिएको थियो। उक्त दिनलाई रुसले धूमधामका साथ मनायो। पुटिनले युक्रेनलाई उत्सवमा बाधा नपुऱ्याउन अनुरोध गरे र सामान्यतया उबर-मार्सल परेडले यस वर्ष कुनै पनि सैन्य बढाइचढाइ गरेन।

स्वतन्त्र रुसी मिडिया आउटलेट मस्को टाइम्सका अनुसार क्रेमलिनले आफ्नो युद्ध लक्ष्य र 'विशेष सैन्य अप्रेसन'बारे रुसीलाई बताएको कथनलाई पुनर्विचार गरिरहेको छ। यसले युद्धलाई कम महत्त्व दिएको देखिन्छ। रुसी अधिकारीले स्पष्ट रूपमा युक्रेनसँग शान्ति सम्झौतालाई 'विजय'को रूपमा लिने तयारी गरिरहेका छन्। क्रेमलिनले सार्वजनिक सन्देशलाई सम्पूर्ण युक्रेन, विशेषगरी किभ कब्जा गर्ने र रुसले पहिले नै कब्जा गरेको पूर्वी र दक्षिणी युक्रेनमा कब्जा गरेको क्षेत्रलाई दृढतापूर्वक आफ्नो कब्जामा लिने अघिल्लो लक्ष्यबाट टाढा सार्न चाहन्छ।

र युद्धको उच्च लागतबारे रुसी राजनीतिक रणनीतिकारमा असन्तुष्टिको प्रमाण पनि छ। मस्को टाइम्सका अनुसार उच्चपदस्थ अधिकारीले युद्धको निरन्तरतामाथि ठुलो स्वरमा प्रश्न उठाउन थालेका छन्। सम्पूर्ण दोनबास क्षेत्र कब्जा गर्न पूर्ण युद्धकालीन अर्थतन्त्र र देशव्यापी जनपरिचालन आवश्यक रहेको उनीहरूको बुझाइ छ। यसले, रुसको स्रोतहरू खतरनाक रूपमा समाप्त हुने, अर्थतन्त्र ध्वस्त हुने र पहिले नै देखिएको भयानक जनसंख्या गिरावटले गति लिनेछन्। रुसका लागि यी धक्का जनमतमा बढ्दो रूपमा प्रतिबिम्बित भइरहेका छन्, जसले अहिलेसम्म युद्धलाई ठुलो मात्रामा समर्थन गर्दै आएको छ। यद्यपि, रुसी सर्वेक्षणले देखाउँछ कि ७३ प्रतिशत रुसीहरूले पुटिनको कार्यलाई अनुमोदन गर्छन्। पब्लिक ओपिनियन फाउन्डेसनका अनुसार यदि यो पश्चिमी राजनीतिज्ञमा लागू गरियो भने यो एक बलियो संख्या हो, तर यो फेब्रुअरी २०२२ पछि रेकर्ड गरिएको सबैभन्दा कम संख्या हो।

धेरैजसो रुसी विज्ञले युक्रेनले पुटिनलाई हटाउन रुसी उठ्ने आशा राखेका भन्ने गणनाप्रति भने शंका गर्छन्। अधिनायकवादी राज्यको नियन्त्रण धेरै बलियो छ र आफ्नो पक्षमा जनमत सुनिश्चित गर्न पुटिनले व्यापक रूपमा प्रयोग हुने टेलिग्राम च्यानलजस्ता सामाजिक सञ्जालमा कडाइ गरेका छन्, जुन धेरै रुसीका लागि व्यापक रूपमा पहुँचयोग्य मिडिया स्रोत हुन्।

आइएसडब्लूका बारोसको भनाइमा जनमत आज क्रेमलिनका लागि यस तरिकाले महत्त्वपूर्ण छ कि यो शीतयुद्धको समयमा थिएन। 'हाम्रो टोली पुटिनले शासन स्थिरतालाई अधिकतम बनाउन र स्वदेशमा असन्तुष्टि कम गर्न सैन्य रूपमा शंकास्पद निर्णय कति हदसम्म लिएका छन् भन्ने कुरामा छक्क परेको छ,' बारोसले भने। युक्रेनसँग युद्ध जित्ने 'कार्ड छैन' भन्ने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको तर्कलाई सन्दर्भ जोड्दै युक्रेनी रक्षा मन्त्रालयका सल्लाहकार फेदिर सेर्डियुकले भने, 'अहिले युक्रेनसँग गहिरो आक्रमण क्षमता मात्र होइन, यसले कृष्ण सागरमा प्रभाव देखाउन अत्याधुनिक मानवरहित सवारी साधन र सेन्सरमा निर्भर गर्छ,' उनले भने।

फरेन पोलिसीबाट

इतिहासमा आज

मे २२



सन् १९६० : चिल्लीको भाल्दिभिया केन्द्रबिन्दु भएर शक्तिशाली भूकम्प गयो। ९.५ रेक्टर स्केलको सो भूकम्पबाट सात हजार जनाको ज्यान गएको थियो। यसलाई रेकर्ड राख्न थालेयताकै सबैभन्दा ठुलो भूकम्प मानिन्छ।

सन् १८४९ : अब्राहम लिंकनको नाममा डुंगा उचाल्न प्रयोग हुने एक उपकरणको आविष्कारकको रूपमा नाम दर्ता भयो। लिंकन आविष्कारको रूपमा नाम दर्ता हुने एक मात्र अमेरिकी राष्ट्रपति हुन्।

सन् १९०६ : राइट दाजुभाइले आविष्कार गरेको 'विमान'का लागि प्याटेन्ट हासिल गरे। प्याटेन्टका लागि उनीहरूले तीन वर्षअघि निवेदन दर्ता गराएका थिए।

सन् १९३९ : जर्मन चान्सलर एडोल्फ हिटलर र इटलीका नेता बेनितो मुसोलिनीबिच 'प्याक्ट अफ स्टिल'नामक समझदारीमा हस्ताक्षर भयो। सम्झौताले सन् १९३६ को रोम-बर्लिन धुरी नामक गठबन्धनलाई औपचारिकता प्रदान गऱ्यो।

सन् १९४७ : बाह्य वा आन्तरिक अधिनायकवादी शक्तिबाट खतरामा रहेका प्रजातान्त्रिक देशलाई राजनीतिक, सैन्य र आर्थिक सहायता प्रदान गर्न भनेर ल्याइएको 'ट्रुम्यान डक्ट्रिन' आजकै दिनबाट कार्यान्वयनमा आयो। सुरुमा टर्की र ग्रिसले सहायता पाए।

सन् १९७२ : नयाँ अनुमोदन भएको संविधानअनुरूप 'सिलोन'को नाम बदलिएर 'श्रीलंका' बन्यो।

सन् १९९० : उत्तर यमन तथा दक्षिण यमनबिच एकीकरण भएर गणतन्त्र यमन स्थापना भयो।

सन् २००४ : भारतीय राष्ट्रिय कंग्रेस नेता तथा पूवअर्थमन्त्री मनमोहन सिंह भारतका १३औँ प्रधानमन्त्री बने।

सन् २०१४ : थाइल्यान्डमा जनरल प्रयुत चान-ओ-चाको नेतृत्वमा कु भयो, जुन सन् १९३२ पछिको १२औँ सैन्य कु थियो।

भारतमा चर्चा कमाएको 'कक्रोच जनता पार्टी'को एक्स अकाउन्ट बन्द

नयाँदिल्ली/ सामाजिक सञ्जाल 'एक्स'ले बिहीबार व्यंग्यात्मक 'कक्रोच जनता पार्टी' (सिजेपी)को एकाउन्ट बन्द गरेको छ। उता सोही नामको इन्स्टाग्राममा रहेको व्यंग्यात्मक खाताले एक करोड १७ लाख फलोअर्स पार गरेको छ। यो भनेको भारतको सत्तारुढ 'भारतीय जनता पार्टी (भाजपा)' को आधिकारिक अकाउन्टको भन्दा बढी फलोअर्स हो। इन्स्टाग्राम प्लेटफर्ममा भाजपाका करिब ८७ लाख मात्र फलोअर्स हुँदा कक्रोच जनता पार्टीका फलोअर्स एक करोड ३४ लाख पुगेका छन्।

सामाजिक सञ्जालमा यी दुवै खाता अमेरिकाको बोस्टनमा बसिरहेका ३० वर्षका अभिजित दीपकेले बनाएका हुन्। मे १६ मा खोलिएको एक्सको खाता पाँच दिनपछि नै बन्द गरिँदा दुई लाखभन्दा बढी फलोअर्स थिए। एक्समा आफ्नो व्यक्तिगत खातामा दीपकेले यस कदमप्रति प्रतिक्रिया दिँदै लेखेका छन्, 'सोचेजस्तै कक्रोच जनता पार्टीको खाता भारतमा बन्द गरिएको छ।' त्यस्तै उनले यसलाई भारत सरकारको 'आत्मघाती गोल'को संज्ञा दिएका छन्। भारतका प्रधानन्यायाधीश सूर्यकान्तले गत साता एक सुनुवाइका क्रममा दिएको विवादास्पद अभिव्यक्तिपछि दीपकेले व्यंग्यात्मक रूपमा विभिन्न सामाजिक सञ्जालमा कक्रोच जनता पार्टी खाता खोलेका थिए। प्रधानन्यायाधीश सूर्यकान्तले देशका युवा अभियन्तालाई 'बेरोजगार', 'परजीवी' र 'सांग्ला'सँग तुलना गरेका थिए।

इराकी प्रधानमन्त्रीका रूपमा अली अल-जैदीलाई ट्रम्पले किन गरे हतारमा समर्थन ?



● जसिम अल-अज्जाबी

लेखक इराकी मिडिया प्रशिक्षक, समाचारवाचक तथा कार्यक्रम प्रस्तोता हुन्।



वासिङटनले आफ्नो अपेक्षा स्पष्ट पारेको छ। उसले नयाँ सरकारले इराननजिकका इराकी मिलिसियाहरूलाई नष्ट गरिदियोस् भन्ने चाहेको छ। यो लक्ष्य कठिन साबित हुन सक्छ, तथापि असम्भव भने छैन। अल-जैदीले आर्थिक पक्षबाट यसलाई सम्बोधन गर्न सक्छन्।

संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले इराकको नयाँ प्रधानमन्त्रीका रूपमा अली अल-जैदीलाई समर्थन गर्ने निर्णयले केही वर्गलाई छक्क पारेको हुन सक्छ। तर, अली अल-जैदीलाई समर्थन गरेर ट्रम्पले कसलाई सत्ताबाहिर राख्न खोजेका हुन् भन्ने ख्याल गरियो भने सबै कुरा छर्लंग हुन्छ। इराकको प्रमुख संसदीय समूह 'कोर्डिनेसन फ्रेमवर्क' इराननजिक मानिने गठबन्धन हो। सिया दलहरूका यस गठबन्धनले सुरुमा पूर्वप्रधानमन्त्री नुरी अल-मलिकीलाई प्रधानमन्त्री उम्मेदवारको रूपमा चयन गरेको थियो।

वासिङटनले नुरी अल-मलिकीजस्ता खुला रूपमा इरान समर्थक प्रधानमन्त्रीको मनोनयन सहज रूपमा लिएन। विशेष गरी इराकभित्र र वरपरका क्षेत्रमा रहेका अमेरिकी सैन्य इलाकामा इरान समर्थक इराकी मिलिसियाहरूले निरन्तर आक्रमण गरिरहेको बिचमा वासिङटन झन् बढी सशंकित बन्यो। ट्रम्पले सार्वजनिक रूपमै अल-मलिकीको उम्मेदवारीको विरोध जनाए। उनले अल-मलिकी प्रधानमन्त्री नियुक्त भएमा इराकलाई दिइँदै आएको सबै सहायता कटौती गर्ने धम्कीसमेत दिए।

बोलीमा मात्र होइन, अमेरिकाले छिट्टै गम्भीर दबाब अभियान सुरु गऱ्यो। वासिङटनले इराकको तेल राजस्वबाट संकलन भएको नगद भुक्तानी जारी नगर्ने घोषणा गऱ्यो, जुन सन् २००३ मा इराकमाथि अमेरिकाले आक्रमण गरेदेखि नै 'फेडरल रिजर्भ बैंक अफ न्युयोर्क'मा जम्मा हुँदै आएको छ। अमेरिका त्यतिमै रोकिएन। उसले सुरक्षा सहायता पनि रोक्यो। इराकी सुरक्षा एजेन्सीहरूसँग जारी अमेरिकाको सहकार्य निलम्बन भयो। अमेरिकी वित्तमन्त्री स्कट बेसेन्टले अझ कठोर हुँदै चेतावनी दिँदै भने कि मिलिसिया (इरान समर्थित) हिंसालाई सक्षम पार्नेहरूलाई 'जवाफदेही ठहराइनेछ'।

ठुलो दबाबपछि कोर्डिनेसन फ्रेमवर्क गठबन्धन हच्कियो। त्यसपछि गठबन्धनले अल-मलिकीद्वारा समर्थित उम्मेदवार बसेम अल-बद्रीलाई अनुमोदन गर्ने असफल प्रयोग गऱ्यो। यस असफलतापछि गठबन्धनले अन्तिम निर्णायक बैठक बोलायो।

२५ मिनेटमै सकिएको सो बैठकले कुनै राजनीतिक अनुभव नभएका ४० वर्षीय बैंकर अली अल-जैदीलाई 'सम्झौताका' उम्मेदवारको रूपमा सर्वसम्मतिले अनुमोदन गऱ्यो।

अमेरिकी राष्ट्रपतिले अल-जैदीको मनोनयनलाई आफ्नो विजयको रूपमा दाबी गर्न कुनै समय खेर फालेनन्। मनोयनलगत्तै उनले अल-जैदीलाई फोन गरेर वासिङटन, डिसीको भ्रमणको निमन्त्रणा दिए। ट्रुथ सोसलको पोस्ट गर्दै उनले 'इराकका लागि उज्ज्वल भविष्य प्रदान गर्न सक्ने आतंकवादमुक्त नयाँ सरकार गठन' भएको शुभकामना दिए। ह्वाइटहाउसमा पत्रकारसँगको भेटघाटमा उनले अझ स्पष्ट पार्दै भने, 'हाम्रो सहयोगले उनले जिते।'

तर, अल-जैदीप्रति यति समर्थन किन त ? मुख्यतः उनी व्यावसायिक पृष्ठभूमिका राजनीतिबाहिरका व्यक्ति हुन्। अल-जानुब इस्लामिक बैंकको अध्यक्षको रूपमा सेवा गरिसकेका अल-जैदीको पृष्ठभूमि नै उनको सबैभन्दा ठुलो सम्पत्ति मानियो। गहिरो ध्रुवीकृत परिदृश्यमा, उनको राजनीतिमा नवप्रबेबी पहिचानले उनलाई घरेलु र अन्तर्राष्ट्रिय रूपमा एक सहज विकल्प बनायो। र, त्यसबाहेक अल-जैदीको चयनले व्यापक बार्गेनिङको स्पेस दिएका हुन सक्ने चर्चा छ। विशेषतः ट्रम्पले जुन शीघ्रताका साथ उनीप्रति बधाईको सौहार्दता प्रदान गरे त्यसले नै वासिङटनले सहुलियतको बदलामा आफ्नो समर्थन दिएको हुन सक्ने संकेत दिन्छ। यो परिवर्तनले नयाँ वास्तविकतालाई प्रतिबिम्बित गर्दछ। त्यो के भने, अमेरिका-इजरायली युद्धको कारण इरान कमजोर भएको समयमा उसले आफ्ना इराकी साझेदारहरूलाई पश्चिमी मागको प्रतिरोध गर्न सक्ने गरी अघि आउन सकेन।

यही सन्दर्भमा वासिङटनको मागलाई ध्यान दिनुपर्छ। अमेरिकी विदेश मन्त्रालयका एक वरिष्ठ अधिकारीले एएफपी समाचार एजेन्सीसँगको कुराकानीमा ट्रम्पको अल-जैदीप्रतिको समर्थनमा सर्त जोडिएको बताएका थिए। अमेरिकाले अल-जैदीको सरकारले इरान-समर्थित मिलिसियाविरुद्ध 'ठोस कारबाही' सुरु गरोस् भन्ने चाहेको छ। र, त्यस्तो कारबाहीपछि मात्र हाल रोकिएको वित्तीय ढुवानी र सुरक्षा सहायता पूर्ण रूपमा सुचारु हुन सक्ने बताइएको छ। 'आतंकवादी मिलिसियाहरूलाई राज्यका संस्थाबाट निष्कासन गरेर, तिनलाई दिइँदै आएको बजेट कटौती गरेर र लडाकुहरूले पाइरहेको तलब भुक्तानी रोक्का गरेर' कारबाही भएको सुनिश्चित गर्नुपर्ने ती अधिकारीले एएफपीलाई भने।

फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानविरुद्ध युद्ध सुरु गरेदेखि इराकमा रहेका अमेरिकी सुविधामा इरान-समर्थित मिलिसियाले ६०० भन्दा बढीपटक आक्रमण गरे। रोचक त के छ भने विगतमा युद्ध कम गर्ने प्रयासमा यीमध्ये कतिपय मिलिसिया इराकी राष्ट्रिय सुरक्षा अंगको हिस्सा बनाइएका छन्, अझ सञ्चालन कमान्ड तिनकै नियन्त्रणमा हुने गरी। अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता टमी पिगोटले यिनै आक्रमणप्रति इंगित गर्दै भनेका थिए, 'वासिङटनले अमेरिकी हितमाथि आक्रमण सहँदैन र इराकी सरकारले देशभित्र रहेका इरान-समर्थित मिलिसियाहरूलाई ध्वस्त गर्न तुरुन्तै सबै उपाय अपनाउने अपेक्षा गर्दछौं।'

इराकी संविधानअन्तर्गत अल-जैदीले इराकी संसद्मा मन्त्रिपरिषद् पेस गर्न ३० दिनको समय पाएका छन्। उनको सरकार अनुमोदन हुन १६७ मत आवश्यक पर्छ। उनले इराकलाई 'क्षेत्रीय र अन्तर्राष्ट्रिय रूपमा सन्तुलित देश' बनाउने वाचा गरेका छन्। दुई शक्तिशाली संरक्षक (अमेरिका र इरान)लाई सन्तुलनमा राखेर अघि बढ्न गाह्रो हुन्छ।

इराकी प्रधानमन्त्रीका रूपमा अल-जैदीको चयनलाई केहीले अल-मलिकीको राजनीतिक अवसानका रूपमा हेरेका छन्। ट्रम्पको स्पष्ट हस्तक्षेपले वास्तवमा उनको प्रासंगिकताको अन्त्य भएको संकेत गरेको थियो। नयाँ क्षेत्रीय गतिशीलतामाथि नजिकबाट नजर राखिरहेका चतुर अल-जैदीले यसमाथि पनि ध्यान दिएको हुनुपर्छ। यस्तोमा आगामी महिनामा, मिलिसियामाथि अमेरिकी दबाब तीव्र हुने अपेक्षा छ। तथापि, अल-जैदीको अगाडि केही ठुला चुनौती छन्।

वासिङटनले आफ्नो अपेक्षा पूरै स्पष्ट पारेको छ, त्यो भनेको नयाँ सरकारले इराननजिकका इराकी मिलिसियाहरूलाई नष्ट गरिदियोस् भन्ने हो। यो लक्ष्य कठिन साबित हुन सक्छ, तथापि असम्भव भने छैन। अल-जैदीले आर्थिक पक्षबाट यसलाई सम्बोधन गर्न सक्छन् : उनले राज्यको सुरक्षा निकायमा गाभिएका दसौँ हजार मिलिसिया लडाकुको तलब कटौती गर्न सक्छन्। यसले धेरै गुट विघटन हुनेछन्। केही चुनिएकालाई औपचारिक रूपमा इराकी सेनामा समाहित गर्ने विकल्प पनि छ।

अर्को चुनौती हाल स्ट्रेट अफ हर्मुज बन्द भएकाले इराकको तेल निर्यात पनि प्रभावित बनेको छ। यद्यपि, यदि वासिङटनले फेडरल रिजर्भ बैंकबाट स्थानान्तरण गर्नुपर्ने इराकी कोष निकासा गऱ्यो भने बगदादले केही राहत पाउन सक्छ। यसलाई अब लगभग निश्चित रूपमा मिलिसिया नियन्त्रणमा भएको प्रगतिसँग जोडिनेछ। जे भए पनि, इराकमा पीडादायी संरचनात्मक समायोजन गर्नैपर्ने थियो। देशमा भीमकाय बनेको सार्वजनिक क्षेत्र र अत्यधिक विस्तारित बजेट अब टिक्न सक्दैन। आगामी महिनामा, इराकको अवस्था निश्चित रूपमा तनावपूर्ण रहनेछ। र, यही तनावबिच इराकमाथि शासन गर्ने अल-जैदीको क्षमताको परीक्षण गर्नेछ।

अलजजिराबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार ८ जेठ ०८३

यसपटक पनि बजेटसँग जोडिएन आयोजना बैंक

मन्त्रालयगत बजेट प्रविष्ट प्रणाली बन्द भइसक्यो, आयोजना बैंकमा भने १३ जेठसम्म आयोजना प्रविष्ट गर्न पाइने

पवन तिमिल्सिना / नयाँ पत्रिका

आगामी आर्थिक वर्ष ०८३/८४ को बजेटमा पनि आयोजना बैंक पूर्ण रूपमा नजोडिने भएको छ। विगतका वर्षदेखि नै आयोजना बैंकमा प्रविष्ट नगरी बजेटमा कार्यक्रम राख्न नपाउने व्यवस्था कार्यान्वयनमा ल्याउने तयारी गरिएको थियो। तर, मन्त्रालयगत बजेट प्रविष्ट प्रणाली (एलएमबिआइएस)लाई आयोजना बैंकमा एकीकृत गराउन नसक्दा त्यो पूर्ण सफल हुन सकेको छैन।

राष्ट्रिय योजना आयोगका सहसचिव अर्जुन भण्डारीले आयोजना बैंकलाई एलएमबिआइएससँग जोड्न छलफल भइरहेको बताए। उनले भने, 'यसमा प्राविधिक विषय सम्बोधन हुन बाँकी छन्। जस्तै : एलएमबिआइएसमा भएका विवरण आयोजना बैंकमा छैनन्। दुवै प्रणालीलाई इन्टरलिंक गर्न प्राविधिक टिमले काम गरिरहेको छ। यो वर्ष पूर्वाधार तयार हुन्छ। अर्को वर्षदेखि आयोजना बैंक र एलएमबिआइएस एकीकृत रूपमा सञ्चालनमा आउनेछन्।'

यद्यपि, यसलाई बजेटमा समावेश गराउन आयोजना बैंकको सम्पूर्ण विवरण अर्थ मन्त्रालयमा बुझाइने भण्डारीले जानकारी दिए।

राष्ट्रिय आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीमा आयोजना प्रविष्टिका लागि आयोगले म्याद थप गरिसकेको छ। गत १ जेठमा भएको आयोगको बैठकले यस्तो निर्णय गरेको हो। विभिन्न मन्त्रालय तथा निकायको अनुरोध, पृष्ठपोषणसमेतलाई मध्यनजर गरी आगामी आर्थिक वर्षमा कार्यान्वयन हुने नयाँ, क्रमागत, अध्ययन र विशेष परिस्थितिका आयोजनाहरू सम्बन्धित मन्त्रालय वा निकाबाट राष्ट्रिय आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टिका लागि पेस गर्ने समयावधि १३ जेठसम्मका लागि थप गरिएको जनाएको छ।

मंगलबारसम्म भने आयोजना बैंकमा पाँच हजार चार सय ८३ वटा आयोजना प्रविष्ट भएका छन्। जसमा एक हजार ९२ वटा आयोजना गत आर्थिक वर्षमा प्रविष्ट भएका थिए। आयोजना बैंकमा प्रविष्ट भएकामध्ये तीन सय ९६ वटा नयाँ आयोजना छन्। एक सय २३ वटा निर्माणाधीन आयोजना छन्। चार हजार नौ सय ६४ वटा अध्ययनका चरणमा रहेका आयोजना प्रविष्ट भएको आयोगले जानकारी दिएको छ।

आयोजना बैंक र एलएमबिआइएसलाई एकीकृत बनाउन नसके पनि आयोजना बैंकमा प्रविष्ट नभएका आयोजना बजेटमा नराखिने अर्थसचिव डा. घनश्याम उपाध्यायको भनाइ छ।

उनका अनुसार आयोजना बैंकलाई एलएमबिआइएससँग अन्तरआबद्धता गराउने योजना आयोगले जिम्मा लिए पनि कार्यान्वयनमा आउन सकेको छैन। उनले भने, 'हामीले मन्त्रालयहरूका लागि एलएमबिआइएसमा प्रविष्ट गर्ने काम बन्द गरिसकेका छौं। आयोजना बैंकमा नभएको आयोजना बजेटमा भने जाँदैनन्। तर, यी दुई प्रणालीलाई अन्तरआबद्धता गराउन भने सकिएको छैन।'

समयसीमा र बजेट लागत खुलाइएको, पूर्वतयारी सम्पन्न भएका, कार्य सम्पन्न भएपछि सार्वजनिक सम्पत्तिमा वृद्धि वा रूपान्तरण हुने पूर्वाधार, आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय वा अन्य विकाससँग आयोजना मात्रै आयोजना बैंकमा प्रविष्ट गर्न पाइने व्यवस्था छ। आयोजना बैंकले आयोजनाको पहिचान, वर्गीकरण, मूल्यांकन, छनोट तथा प्राथमिकीकरण र पुनः प्राथमिकीकरण गर्छ। यो प्रणालीमा कार्यान्वयन गर्न योग्य सूचीकृत आयोजना मात्रै हुने आयोगको दाबी छ।

०८१ मा जारी राष्ट्रिय आयोजना बैंक (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्डअनुसार आगामी आर्थिक वर्षमा कार्यान्वयन हुने नयाँ आयोजनाको हकमा आयोजना बैंकमा चालू आर्थिक वर्षको फागुन मसान्तभित्र आयोजना प्रविष्टि गरिसक्नुपर्ने हुन्छ। तर, आयोजना बैंकको म्याद भने थपिँदै गइरहेको छ।

आयोजना बैंकमा नभएका कार्यक्रम बजेटमा आउँदैन

● **डा. घनश्याम उपाध्याय**, अर्थसचिव



आयोजना बैंकलाई एलएमबिआइएससँग अन्तरआबद्धता गराउने योजना आयोगले जिम्मा लिए पनि कार्यान्वयनमा आउन सकेको छैन। हामीले मन्त्रालयका लागि एलएमबिआइएसमा प्रविष्ट गर्ने काम बन्द गरिसकेका छौं। आयोजना बैंकमा नभएका आयोजना बजेटमा भने जाँदैनन्। तर, यी दुई प्रणालीलाई अन्तरआबद्धता गराउन भने सकिएको छैन।

यो वर्ष पूर्वाधार बन्छ, आगामी वर्ष कार्यान्वयनमा ल्याउँछौं

● **अर्जुन भण्डारी**, सहसचिव, योजना आयोग



आयोजना बैंकलाई एलएमबिआइएससँग जोड्न छलफल भइरहेको छ। यसमा प्राविधिक विषय सम्बोधन हुन बाँकी छन्। जस्तै : एलएमबिआइएसमा भएका विवरण आयोजना बैंकमा छैनन्। दुवै प्रणालीलाई इन्टरलिंक गर्न प्राविधिक टिमले काम गरिरहेको छ। यो वर्ष पूर्वाधार बन्छ, आगामी वर्ष कार्यान्वयनमा ल्याउँछौं।



■ अर्थमन्त्री र पूर्वअर्थमन्त्रीहरूबिच छलफल

सरकारी खर्च निर्ममतापूर्वक कटौती गर्न सुझाव

नयाँ पत्रिका



आगामी आर्थिक वर्ष ०८३/८४ को बजेटमा सरकारी खर्च कटौती गर्न पूर्वअर्थमन्त्रीहरूले अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई सुझाव दिएका छन्। बुधबार काठमाडौंमा आयोजित एक कार्यक्रममा अर्थमन्त्री डा. वाग्लेले आठजना पूर्वअर्थमन्त्रीहरूसँग नयाँ बजेटमा सुझाव लिएका हुन्। अर्थमन्त्री डा. वाग्लेले आफू बजेट निर्माणको अन्तिम चरणमा रहेको उल्लेख गर्दै पूर्वअर्थमन्त्रीहरूको अनुभव र अभ्यासलाई अनुशरण गर्दै अघि बढ्ने बताएका छन्। उनले सबै पूर्वअर्थमन्त्रीहरूले फरक-फरक राजनीतिक परिस्थितिमा अर्थ मन्त्रालयको नेतृत्व सम्हाले पनि उद्देश्य देश र जनताको हितमै केन्द्रित रहेको बताए।

'हामी सबैले जीवनको कुनै न कुनै कालखण्डमा अर्थ मन्त्रालयको बागडोर सम्हालेका छौं। त्यसबेलाको परिस्थितिअनुकूल वा प्रतिकूल जे भए पनि उद्देश्य देश र जनताका लागि राम्रो गर्ने नै थियो,' उनले भने, 'अब नयाँ परिस्थितिमा हामी आएका छौं। तपाईंहरूले गरेका राम्रो कामको अनुशरण गर्दै अघि बढ्ने हो।'

पूर्वअर्थमन्त्री जनार्दन शर्माले बजेट राजनीतिक प्रतिबद्धता कार्यान्वयन गर्ने दस्तावेज भएको बताएका छन्। उनले सरकारी खर्च निर्ममतापूर्वक कटौती गर्न, संघीयता कार्यान्वयनकेन्द्रित बजेट ल्याउन तथा खानी, खेल पूर्वाधार र कृषि उत्पादनमा लगानी बढाउन सुझाव दिए।

कार्यक्रममा पूर्वअर्थमन्त्री रामेश्वर खनाललेे तयारी नपुगेका खुद्रे तथा टुक्रे आयोजनाहरू बजेटमा नर्छर्न सुझाव दिए। उनले आफ्नै संयोजकत्वको उच्चस्तरीय आर्थिक सुधार कार्यदलको प्रतिवेदन कार्यान्वयन गर्न आग्रह गरे। पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डेले जमिन प्रयोगसम्बन्धी कानुन सुधार नगरेसम्म आर्थिक विकासले गति लिन नसक्ने बताए। उनले कृषि, उद्योग, आवास र व्यवसायका लागि छुट्टाछुट्टै भू-उपयोग नीति बनाउनुपर्ने सुझाव दिए। पाण्डेले सरकारी कार्यालय र कर्मचारीद्वारा गरिने वस्तु खरिदमा नियन्त्रण गर्नुपर्ने तथा कर्मचारी संख्या २० प्रतिशतसम्म घटाउन सकिनेबारे अध्ययन गर्नुपर्ने धारणा राखे।

पूर्वअर्थमन्त्री शंकर कोइरालाले पुराना आर्थिक प्रतिवेदन कार्यान्वयनमा जोड दिएका छन्। उनले विद्युत् व्यापार निजी क्षेत्रलाई खुला गर्न, औद्योगिक क्षेत्र विस्तार गर्न तथा वनसम्बन्धी कानुनी जटिलता हटाएर आयोजना निर्माण सहज बनाउन सुझाव दिए।

पूर्वअर्थमन्त्री डा. युवराज खतिवडाले बजेटलाई अत्यधिक महत्त्वाकांक्षी नबनाउन सरकारलाई सुझाव दिएका छन्। उनले राजस्व वृद्धिको सीमा १० देखि १२ प्रतिशतसम्म यथार्थपरक हुने उल्लेख गर्दै १५ प्रतिशतभन्दा माथिको लक्ष्य नराख्न आग्रह गरे। '१३ खर्ब राजस्व पुग्ने अवस्था छैन,' उनले भने। खतिवडाले कर संरचनामा बारम्बार हस्तक्षेप नगर्न, अन्तःशुल्क क्रमशः घटाउन तथा मूल्य अभिवृद्धि कर (भ्याट) लाई दुई दरमा विभाजन नगर्न सुझाव दिए।

पूर्वअर्थमन्त्री डा. प्रकाशचन्द्र लोहनीले सरकार र निजी क्षेत्रबिच सहकार्यको वातावरण बनाउनुपर्ने बताएका छन्। उनले साना, मझौला र ठुला उद्योगलाई समान रूपमा प्रोत्साहन गर्ने नीति आवश्यक रहेको उल्लेख गर्दै 'काम गर्नेलाई प्रोत्साहन' गर्ने प्रणाली विकास गर्न सुझाव दिए।

पूर्वअर्थमन्त्री डा. प्रकाशशरण महतले सामाजिक सुरक्षा भत्ता वास्तविक आवश्यकतामा आधारित बनाउनुपर्ने धारणा राखे। उनले नचाहिने सरकारी संरचना हटाउन, नेपाल वायुसेवा निगमलाई निजीकरण मोडेलमा लैजान तथा सरकारी उद्योग र जमिन निजी क्षेत्रलाई लिजमा दिन सुझाव दिए। महतले पाँच अर्ब रुपैयाँभन्दा माथिका ठेक्कामा सीमित समूहको मिलेमतो देखिएको भन्दै ठुला ठेक्का टुक्र्याएर प्रतिस्पर्धा बढाउनुपर्ने बताए।

पूर्वअर्थमन्त्री वर्षमान पुनले औद्योगिक करिडोरबाहेकका पूर्वाधारमा लगानीको प्रतिफल कमजोर देखिएको बताएका छन्। उनले भारतको बढ्दो मध्यमवर्गलाई लक्षित गर्दै नेपालमा 'हिल स्टेसन' तथा विवाह गन्तव्य विकास गर्न सुझाव दिए।

पूर्वअर्थमन्त्री विष्णुप्रसाद पौडेलले खर्चको यथार्थ अनुमानका आधारमा बजेट निर्माण गर्नुपर्ने बताए। उनले खानी उत्खनन र ढुंगागिट्टी निर्यातबारे बहस अघि बढाउन आग्रह गर्दै आँट गरेर काम गर्नुपर्ने बताए। पौडेलले बुढीगण्डकीजस्ता 'गेम चेन्जर' परियोजना घोषणामै सीमित नराखी कार्यान्वयनमा लैजानुपर्ने धारणा राखे।

■ कोशी प्रदेशको नीति तथा कार्यक्रम

हिमाली र पहाडी क्षेत्रको बसाइँसराइ नियन्त्रण गरिने

विराटनगरमा **गणेश लम्साल**



कोशी प्रदेश सरकारका प्रदेश प्रमुख परशुराम खापुडले सरकारको आगामी आर्थिक वर्ष ०८३/८४ का लागि बिहीबार नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन्। पुरानै योजना र कार्यक्रमहरू समावेशलाई निरन्तरता दिइएको नीति तथा कार्यक्रममा हिमाली र पहाडी क्षेत्रमा भएको बढ्दो बसाइँसराइ नियन्त्रणलाई जोड दिइएको छ।

विगतमा जस्तै खानेपानी र पूर्वाधारमा जोड, हिमाल र पहाडी क्षेत्रमा लगानी गर्नेलाई प्रोत्साहन, निजी क्षेत्रको लगानी प्राथमिकता, पर्यटन पूर्वाधारको संरक्षण र स्थानीय अर्थतन्त्र सबल बनाइने नीति कार्यक्रममा उल्लेख छ। चिया तथा कफीको विकासका लागि चिया अनुसन्धान तथा प्रशोधन प्रयोगशालालाई प्रभावकारी रूपमा सञ्चालनमा ल्याउने र अन्तर्राष्ट्रिय चिया सम्मेलन आयोजना गराउने पुरानै प्रतिबद्धताहरू पनि दोहोऱ्याइएको छ।

त्यस्तै, ठेक्का प्रणालीलाई समयसीमासहित सञ्चालन गराउन, प्रत्येक जिल्लामा भौतिक गुणस्तर परीक्षण गराउने, मनमोहन प्राविधिक विश्वविद्यालयको ल्याब उपयोगमा ल्याउने कार्यक्रममा उल्लेख छ।

नीति कार्यक्रममा ०८३ देखि साउनसम्म कोशी प्रदेश भ्रमण वर्ष मनाउने घोषणा गरिएको छ। निर्माण भएका पदमार्ग र होमस्टेहरूको सञ्चालनमा जोड दिने, साहसिक पर्यटनलाई व्यवस्थित गर्ने, हिमाल आरोहरणलाई प्रदेश सरकारमातहत ल्याउने, विराटनगर विमानस्थललाई प्रादेशिक विमानस्थलमा विकास गराएर अन्तरप्रदेश उडान गराउने नीति कार्यक्रममा समावेश छन्।

३५ प्रतिशतले घट्यो पुँजीगत लाभकर संकलन

१० महिनामा उठ्यो नौ अर्ब ११ करोड पुँजीगत लाभकर

नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८२/८३ को १० महिनामा सेयर कारोबारबाट सरकारलाई प्राप्त हुने पुँजीगत लाभकर ३५.३४ प्रतिशतले घटेको छ। सिडिएस एन्ड क्लियरिङ लिमिटेड (सिडिएससी)बाट प्राप्त माघ मसान्तसम्मको तथ्यांकले सेयर लगानीकर्ताले तिर्ने पुँजीगत लाभकर घटेको देखाएको हो। चालू आवको १० महिनामा नौ अर्ब ११ करोड २९ लाख ५६ हजार पुँजीगत लाभकर उठेको तथ्यांक छ। अघिल्लो वर्षको सोही महिनामा १४ अर्ब नौ करोड ४२ लाख पुँजीगत लाभकर उठेको थियो। गत आव ०८१/८२ मा भने १६ अर्ब ५४ करोड ३७ लाख संकलन भएको तथ्यांक छ।

गत आवमा सेयर बजार बढ्दो क्रममा थियो। चालू आवमा भने सेयर बजार अस्थिरजस्तो छ। गत असार मसान्तसम्म नेप्से परिसूचक २७९४.७८ विन्दुमा थियो। त्यसयता नेप्से परिसूचक थपघट हुँदै आएको छ। वैशाख मसान्तमा नेप्से २७३०.१८ विन्दुमा थियो। यो तथ्यांकले नेप्सेको अस्थिर अवस्था देखाउँछ। त्यसले गर्दा लगानीकर्ताले सेयर खरिद-बिक्री गरेर कमाउने नाफा पनि प्रभावित भएको छ। सिडिएससीका प्रवक्ता सुरेश न्यौपानेले सेयर बजारको प्रभाव पुँजीगत लाभकर संकलनमा पनि पर्ने बताउँछन्। 'यो वर्ष गत वर्षको तुलनामा यस्तो पुँजीगत कर संकलन घटेको देखिएको छ। यसले लगानीकर्ताले कमाउने नाफा घटेको देखाउँछ,' उनले भने।

सेयर कारोबारमा हुने खुद नाफामा दीर्घकालीनतर्फ पाँच प्रतिशत र अल्पकालीनतर्फ ७.५ प्रतिशत पुँजीगत लाभकर तिर्नुपर्छ। कुनै लगानीकर्ताले सेयर किनेर एक वर्षपछि बिक्री गर्दा हुने नाफामा पाँच प्रतिशत कर तिर्नुपर्छ। यसैगरी, लगानीकर्ताले सेयर किनेको एक वर्षभित्र बिक्री गर्दा हुने नाफामा भने ७.५ प्रतिशत पुँजीगत लाभकर लाग्नेछ। संस्थागत रूपमा सेयर कारोबार गर्नेले खुद नाफाको १० प्रतिशत कर तिर्नुपर्छ। सेयर कारोबार गर्दा घाटा भएमा कर तिर्नुपर्दैन। पछिल्लो समय लगानीकर्ताले धेरै नाफा कमाउन सकेका छैनन्।

■ कुन महिना कति उठ्यो पुँजीगत लाभकर



तथ्यांकअनुसार चालू आवको साउन महिनामा दुई अर्ब १५ करोड ७५ लाख ६९ हजार रुपैयाँ पुँजीगत लाभकर उठेको थियो। त्यसैगरी, भदौमा ६० करोड १४ लाख ९९ हजार रुपैयाँ, असोजमा २४ करोड ३६ लाख ५६ हजार रुपैयाँ र कात्तिकमा ३८ करोड पाँच लाख ९९ हजार रुपैयाँ पुँजीगत लाभकर उठेको थियो। यसैगरी, मंसिरमा ६२ करोड ९८ लाख २० हजार रुपैयाँ, पुसमा ५८ करोड ४३ लाख ५७ हजार रुपैयाँ र माघमा एक अर्ब २९ करोड १९ लाख २० हजार रुपैयाँ पुँजीगत लाभकर उठेको तथ्यांकमा उल्लेख छ। यस्तै, फागुनमा ५५ करोड १५ लाख ८१ हजार रुपैयाँ चैतमा एक अर्ब ७३ करोड ५७ लाख ८२ हजार रुपैयाँ र वैशाखमा ९३ करोड ६१ लाख ६८ हजार रुपैयाँ पुँजीगत लाभकर उठेको छ।

दूरसञ्चार प्राधिकरण अध्यक्षका लागि ३२ जनाको आवेदन

नयाँ पत्रिका

नेपाल दूरसञ्चार प्राधिकरणको अध्यक्ष पदका लागि ३२ जना र सदस्य पदका लागि ३३ जनाले आवेदन दिएका छन्।

सूचना तथा सञ्चार प्रविधि मन्त्रालयले २६ वैशाखामा सार्वजनिक सूचनामार्फत अध्यक्ष र सदस्य पदका लागि आवेदन मागेको थियो। मन्त्रालयले बिहीबार अध्यक्ष र सदस्यका लागि इच्छुकका उम्मेदवारको सूची सार्वजनिक गरेको हो।

सरकारले ल्याएको अध्यादेशबाट स्वतः पदमुक्ति भएका मन्त्रालयअन्तर्गतका प्राधिकरण, केन्द्र, समिति, बोर्ड तथा आयोगलगायतका पदाधिकारीमा पुनः पदपूर्तिको प्रक्रियालाई मन्त्रालयले तीव्रता दिएको छ। मन्त्रालयले प्राधिकरणमा अध्यक्षका साथै प्राविधिक तथा प्रशासनिक क्षेत्रबाट एक, बजार व्यवस्थापन क्षेत्रबाट एक, लेखा तथा लेखा परीक्षण क्षेत्रबाट एक र कानुनी क्षेत्रबाट एक गरी चार सदस्यका लागि आवेदन माग गरेको थियो।

प्राधिकरणको अध्यक्ष पदका लागि आवेदन दिनेहरूमा वीरगन्जका रोहित रौनियार, काठमाडौंका नगेन्द्रकुमार दास, ललितपुरका राकेश ताम्राकार, महोत्तरीका सरोजकुमार शर्मा, काभ्रेपाल्चोकका प्रदीपकुमार श्रेष्ठ, महोत्तरीका सुभाष साह, धनुषाका सुशीलप्रसाद साह, रौतहटका अनिलकुमार झा, काठमाडौंका नरेन्द्रमानसिं महर्जन, बुद्धिप्रसाद आचार्य, अमलेन्दुनारायण सिंह, रौतहटका रमेशकुमार श्रीवास्तव, कपिलवस्तुका नवीन जिसी, स्याङ्जाका महेशप्रसाद पाण्डेय, प्युठानका डा. शैलेन्द्र गिरी र रहेका छन्। त्यस्तै, अर्घाखाँचीका अर्जुन घिमिरे, गोरखाका जनार्दन भट्ट, काठमाडौंका अनन्तमान सिंह, काठमाडौंका मधुसूदन दाहाल, धादिङका दीपकराज लुइटेल, प्युठानका श्रीकृष्ण सुवेदी, रुपन्देहीका सनाउल्लाह खान, काठमाडौंका डा. भोजराज घिमिरे, दाङका सुनीलकुमार मिश्र, काठमाडौंका अम्बर स्थापित, मोरङका पंकजकुमार दास, काभ्रेका कृष्णराम धुँजु, ललितपुरका दीपकराज उप्रेती, झापाका माधव अधिकारी, सर्लाहीका नवीनकुमार कर्ण, झापाका दीपेश शिवाकोटी र काठमाडौंका डा. ई. राजीव सुब्बाले पनि प्राधिकरण अध्यक्षका लागि आवेदन हालेका छन्।

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

सामान्य प्रशासन विभाग
को

बोलपत्र आह्वानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८३/०२/०८)

यस बैंकलाई आर्थिक वर्ष २०८३/०८४ मा आवश्यक पर्ने तपसिलका उल्लेखित सामान तथा सेवाहरु एकै पटक वा पटक पटक गरि खरीद गर्ने प्रयोजनार्थ उक्त वस्तु तथा सेवा आपूर्ति वा प्रदान गर्न ईच्छुक इजाजतप्राप्त दर्तावाल फर्म तथा कम्पनीहरुले तपसिलमा उल्लेखित कागजातहरु संलग्न गरी मिति २०८३ साल जेष्ठ २२ गते शुक्रवार, अपरान्ह ४:०० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, कमलपोसरी काठमाण्डौमा आइपुग्ने गरि सिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

पेश गर्नु पर्ने कागजातहरु	
१.	फर्म तथा कम्पनी दर्ताको प्रमाणपत्र एवम् कारोबार क्षेत्र।
२.	मु.अ.क. (VAT) दर्ताको प्रमाणपत्र।
३.	अधिल्लो आ.ब.को करचुक्ता प्रमाणपत्र।
४.	कुनै उत्पादनको अधिकृत विक्रेता, डिलर वा वितरक भए सो को म्याद कायम रहेको प्रमाणपत्र।
५.	कम्तिमा विगतमा २ आर्थिक वर्षमा ३ वटा वाणिज्य बैंकमा काम गरेको अनुभवको प्रमाणपत्र र सोको विवरण।
६.	कालो सुचिमा नपरेको प्रमाण।

आपूर्ति गर्नु पर्ने सामान/सेवाहरु		
१.	सामान्य प्रिन्टिङ्ग (Normal Printing)	- रु ३,५००/- प्रति फारम
२.	स्टेशनरी सामान (Stationery Items)	- रु ३,०००/- प्रति फारम
३.	टोनर कार्टिजहरु (Printer accessories)	- रु २,५००/- प्रति फारम
४.	सेक्यूरिटी प्रिन्टिङ्ग (Security Printng)	- रु ३,०००/- प्रति फारम
५.	कुरियर सेवा (Courier Service)	- रु २,५००/- प्रति फारम

बोलपत्र दाताले माथि उल्लेखित एक वा एक भन्दा बढी वस्तु तथा सेवाको कारोवार गर्न चाहेमा छुट्टाछुट्टै बोलपत्र पेश गर्नु पर्ने छ । यस बैंकको खाता नं. **Bid Document Fee 9958370000** मा माथि उल्लेखित रकम (पछि फिर्ता नहुने) जम्मा गरेर बोलपत्र खरिद गर्न सकिने छ । । बोलपत्रको साथमा बोल अंकको २.५ (अढाई) प्रतिशतले हुन आउने रकमको कुनै वाणिज्य बैंकद्वारा जारी गरिएको बैंक जमानतपत्र वा यस बैंकको खाता नं. **9916102000 (Security Deposit)** मा नगद जम्मा गरेको भौचर संलग्न गर्नुपर्नेछ ।

बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा रद्द गर्ने आदि सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ र स्वीकृत बोलपत्र दातालाई सो को जानकारी गराईनेछ ।

स्वीकृत बोलपत्र दाताले बैंकको आवश्यकता अनुसार १ वर्ष (आ.व. २०८३/०८४) भरी मालसामान वा सेवा उपलब्ध गराउनु पर्नेछ ।

बोलपत्र दाताले सन्तोषजनक सेवा प्रदान गर्न नसके वा मालसामान उपलब्ध गराउन नसके बिना सूचना सूचीबाट हटाउन सकिने छ र यस उपर कहि, कतै, कुनै दावी वा विरोध गर्न पाइने छैन ।

यस सम्बन्धमा थप जानकारीका लागि कार्यालय समय भित्र बैंकको केन्द्रिय कार्यालय, सामान्य प्रशासन विभागमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

बोलपत्र दाखिला गर्ने अन्तिम मिति : २०८३ साल जेष्ठ २२ गते शुक्रवार, अपरान्ह ४:०० बजे सम्म।
बोलपत्र खोल्ने मिति, समय र स्थान : २०८३ साल जेष्ठ २५ गते सोमबार, बिहान ११:०० बजे (सामान्य प्रिन्टिङ्ग, स्टेशनरी सामान र टोनर कार्टिजहरु) र २०८३ साल जेष्ठ २६ गते मंगलवारका दिन बिहान ११:०० बजे (सेक्यूरिटी प्रिन्टिङ्ग र कुरियर सेवा), बैंकको केन्द्रिय कार्यालय, कमलपोसरी, काठमाडौं, नेपाल।

सम्पर्क ठेगाना :
प्राइम कमर्सियल बैंक लि.
कमलपोसरी, काठमाडौं, फोन नं. ०१ - ४५२३४३२, ४५२३४३३

लुम्बिनी विकास बैंक लिमिटेडको तत्कालिन कर्मचारी किरण बहादुर उम्रा मगरलाई कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८३/०२/०८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकका तत्कालिन कर्मचारी तपाई किरण बहादुर उम्रा मगरले यस विकास बैंकबाट लिनु भएको कर्मचारी आवास कर्जा सुविधा अन्तर्गतको ऋण रकम यस बैंकसँग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिएको छ। उल्लेखित मिति भित्रमा बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण कर्जा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान नभएमा यस बैंकलाई कर्जा सुरक्षण वापत लेखि दिनुभएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी अथवा सो बाट आफ्नो लेना असुल उपर नभएमा तपाई तत्कालिन कर्मचारी किरण बहादुर उम्रा मगर तथा सम्बद्ध पक्ष समेतको अन्य चल/अचल श्रीसम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून बमोजिम कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गरिनुका साथै तपाई तथा सम्बद्ध पक्षलाई समेत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा सूचीकृत गर्न सिफारिश गरी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

तपसिल

क.सं.	ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
१.	**नाम : किरण बहादुर उम्रा मगर** बाबुको नाम : मोहन बहादुर उम्रा मगर बाजेको नाम : मान बहादुर उम्रा मगर ठेगाना : लवटोली - ३, धनुषा हाल : जनकपुर - ४, धनुषा ना.प्र.प.नं. : ०१७०३०४६/७१८ जि.प्र.का. धनुषा, जारी मिति : २०६४/०१/१३ **केन्द्रीय कार्यालय : डिल्लीबजार**	**नाम : सुमिता कुमारी कर्ण** पतिको नाम : किरण बहादुर उम्रा मगर ससुराको नाम : मोहन बहादुर उम्रा मगर ठेगाना : जनकपुर - १६, धनुषा हाल : जनकपुर - ४, धनुषा ना.प्र.प.नं. : १७११०२/५२७२ जि.प्र.का. धनुषा जारी मिति : २०६८/०३/१७
	धितोको विवरण	
	सुमिता कुमारी कर्णको नाममा मालपोत कार्यालय धनुषामा दर्ता रहेको वेगाडावर - ८ क, धनुषा स्थित कित्ता नं. ५६७ को क्षेत्रफल ०-०-१३ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।	

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालय: सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं
फोन नं. ०१-४५१३२३२, ४५१३२३४, ४५२१६५६
फ्याक्स नं. ०१-४५१३५२६

बागमती प्रदेशको बजेट खर्च निराशाजक

चालू आव सकिन दुई महिना बाँकी रहँदा बजेट खर्च एकतिहाइ मात्रै, गत वर्षभन्दा पनि कमजोर

मकवानपुरमा **पोष्टराज अधिकारी**

चालू आर्थिक वर्ष ०८२/८३ सकिन दुई महिना मात्रै बाँकी रहँदा बागमती प्रदेश सरकारले कुल विनियोजित बजेटको करिब एकतिहाइ मात्रै खर्च गरेको छ। योसँगै प्रदेश सरकारको बजेट कार्यान्वयन क्षमता कमजोर देखिएको हो। आर्थिक मामिला तथा योजना मन्त्रालयले सार्वजनिक गरेको वैशाख मसान्तसम्मको वित्तीय प्रगति विवरणअनुसार प्रदेश सरकारले कुल ६७ अर्ब ४७ करोड ७३ लाख २७ हजार रुपैयाँ बजेटमध्ये २२ अर्ब ९८ करोड २५ लाख ५२ हजार रुपैयाँ मात्रै खर्च गरेको छ। यो कुल बजेटको ३४.०६ प्रतिशत हो। गत आवको सोही अवधिमा सरकारले ६४ अर्ब ५४ करोड बजेटमध्ये २५ अर्ब ११ करोड ४७ लाख अर्थात् ३८.९१ प्रतिशत खर्च गरेको थियो। यस आधारमा चालू आवमा बजेट खर्चको अवस्था गत वर्षभन्दा कमजोर देखिएको छ।

प्रदेश सरकारको विकाससँग प्रत्यक्ष जोडिएको पुँजीगत खर्चको अवस्था झनै कमजोर छ। चालू आर्थिक वर्षका लागि विनियोजन गरिएको ४१ अर्ब ५४ करोड ११ लाख पुँजीगत बजेटमध्ये वैशाख मसान्तसम्म ११ अर्ब ८७ करोड ७३ लाख मात्रै खर्च भएको छ। यो कुल पुँजीगत बजेटको २८.५९ प्रतिशत हो। अब आर्थिक वर्ष सकिन दुई



महिना मात्रै बाँकी रहँदा सरकारले अझै २९ अर्ब ६६ करोड ३७ लाख ६१ हजार रुपैयाँ पुँजीगत बजेट खर्च गर्नुपर्ने दबाबमा परेको छ।

चालूतर्फ भने खर्च तुलनात्मक रूपमा बढी देखिएको छ। प्रदेश सरकारले चालू खर्चतर्फ विनियोजन गरेको २५ अर्ब ९३ करोड ६२ लाख रुपैयाँमध्ये वैशाख मसान्तसम्म ११ अर्ब १० करोड ५१ लाख ९२ हजार रुपैयाँ अर्थात् ४२.८२ प्रतिशत खर्च भएको छ। यस्तै, चालू र पुँजीगत गरी 'अर्थ विविध' शीर्षकमा विनियोजन गरिएको पाँच अर्ब ८८ करोड ३७ लाख ५८ हजार रुपैयाँमध्ये हालसम्म कुनै खर्च भएको छैन।

प्रदेश सरकारले स्थानीय तहका लागि विनियोजन गरेको आठ अर्ब ६५ करोड ८९ लाख ५८ हजार रुपैयाँमध्ये वैशाख मसान्तसम्म पाँच अर्ब ३५ करोड १९ लाख रुपैयाँ निकासा भएको छ। यो कुल विनियोजनको ६१.८१ प्रतिशत हो।

विकासे मन्त्रालयकै खर्च क्षमता कमजोर

प्रदेश सरकारका विकासकेन्द्रित मन्त्रालयहरूको बजेट खर्च क्षमता कमजोर देखिएको छ। वैशाख मसान्तसम्म आइपुग्दा अधिकांश मन्त्रालयले विनियोजित बजेटको आधाभन्दा कम मात्रै खर्च गरेका छन्। प्रदेश सरकारको समग्र बजेट खर्च ३४.०६ प्रतिशतमा सीमित रहँदा विकास निर्माणसँग प्रत्यक्ष जोडिएका मन्त्रालयहरूको कार्यसम्पादन झनै कमजोर देखिएको हो। आर्थिक मामिला तथा योजना मन्त्रालयले सार्वजनिक गरेको वित्तीय प्रगति विवरणअनुसार सबैभन्दा बढी बजेट रहेको भौतिक पूर्वाधार विकास मन्त्रालयले २२ अर्ब ३६ करोड ७१ लाख ८२ हजार रुपैयाँ बजेटमध्ये सात अर्ब ५८ करोड ४९ लाख २४ हजार रुपैयाँ मात्रै खर्च गरेको छ। यो कुल बजेटको ३३.९१ प्रतिशत हो।

यस्तै खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयले आठ अर्ब ३२ करोड २० लाख १२ हजार रुपैयाँमध्ये दुई अर्ब ५५ करोड ४८ लाख ३४ हजार रुपैयाँ मात्रै खर्च गरेको छ। उक्त मन्त्रालयको खर्च प्रतिशत ३०.७० रहेको छ। कृषि तथा पशुपक्षी विकास मन्त्रालयको अवस्था अझ कमजोर देखिएको छ। मन्त्रालयले प्राप्त गरेको दुई अर्ब २३ करोड २१ लाख बजेटमध्ये ५४ करोड रुपैयाँ मात्रै खर्च गरेको छ। यो कुल बजेटको २४.२२ प्रतिशत हो।

यसैगरी, स्वास्थ्य मन्त्रालयले ४५.५१ प्रतिशत, वन तथा वातावरण मन्त्रालयले ४१.७४ खर्च गरेका छन्। श्रम, रोजगार तथा यातायात मन्त्रालयले प्राप्त बजेटमध्ये ४४.०२ प्रतिशत, आर्थिक मामिला तथा योजना मन्त्रालयले ४५.४६ प्रतिशत, सामाजिक विकास मन्त्रालयले ३३.७५ प्रतिशत तथा उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयले ३१.३२ प्रतिशत बजेट खर्च गरेका छन्।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको खर्च ३२.२० प्रतिशतमा सीमित छ भने आन्तरिक मामिला तथा कानुन मन्त्रालयले २७.०७ प्रतिशत मात्रै खर्च गरेको छ। संस्कृति तथा पर्यटन मन्त्रालयको खर्च १९.५५ प्रतिशत रहेको छ। सहकारी तथा गरिबी निवारण मन्त्रालयले ४१.७४ प्रतिशत बजेट खर्च गरेको छ। सबैभन्दा कमजोर कार्यसम्पादन युवा तथा खेलकुद मन्त्रालयको देखिएको छ। उक्त मन्त्रालयले वैशाख मसान्तसम्म जम्मा १४.१८ प्रतिशत मात्रै बजेट खर्च गरेको छ।

राजस्व संकलन पनि लक्ष्यअनुसार भएन

प्रदेश सरकारको राजस्व संकलनको अवस्था पनि अपेक्षाअनुसार सुधार देखिएको छैन। गत आवको यही अवधिमा लक्ष्यको ४६.८८ प्रतिशत राजस्व संकलन गरेको सरकारले चालू आवमा ४६.४४ प्रतिशत राजस्व संकलन गरेको छ। मन्त्रालयका अनुसार सरकारले चालू आवमा ६७ अर्ब ४७ करोड ७३ लाख रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखेकोमा वैशाख मसान्तसम्म ३१ अर्ब ३३ करोड ५५ लाख ४८ हजार रुपैयाँ मात्रै संकलन भएको छ।

मन्त्रालयका अनुसार प्रदेश सरकारले संघीय सरकारबाट प्राप्त हुने समानीकरण, ससर्त, विशेष र समपूरक शीर्षकबाट वैशाख मसान्तसम्म ५३.६० प्रतिशत अर्थात् सात अर्ब ९४ करोड २७ लाख ५६ हजार अनुदान प्राप्त गरेको छ। प्रदेश सरकारले चालू आवमा संघीय सरकारबाट १४ अर्ब ८१ करोड ९३ लाख अनुदान प्राप्त गर्ने अनुमान गरेको थियो।

नेप्सेमा दोहोरो अंकको गिरावट

काठमाडौं/ नेप्से परिसूचक बिहीबार दोहोरो अंकले घटेको छ। सो दिन बजार १२.३६ अंक अर्थात् ०.४४ प्रतिशतले घटेर परिसूचक २,७४२.११ विन्दु कायम भएको हो। सो दिन तीन सय ४८ कम्पनीको ८९ लाख ५५ हजार कित्ता सेयर ४४ हजारपटक खरिद-बिक्री हुँदा तीन अर्ब ८९ करोड ८४ लाख रुपैयाँको कारोबार भएको छ। बुधबार दिन तीन अर्ब ८२ करोडको सेयर किनबेच भएको थियो।

कुल कारोबारमा आएका कम्पनीमध्ये एक सय ८८ वटाको सेयर मूल्य घट्दा ७२ वटाको मात्रै बढेको छ। बाँकी नौ कम्पनीको स्थिर छ। यस्तै, १३ समूहमध्ये म्युचुअल फन्ड ०.१४ प्रतिशतले वृद्धि हुँदा व्यापार समूह स्थिर रह्यो। बाँकी सबै समूहमा एक प्रतिशतभन्दा कमको गिरावट देखिएको छ।

घटेको बजारमा बुंगल हाइड्रोका लगानीकर्ताले सर्वाधिक कमाए। उक्त कम्पनीको मूल्य ९.२६ प्रतिशतले बढ्यो। यस्तै, प्रभु बैंक डिबेन्चर, लक्ष्मी बैंक डिबेन्चर, माछापुच्छ्रे बैंक डिबेन्चर र एभरेस्ट डिबेन्चरको मूल्यमा क्रमशः ६.६, ५.७६, ४.३१ अनि ३.९० प्रतिशतको वृद्धि आएको छ। अपर लोहोरे खोलाका लगानीकर्ताले १४.९५ प्रतिशत गुमाएका छन्।

सबैभन्दा धेरै कारोबार आँखुखोला जलविद्युत्‌को भएको छ। सो कम्पनीको १७ करोड ७२ लाख रुपैयाँको सेयर किनबेच भएको छ। दोस्रोमा रिदी पावरको १५ करोड र तेस्रोमा बुंगल हाइड्रो १३ करोड ५९ लाख रुपैयाँबराबरको कारोबार भएको हो। सेयरका हिसाबले कुमारी बैंकको सर्वाधिक पाँच लाख १६ हजार कित्ता कारोबार भएको हो।

कर्पोरेट

गण्डकीका ४० विद्यार्थीलाई एनएमबि बैंकको शैक्षिक सामग्री सहयोग



काठमाडौं/ एनएमबि बैंकले गण्डकी प्रदेशको सामुदायिक विद्यालयमा अध्ययनरत ४० विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग गरेको छ। बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत यो सहयोग गरेको जनाइएको छ।

बैंकले तमू धिं नेपालको ४२औं स्थापना दिवसका अवसरमा तमू समुदायका जेहेनदार विद्यार्थीलाई पोसाक तथा शैक्षिक सामग्री सहयोग गरेको हो। गण्डकीका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री रेखा गुरुङ, तमु धिं नेपालका संस्थापक अध्यक्ष कर्मकुमारी तमू, अध्यक्ष हुमबहादुर गुरुङ तथा एनएमबि बैंक गण्डकी प्रदेश प्रमुख राजीव रञ्जितलगायतले सहयोग सामग्री वितरण गरेका हुन्। बैंकका गण्डकी प्रदेश प्रमुख रञ्जितले तमू धिं नेपालसँग सहकार्य गर्न पाउँदा खुसी लागेको बताए। शिक्षा, समुदाय सशक्तीकरण तथा सामाजिक विकासमा बैंकको सहकार्य निरन्तर रहने प्रतिबद्धता उनको थियो।

गंगालाल हस्पिटलमा कामना सेवा विकासले गर्‍यो भोजन वितरण

काठमाडौं/ कामना सेवा विकास बैंक लिमिटेडले सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रमा निःशुल्क भोजन वितरण गरेको छ। बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत उपचारका लागि आएका गरिब तथा विपन्न बिरामी एवं उनीहरूका कुरुवालाई निःशुल्क पौष्टिक भोजन वितरण गरेको हो। अस्पतालमा उपचारका क्रममा आर्थिक तथा सामाजिक रूपमा कठिन अवस्था भोगिरहेका बिरामी र उनीहरूका कुरुवाहरूलाई सहयोग पुर्‍याउने उद्देश्यले उक्त कार्यक्रम सञ्चालन गरिएको बैंकले जनाएको छ।

कार्यक्रममा बैंकका ब्रान्डिङ तथा सिएसआर प्रमुख सुशील पौडेल एवं आरति भोजन परिवारका अध्यक्ष डा. बिनुबाबा अर्यालको



उपस्थिति थियो। पौष्टिक भोजन आवश्यक परेकालाई बैंकले सहयोग गर्न पाउँदा खुसी लागेको पौडेलले बताए। आरति भोजन परिवारले ०८१ मंसिरदेखि गंगालालमा उपचाररत बिरामीका कुरुवालाई नियमित निःशुल्क भोजन सेवा प्रदान गर्दै आइरहेको छ।

गोदरेज ब्रान्डका एयर कुलर बजारमा

काठमाडौं/ गोदरेज ब्रान्डले विभिन्न एयर कुलरमार्फत नेपाली बजारमा आधुनिक कुलिङ समाधान उपलब्ध गराउँदै आएको जनाएको छ। कम्पनीका अनुसार अहिले एयर कुलर केवल गर्मी छल्ने उपकरण मात्र नभई दैनिक जीवनको सहजतासँग जोडिएको घरेलु सामग्रीका रूपमा स्थापित हुँदै गएको छ। जसमा स्नोचिल, चिलप्रो, कुलब्लास्ट प्लस, कुलब्लास्ट तथा एज मिनीकुल मोडेल रहेका छन्। आकर्षक डिजाइन, सहज प्रयोग र राम्रो कुलिङ अनुभवका कारण गोदरेज कुलरले बजारमा छुट्टै पहिचान बनाएको कम्पनीको दाबी छ।



यी कुलरमा शक्तिशाली कुलिङ क्षमता, धेरै हावा फाल्ने प्रणाली, हनिकम्ब प्याड, थर्मल ओभरलोड प्रोटेक्सन तथा आइस ड्रिप प्रविधिजस्ता सुविधा समावेश गरिएको बताइएको छ। साथै, केही मोडेलमा एन्टी ब्याक्टेरियल ट्यांक तथा एन्टी ब्याक्टेरियल कुलिङ प्याडसमेत प्रयोग भएको छ। यसले स्वच्छ हावा प्रवाहमा सहयोग पुग्ने कम्पनीको भनाइ छ। साथै, ह्युमिडिटी कन्ट्रोल, फोरवे स्विङ तथा ड्राई रन प्रोटेक्सनजस्ता सुविधाले प्रयोगकर्तालाई थप सहज अनुभव दिने विश्वास कम्पनीको छ।

सिजीले ल्यायो ४४ मोडेलका रेफ्रिजेरेटर

काठमाडौं/ इलेक्ट्रोनिक्स ब्रान्ड सिजीले ६० देखि ५५० लिटर क्षमताका ४४ वटा विभिन्न मोडलका रेफ्रिजेरेटर बजारमा उपलब्ध गराइरहेको छ। गर्मीमा पकाएको खाना लामो समयसम्म राख्दा बिग्रिने समस्या समाधानका लागि सिजीका रेफ्रिजेरेटर उपयुक्त विकल्प हुने बताइएको छ। यसमा भएको मल्टी-एयर फ्लो र फास्ट कुलिङ प्रविधिले खानेकुराको ताजापन र पोषणलाई लामो समयसम्म बचाइराख्ने कम्पनीको भनाइ छ।

कम्पनीका अनुसार बिजुलीको बिल धेरै आउने समस्या पनि स्मार्ट इन्भर्टर प्रविधिले हटाइदिएको छ। यो प्रविधिले आवश्यकताअनुसार कुलिङ गरी ऊर्जा बचत गर्ने बताइएको छ। कोठा भाडामा लिएर बस्ने विद्यार्थीदेखि ठुला संयुक्त परिवारसम्म, सबैको



आवश्यकता र बजेटलाई सुहाउने ४४ वटा विकल्प सिजीले उपलब्ध गराउँदै आएको छ।

४४ मोडेलको मेगा लाइनअपमा आफ्नो परिवारअनुसार रेफ्रिजेरेटर छनोट गर्न सकिनेछ। सानो परिवार वा सीमित स्पेसका लागि विद्युत् खपत कम गर्ने, सानो भान्सामा पनि चिटिक्क मिल्ने र छिट्टै बरफ जम्ने ६० लिटरदेखि २३० लिटरसम्मका ३३ वटा मोडेल उपलब्ध हुनेछन्। त्यस्तै, मध्यम र संयुक्त परिवारका लागि २२० देखि ३५० लिटरसम्मका नौवटा 'फ्रस्ट-फ्री' मोडेल उपयुक्त हुने बताइएको छ। लक्जरी र प्रिमियम अनुभवका लागि कम्पनीले ५२० लिटरको मल्टी-डोर' र ५५० लिटरको साइड-बाई-साइड रेफ्रिजेरेटर उपलब्ध गराएको जनाइएको छ।

रेफ्रिजेरेटर देशभरका २१ वटा अत्याधुनिक सिजी डिजिटल सोरुममार्फत खरिद गर्न सकिनेछ।

सिटिजनलाई 'बेस्ट लाइफ इन्स्योरेन्स कम्पनी अफ द इयर' अवार्ड

काठमाडौं/ सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी अन्तर्राष्ट्रिय अवार्डबाट सम्मानित भएको छ। कम्पनी 'छैटौं इमर्जिङ एसिया इन्स्योरेन्स अवार्ड्स २०२५' अन्तर्गत नेपालकै उत्कृष्ट विधा 'बेस्ट लाइफ इन्स्योरेन्स कम्पनी अफ द इयर, नेपाल'बाट सम्मानित भएको हो। इन्डियन चेम्बर अफ कमर्सद्वारा थाइल्यान्डमा आयोजित कार्यक्रमबिच यो अवार्डको घोषणा गरिएको थियो।



आयोजकका तर्फबाट प्राप्त आधिकारिक ट्रफी र प्रमाणपत्र कम्पनीको केन्द्रीय कार्यालयमा ल्याइएको कम्पनीले जनाएको छ। यो प्रतिष्ठित पुरस्कारले कम्पनीको सुदृढ वित्तीय अवस्था, उत्कृष्ट ग्राहक सेवा, परिष्कृत डिजिटल प्रविधि र आमनागरिकमाझ जीवन बिमाको पहुँच पुर्‍याउन खेलेको नेतृत्वदायी भूमिकालाई अन्तर्राष्ट्रिय स्तरमा पुनः प्रमाणित गरेको बताइएको छ।

'यो अन्तर्राष्ट्रिय सम्मान हाम्रा आदरणीय ग्राहक महानुभावले हामीप्रति देखाएको अटुट विश्वास, हाम्रा प्रगतिका संवाहक अभिकर्ता साथीहरू र कर्मचारी वर्गको कडा परिश्रमको प्रतिफल हो,' कम्पनीले भनेको छ। कम्पनीले आगामी दिनमा आफ्ना सेवालाई अझ बढी सुरक्षित, भरपर्दो, आधुनिक र प्रविधिमैत्री बनाउँदै लग्ने बताएको छ।

नेपाल बैंक र डालिया होटेलबिच छुट सम्झौता



काठमाडौं/ नेपाल बैंक लिमिटेड र पोखराको लेकसाइडस्थित डालिया होटेलबिच छुट सम्झौता भएको छ। सम्झौतापत्रमा बैंकका तर्फबाट बजारीकरण तथा अनुसन्धान डिभिजन प्रमुख निर्मल सुवेदी र डालिया होटेलका तर्फबाट निर्देशक सीता रायमाझीले हस्ताक्षर गरेका हुन्। सम्झौताअनुसार यस बैंकमा खाता रहेका ग्राहक र बैंकमा कार्यरत कर्मचारीले उक्त होटेलका विभिन्न सेवामा १० देखि ३५ प्रतिशतसम्म छुट पाउनेछन्। बैंकले दुई सय ३१ शाखा, दुई सय ४६ एटिएमका साथै ६१ एक्सटेन्सन काउन्टरमार्फत सेवा दिँदै आएको छ।

कर्जा भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८३/०२/८ गते नयाँ पत्रिका दैनिक

यस ज्योति विकास बैंकको तपसिलमा उल्लेखित शाखा कार्यालयमा ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी, संचालक, प्रोप्राइटर, जमानीकर्ता समेत लाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गर्न गराउन हुन ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

तपसिल

क्र.स	शाखा कार्यालय रानीपौवा	
	ऋणीको नाम, ठेगाना	
१.	**नाम : पुर्ण प्रसाद पुडासैनी** ना.प्र.नं.१३८४-१४८४, जारी मिति : २०४४/११/०३, जि.प्र.का. नुवाकोट बाबुको नाम : इश्वरी प्रसाद पुडासैनी, बाजेको नाम : गंगा प्रसाद पुडासैनी ठेगाना : नुवाकोट जिल्ला, बेलकोटगढी न.पा वडा नं ३, हालको ठेगाना : नुवाकोट जिल्ला, बेलकोटगढी न.पा वडा नं ३	
	व्यक्तिगत जमानतकर्ताहरुको विवरण	
	१. नाम : बिन्दा कुमारी पुडासैनी ना.प्र.नं. ८२६१९, जारी मिति : २०५९/११/०४, जि.प्र.का. नुवाकोट पतीको नाम : पुर्ण प्रसाद पुडासैनी ससुराको नाम : इश्वरी प्रसाद पुडासैनी ठेगाना : नुवाकोट जिल्ला, कुमरी गा वि स वडा नं २ हालको ठेगाना : नुवाकोट जिल्ला, बेलकोटगढी न.पा वडा नं ३	**२. नाम : सालिकराम पुडासैनी** ना.प्र.नं. २५-०१-६९-००३३४, जारी मिति : २०६९/०१/१३, जि.प्र.का. नुवाकोट बाबुको नाम : पुर्ण प्रसाद पुडासैनी बाजेको नाम : इश्वरी प्रसाद पुडासैनी ठेगाना : नुवाकोट जिल्ला, कुमरी गा वि स वडा नं २ हालको ठेगाना : नुवाकोट जिल्ला, बेलकोटगढी न.पा वडा नं ३
	धितोमा रहेको सम्पतिको विवरण	
	१.बिन्दा कुमारी पुडासैनीको नाममा मालपोत कार्यालय नुवाकोटमा दर्ता श्रेष्ता कायम रहेको नुवाकोट जिल्ला, कुमरी गा.वि.स/न.पा. वडा नं. २ स्थित कित्ता नं. ११७२, १११७ र ११७५ को क्षेत्रफल ०-१३-३-०, १-९-०-२ र १-६-०-३ भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। २.पुर्ण प्रसाद पुडासैनीको नाममा मालपोत कार्यालय नुवाकोटमा दर्ता श्रेष्ता कायम रहेको नुवाकोट जिल्ला, कुमरी गा.वि.स/न.पा. वडा नं. २ स्थित कित्ता नं. ८६०, १३५६ को क्षेत्रफल ०-४-३-०, ६-२-१-१ भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	
१.	**शाखा कार्यालय खोर्सांने, मोरङ्ग**	
	ऋणीको नाम, ठेगाना	
	नाम : लिना कुटानी पिसानी मिल नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय,घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यलय, मोरङ (विराटनगर) दर्ता न. ८९२१/०६६/८/९, दर्ता मिति : २०६६/०८/०९, पान नं. ३०३९८२०८९, दर्ता मिति : २०६६/१०/१५ ठेगाना : मोरङ जिल्ला, टकुवा वडा नं ९,हाल : मोरङ जिल्ला, सुनवर्षि न.पा वडा नं :४,प्रोपाईटर : सच्चिदानन्द यादव	
	ऋणी तथा जमानीकर्ताको विवरण :	
	नाम : सच्चिदानन्द यादव ना.प्र.नं. १९७५९/४, जि.प्र.का. मोरङ जारी मिति : २०६१/१०/१८ बाबुको नाम: चमरु यादव, बाजेको नाम : विसन लाल यादव ठेगाना :मोरङ जिल्ला,टकुवा गा.वि.स.वडा न .९ हाल : मोरङ जिल्ला,सुनवर्षि न.पा वडा न. ४	**नाम : लिना यादव** ना.प्र.नं. ०५२०१६/८३६, जि.प्र.का. मोरङ जारी मिति : २०६५/०४/१२ पतिको नाम: सच्चिदानन्द यादव, ससुराको नाम : चमरु यादव ठेगाना :मोरङ्ग जिल्ला,टकुवा गा.वि.स.वडा न .९ हाल :मोरङ्ग जिल्ला, सुनवर्षि न.पा वडा न .४
	व्यक्तिगत जमानतकर्ताहरुको विवरण	
	१. नाम : देवकलिया देवी ना.प्र.नं. ४२२/२१८, जि.प्र.का. मोरङ जारी मिति : २०४४/११/६ पतिको नाम: चमरु यादव,ससुराको नाम : विसन लाल यादव ठेगाना :मोरङ्ग जिल्ला,टकुवा गा.वि.स.वडा न .९ हाल :मोरङ्ग जिल्ला, सुनवर्षि न.पा वडा न .४	**२. नाम : चमरु यादव** ना.प्र.नं. ८६२, जि.प्र.का. मोरङ जारी मिति : २०३७/०८/२३ बाबुको नाम: विसन लाल यादव,बाजेको नाम : गनौरी यादव ठेगाना :मोरङ जिल्ला,टकुवा गा.वि.स.वडा न .९ हाल :: मोरङ जिल्ला, सुनवर्षि न.पा वडा न .४
	३. नाम : प्रवीण कुमार यादव ना.प्र.नं. ०५२०१६/२०, जि.प्र.का. मोरङ जारी मिति : २०६४/१२/१० बाबुको नाम: चमरु यादव,, बाजेको नाम : विसन लाल यादव ठेगाना : मोरङ्ग जिल्ला,टकुवा गा.वि.स. वडा न .९ हाल : मोरङ्ग जिल्ला, सुनवर्षि न.पा वडा न .४	**४. नाम : रविन्द्र कुमार यादव** ना.प्र.नं. ०५२०१६-२१, जि.प्र.का. मोरङ जारी मिति : २०६४/१२/१० बाबुको नाम : चमरु यादव, बाजेको नाम : विसन लाल यादव ठेगाना :मोरङ्ग जिल्ला,टकुवा गा.वि.स. वडा न .९ हाल : मोरङ्ग जिल्ला, सुनवर्षि न.पा वडा न .४
	धितोमा रहेको सम्पतिको विवरण	
	१. चमरु यादवको नाममा मालपोत कार्यालय रंगेली,मोरङमा दर्ता श्रेष्ता कायम रहेको मोरङ जिल्ला,टकुवा गा.वि.स.वडा नं. ९क स्थित कित्ता न. १७१ र ३५७ को क्षेत्रफल क्रमश: ०-१-१३-०,०-२-०-० (बि-क-धु) र मोरङ जिल्ला, टकुवा गा.वि.स.वडा नं. ९ ग स्थित कित्ता न. १२६ को क्षेत्रफल ०-५-१५-० (बि-क-धु) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। २. सच्चिदानन्द यादवको नाममा मालपोत कार्यालय रंगेली,मोरङमा दर्ता श्रेष्ता कायम रहेको मोरङ जिल्ला,टकुवा गा.वि.स.वडा नं. ९ क स्थित कित्ता न. ४३० को क्षेत्रफल ०-१-५-० (बि-क-धु) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। ३. देवकलिया देवीको नाममा मालपोत कार्यालय रंगेली,मोरङमा दर्ता श्रेष्ता कायम रहेको मोरङ जिल्ला, टकुवा गा.वि.स.वडा नं.९ ग स्थित कित्ता न. १५९ को क्षेत्रफल ०-१०-०-० (बि-क-धु) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	
१.	**शाखा कार्यालय दिक्तेल, खोटाङ**	
	ऋणी तथा जमानीकर्ताको नाम, ठेगाना	**व्यक्तिगत जमानतकर्ताको विवरण**
	नाम : राम बहादुर भुजेल ना.प्र.प.नं. १२१०७०/९/०६६/६७, जि.प्र.का. खोटाङ जारी मिति : २०४५/०१/१७ बाबुको नाम : अम्वर बहादुर भुजेल, बाजेको नाम : गोथ बहादुर भुजेल ठेगाना : खोटाङ जिल्ला, ऐसेलुखर्क वडा नं. ८, हाल : खोटाङ जिल्ला, ऐसेलुखर्क गाउँपालिका वडा नं. ३,	**नाम :.सावित्रा भुजेल** ना.प्र.प.नं. १२३०७०/२६१, जि.प्र.का. खोटाङ जारी मिति : २०६३/१०/२५ पतिको नाम : राम बहादुर भुजेल ससुराको नाम : अम्वर बहादुर भुजेल ठेगाना : खोटाङ जिल्ला, ऐसेलुखर्क वडा नं. ७, हाल : खोटाङ जिल्ला, ऐसेलुखर्क गाउँपालिका वडा नं.३
	धितोमा रहेको सम्पतिको विवरण	
	सावित्रा भुजेलको नाममा मालपोत कार्यालय खोटाङ, दिक्तेलमा दर्ता श्रेष्ता कायम रहेको खोटाङ जिल्ला, ऐसेलुखर्क गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. क्रमस ४२०, ५०३, ५९४, ५१८,को क्षेत्रफल क्रमश : ४-६-२-२, ३-१३-२-२, २-८-३-२ र २-१२-०-२ (रोपनी) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। धनी ज्योति विकास बैंक लि. भई ऋणी राम बहादुर भुजेलको नाममा यातायात व्यवस्था कार्यालय (सवारी) इटहरी, सुनसरी, कोशी प्रदेशमा दर्ता कायम रहेको प्र १-०२००२ च ६०७८, च्यासिस नं. MAT546174NSR02754, ईन्जीन नं. 4SPCR10BXX603668 को TATA XENNON YODHA 4X4 CC रहेको सवारी साधन १ थान।	

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६/०७/०८/०९/१०
शाखा कार्यालय: रानीपौवा फोन नं. ०१०-४११०२५
शाखा कार्यालय: दिक्तेल, खोटाङ फोन नं. ०३६-४२०६११,४२०६१३
शाखा कार्यालय: खोर्सांने,मोरङ फोन नं. ०२१-५४७४९९
website: www.jbbl.com.np, Email:info@jbbl.com.np

घर भाडामा लिने बारे ७ दिने सूचना

प्रकाशित मिति : २०८३/०२/०८ गते

यस बैंकको शाखा कार्यालय स्थानान्तरण गर्नको लागि तल उल्लेखित प्रमुख व्यापारिक क्षेत्रमा करिब ९०० देखि १४०० वर्गफिट क्षेत्रफल सहितको घर/फ्ल्याट आवश्यक भएकोले इच्छुक घरधनीहरुबाट प्रस्ताव पेश गर्न आव्हान गरिएकोछ।

क्र.सं.	स्थानान्तरण हुने शाखा कार्यालय	ठेगाना	जिल्ला	प्रदेश
१.	पुतलीसडक	काठमाडौं महानगरपालिका वडा नं. २९	काठमाडौं	बागमती
२.	खाडीचौर	काभ्रेपलाञ्चोक जिल्ला, पाँचखाल	काभ्रेपलाञ्चोक	बागमती

यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र रितपुर्वकको प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

शर्त तथा बन्देजहरु :

१. खामबन्द प्रस्ताव साथ आफूले भाडामा दिन चाहेको घरको विवरण र मासिक भाडादर उल्लेख गरि घरजग्गाको स्वामित्वको प्रमाणपत्र, घरको नक्सा पास प्रमाणपत्र, घर सम्पन्नताको प्रमाणपत्र र जग्गाधनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी संलग्न गर्नुपर्नेछ।
२. भाडामा दिने घर सडकसँग जोडिएको हुनुपर्नेछ।
३. भाडामा दिने घर पिल्लर सिष्टमको हुनुको साथै भुई तला वा एक तलामा कम्तिमा ९०० देखि १४०० वर्गफिट क्षेत्रफल भएको हुनुपर्नेछ।
४. भाडामा दिने घरमा पार्किङ्ग, ATM तथा जेनेरेटर राख्ने स्थान उपलब्ध हुनुपर्नेछ।
५. भाडामा दिने घर कुनै किसिमको कानूनी झमेला नभएको हुनुपर्नेछ।
६. घर भाडामा दिदा कम्तिमा १० वर्ष अवधिको लागि दिनुपर्नेछ।
७. भाडामा दिने घरमा घरधनीको तर्फबाट नै तयार गर्ने वा घरधनीको लगानी बैंकले तयार गर्ने जस्तै रंगरोगन, भल्ट कोठा निर्माण, बाथरुम र शौचालय निर्माण, टायलिंग वा फल्स सिलिंग निर्माण जस्ता के कस्ता सुविधा प्रदान गर्न सकिने हो सो आवेदनमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
८. खामबन्द प्रस्ताव बुझाउने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यालय खुलेको दिनमा उपरोक्त कार्यहरु हुनेछन्।
९. भाडामा दिने घर सडक मापदण्ड भित्र नपर्ने तथा सम्बन्धीत नियमनकारी निकायको मापदण्ड भित्रको हुनुपर्नेछ।
१०. घर भाडामा लिने वा नलिने, प्राप्त भएका प्रस्तावहरु कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ।
११. यस सम्बन्धि थप केही कुरा बुझ्न परेमा यस बैंकको सामान्य सेवा विभाग, थापाथलीमा सम्पर्क गर्न सकिनेछ।

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौं फोन नं. ०१–५३६८१५३, ५३६८७१९
सामान्य प्रशासन विभाग थापाथली, काठमाण्डौं फोन नं. ०१-५९११५१९, EXT ४०३/४०४

सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०२/०८

यस सा व उ स बाट संकलित साल गोलिया काठ २३७.२९ क्यू फिट र साल दाउरा ०.५ चट्टा लिलाम बिक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ।

कुसुण्डे पन्तेभिर छाँगापानी सा. वन उपभोक्ता समूह, भानु ७, तनहूँ।

सूचना !

सीता हाईड्रो पावर कम्पनी प्रा.लि. को मिति २०८२/०७/१५ को संचालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको अधिकृत तथा जारी पुंजि रु. ५,००,००,००,०००/- र चुक्ता पुंजि रु. १,०९,७३,२७,४००/- रहेकोमा कम्पनिको उदेश्य अनुरुप कार्य गर्न सो चुक्ता पुंजि अप्रयाप्त भएकोले यस कम्पनिको जारी पुँजिको हदसम्म शेयर निस्कासन गरी कम्पनिका विद्यमान शेयरधनीहरूलाई शेयर खरिदका लागि यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कम्पनिको रजिष्ट्रड कार्यालयमा शेयर खरिदको लागि आवेदन दिनुहुन सूचित गरिन्छ।

संचालक अध्यक्ष

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.नं. १७/०६९/०७०

नयाँ पत्रिका

■ काभा महिला भलिबल च्याम्पियनसिप आजदेखि

घरमै ट्रफी भित्र्याउने नेपालको लक्ष्य

सन् २०१९ र २०२२ को उपाधि विजेता नेपाललाई घरेलु कोर्टमै तेस्रोपटक उपाधि जित्ने अवसर



ट्रफीका साथ सहभागी आठ राष्ट्रका कप्तानहरू

नयाँ पत्रिका

नेपालले राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्ड हलमा शुक्रबारदेखि सुरु हुने काभा महिला भलिबल च्याम्पियनसिप खेल्दै छ । नेपालले उद्घाटन खेलमै चिरपरिचित प्रतिद्वन्द्वी भारतको सामना गर्दै छ । काभा च्याम्पियनसिपमा आयोजक नेपालसहित आठ राष्ट्र सहभागी छन् । यसपटकदेखि च्याम्पियनसिप जित्ने टोली सिधै एसिया कपमा छनोट हुनेछ । यसै प्रतियोगिता खेल्ने टोलीले पहिलोपटक वरीयतासमेत प्राप्त गर्नेछ ।

नेपाल प्रतियोगितामा दुईपटक च्याम्पियन भइसकेको छ । नेपालले सन् २०१९ र २०२२ मा उपाधि जित्दा मुख्य प्रशिक्षक जगदीश भट्ट दिए । काभा च्याम्पियनसिपका लागि महिला राष्ट्रिय भलिबल टोलीले एक महिनाको तयारी गरेको थियो । नियमित कप्तान अरुणा शाही, प्रतिभा माली, सरस्वती चौधरी, कविता भट्ट, साफिया पुन र पुनम चन्दजस्ता खेलाडी बिदेसिएपछि मुख्य प्रशिक्षक भट्टले च्याम्पियनसिपमा ६ नयाँ खेलाडीलाई मौका दिएका छन् । मुख्य प्रशिक्षक भट्टले राष्ट्रिय टोलीको जिम्मेवारी निरुता ठगुन्नालाई दिएका छन् ।

यसपटक वसन्ती साउदसँगै मीना सुनार, सलिना बुढामगर, एलिसा मानन्धर, ज्योत्सना महतो र सुनिता क्षेत्रीले पहिलोपटक टिममा स्थान बनाएका छन् । सिनियर खेलाडीमा कप्तान निरुतासहित उषा भण्डारी, सुमित्रा रेग्मी, सलिना श्रेष्ठ, प्रगति नाथ, कामना विष्ट, रिमा कुँवर र शान्तिकला तामाङ रहेका छन् ।

मुख्य प्रशिक्षक भट्टले युवा र सिनियर टोलीको तालमेल राम्रो भएको प्रतिक्रिया दिएका छन् । घरेलु कोर्टमा नेपालले उपाधि जित्नेमा प्रशिक्षक भट्ट यसपटक पनि विश्वस्त छन् । 'युवा र पुराना खेलाडीबिच राम्रो तालमेल भएको पाएको छु । टिम निकै राम्रो छ,' उनले भने, 'घरेलु कोर्टमा उपाधि जित्न तयार छौं । टिमले उपाधि जित्नेमा विश्वस्त छु ।'

नयाँ कप्तान निरुताले पनि टिमको तयारी राम्रो भएको बताउँदै उपाधि जित्न खेल्ने बताइन् । उनले सुरुको भारतसँगको खेलमै केन्द्रित भएको पनि सुनाइन् । 'हामी घरमै भएको प्रतियोगिता जित्न तयार छौं, तर त्यसअघि पहिलो खेलमा केन्द्रित हुन चाहन्छौं,' निरुताले भनिन्, 'सिनियर खेलाडी र युवा खेलाडीमा उच्च मनोबल पनि छ । त्यसैले आफ्नो लक्ष्यमा केन्द्रित हुनेछौं ।'

भारतसँगको त्यो खेल

सन् २०१९ मा नेपालमै भएको १३औं दक्षिण एसियाली खेलकुद प्रतियोगिताअन्तर्गत भलिबलको स्वर्ण पदक भिडन्तमा महिला टोलीले भारतसँग प्रतिस्पर्धा गरेको थियो । महिला टोलीले अहिले पनि त्यो खेललाई स्मरणीय रूपमा लिने गर्छन् । शाहीको कप्तानीमा नेपालले भारतविरुद्ध फाइनलको पाँचौं सेटसम्म चुनौती दिएको थियो । तर, भारतले नेपाललाई ३-२ को प्रतिस्पर्धात्मक सेटमा हराउँदै स्वर्ण जित्यो ।

सिनियर र युवा खेलाडीले राम्रो गर्नेछन्

● **जगदीश भट्ट**, मुख्यप्रशिक्षक, नेपाल



युवा र पुराना खेलाडीबिच राम्रो तालमेल भएको पाएको छु । अहिले यो टिम निकै राम्रो छ । सिनियर र युवा खेलाडी घरेलु कोर्टमा उपाधि जित्न तयार छौं । यस टोलीमाथि विश्वास गरेको छु ।

खेलाडी आत्मविश्वासी छन्

● **निरुता ठगुन्ना**, कप्तान, नेपाल



पछिल्लोपटक भारतसँग हार्दा निकै नराम्रो भएको थियो । त्यो समयको भन्दा राम्रो खेल्नेछौं । हामीलाई खेलमा दर्शकको साथ हुनेछ । खेलाडी कसैले पनि दबाब लिएका छैनन् । म आफैं कप्तानी गर्दै छु । प्रशिक्षकले पनि आत्मविश्वास बढाउनुभएको छ । युवा खेलाडीले पनि राम्रो गरिरहेका छन् ।

नेपाली खेलाडीले सानदार प्रदर्शन गर्दै पहिलो दुई सेटमा भारतलाई एकपक्षीय रूपमा हराएका थिए । तर, नेपाल लगातार तीन सेट गुमाएपछि नेपाल ऐतिहासिक रूपमा स्वर्ण पदक जित्नबाट वञ्चित भएको थियो ।

शुक्रबार भारतसँग खेल्नुअघि कप्तान निरुताले सोही दिनको स्मरण गरेर खेल्ने बताइन् । 'हामीले पक्कै आज त्यो खेल कुर्नुपर्छ । हामी सुरुका दुई सेट जितेर पनि पराजित भएका थियौं,' निरुताले भनिन्, 'यो भेटमा भने हामीले नतिजा ल्याउने गरी भारतविरुद्ध खेल्नेछौं ।'

आठ राष्ट्र सहभागी

१५ जेठसम्म आयोजना हुने प्रतियोगितामा आठ राष्ट्र सहभागी भएका छन् । यसपटक एसिया कप खेल्न पाउने र वरयीतामा समेत यसले फरक पार्ने भएपछि इरान, किर्गिस्तान, भारत र काजकिस्तानसमेत सहभागी भएका छन् । नेपाल रहेको समूह 'ए'मा भारत, किर्गिस्तान र माल्दिभ्स छन् । समूह 'बी'मा इरानसँगै श्रीलंका, बंगलादेश र काजकिस्तान छन्

नेपाली खेलाडी

निरुता ठगुन्ना (कप्तान), उषा भण्डारी सलिना श्रेष्ठ, सुमित्रा रेग्मी, कामना विष्ट, प्रगति नाथ, रिमा कुँवर, शान्तिकला तामाङ, मीना सुनार, सलिना बुढामगर, एलिसा मानन्धर, ज्योत्सना महतो, वसन्ती साउद, सुनिता क्षेत्री ।

■ आइसिसी विश्वकप लिग-२

नेपाललाई अंक सुधार गर्ने अवसर



विश्वकप लिग २ मा २२ अंक जोडेको नेपाल पाँचौं स्थानमा छ । चौथो स्थानको नेदरल्यान्ड्समाथि दबाब राख्न र छैटौं स्थानको नामिबियासँग अंक दूरी बढाउन नेपालले शुक्रबार अमेरिकालाई हराउनुपर्नेछ ।

नयाँ पत्रिका

आइसिसी विश्वकप क्रिकेट लिग २ मा घरेलु टोली नेपालले शुक्रबार अमेरिकाविरुद्ध प्रतिस्पर्धा गर्दै छ । त्रिवि क्रिकेट मैदानमा नेपालले शीर्ष स्थानमा रहेको अमेरिकासँग खेल्दा अंक सुधार गर्ने लक्ष्य राखेको छ । स्कटल्यान्डलाई हराएर अमेरिका ३८ अंकका साथ शीर्ष स्थानमा फर्किएको हो । नेपाल २२ अंकका साथ पाँचौं स्थानमा छ । नेपालले छैटौं स्थानको नामिबियासँग बराबरी अंक जोडेको छ । एक स्थानमाथि रहेको नेदरल्यान्ड्स नेपालभन्दा ६ अंकले अगाडि छ ।

अमेरिकालाई हराउँदा नेपालले नेदरल्यान्डसँग ४ अंक दूरी राख्नेछ । नामिबियासँग २ अंकको अग्रता लिनेछ । यसकारण पनि नेपालले अमेरिकासँगको चालू सिरिजकै अन्तिम खेललाई महत्त्वका साथ लिएको छ । नामिबिया र नेदरल्यान्ड्ससँग अर्को महिना प्रतिस्पर्धा गर्नुअघि पनि नेपाललाई स्पष्ट अग्रता आवश्यक पर्छ । अमेरिकासँग पराजित हुँदा नेपालको पाँचौं स्थान कमजोर बन्नेछ ।

नामिबियाले नेपाललाई पाँचौं स्थानबाट विस्थापित गर्ने धेरै अवसर छ । नेदरल्यान्ड्सलाई पनि नेपालमाथिको अंक दूरी बढाउने मौका छ । यद्यपि, अर्को महिनामा नेपाल, नेदरल्यान्ड्स र नामिबियाबिचको त्रिकोणात्मक एकदिवसीय खेलबाट अंक दूरीको टुंगो लाग्नेछ ।

अहिले नेपालले चारमध्ये दुई खेलमा जित निकाली महत्त्वपूर्ण ४ अंक जोडेको छ । नेपालले अमेरिका र स्कटल्यान्डलाई हराइसकेको छ । स्कटल्यान्डसँगको पहिलो खेलमा नेपाल झिनो २ रनले पराजित भएको थियो । त्यसछि नेपालले अमेरिका र स्कटल्यान्डमाथि सानदार जित निकाली ४ अंक जोडेको थियो । नेपालले यसै त्रिवि क्रिकेट मैदानमा विश्वकप लिग २ अन्तर्गत एक महिनाभित्र सातमध्ये पाँच खेलमा जित हात पारी १० अंक जोडेको छ ।

घरेलु मैदानमा नेपाल बलियो

नेपालले अहिलेसम्म त्रिवि क्रिकेट मैदानमा अमेरिकासँग कुनै पनि खेल गुमाएको छैन । एकदिवसीय खेलमा नेपाल अमेरिकासँग यस मैदानमा अपराजित छ । यद्यपि, अमेरिकाले विश्वकप लिग २ मा अन्य मैदानमा भएका खेलमा नेपालमाथि एकपक्षीय जित निकालेको छ । नेपालले पछिल्ला पाँचमध्ये चार खेलमा जित हात पारेको छ । अमेरिकाले पाँचमध्ये दुई खेल गुमाएको अवस्था छ । अमेरिकाले नेपालविरुद्ध पछिल्लो पाँचमध्ये चार खेलमा जित निकालेको थियो । अहिले भने नेपाल र अमेरिका उत्कृष्ट फर्ममा छन् । स्कटल्यान्डसँगको पहिलो खेलमा नेपालले ब्याटिङ र बलिङमा उत्कृष्ट प्रदर्शन गरेको थियो । अमेरिकाले स्कटल्यान्डविरुद्धको पछिल्लो खेलमा सबै विधामा गतिलो प्रदर्शन गरेको थियो । नेपालका प्रशिक्षक स्टुवार्ट लले अमेरिकासँगको खेल महत्त्वपूर्ण हुने बताइसकेका छन् । 'आगामी खेलमा हामी अमेरिकासँग थप सुधारिएको प्रदर्शन गर्छौं,' स्कटल्यान्डसँगको खेलपछि उनले भनेका थिए, 'ब्याटिङ र बलिङमा थप सुधार गर्नुपर्छ ।'

स्पिनरको प्रभाव

अहिले त्रिवि मैदानमा स्पिनर हावी भइरहेका छन् । सहभागी तीनवटै टोलीका स्पिनरले जितमा प्रमुख भूमिका निर्वाह गरेका छन् । नेपालका बायाँहाते स्पिनर ललित राजवंशीले अघिल्लो खेलमा चार विकेट हात पारेका थिए । नेपालका लेग स्पिनर सन्दीप लामिछानेले पनि तीन विकेट गत खेलमा लिएका थिए । अमेरिकाका स्पिनरले पनि स्कटल्यान्डलाई ६ विकेटले हराउँदा धारिलो प्रदर्शन गरे । नेपालको ब्याटिङमा ओपनर कुशल भुर्तेल, रोहित पौडेल, दीपेन्द्रसिंह ऐरी र गुल्सन झा प्रभावशाली देखिएका छन् ।

अंकतालिका

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
अमेरिका	२७	१९	८	३८	०.८८
स्कटल्यान्ड	३२	१६	१०	३८	०.६३
ओमान	२८	१४	११	३१	०.०१
नेदरल्यान्ड्स	२४	१३	९	२८	०.१६
नेपाल	२७	१०	१५	२२	-०.०८
नामिबिया	२८	१०	१६	२२	-०.४९
क्यानडा	२४	९	१२	२१	-०.२०
युएई	२४	७	१७	१४	-१.०१

खेल संक्षेप

राष्ट्रिय टेबुलटेनिस १४ जेठबाट

काठमाडौं/ अखिल नेपाल टेबुलटेनिस संघले ४२औं राष्ट्रिय टेबुलटेनिस प्रतियोगिता १४ जेठबाट सुरु गर्ने भएको छ । संघका अध्यक्ष वेजेन्द्रबहादुर हमालले प्रतियोगितामा सिनियर, जुनियर र क्याडेट गरी ११ स्पर्धामा प्रतिस्पर्धा हुने जानकारी दिएका छन् । सिनियरमा पुरुष र महिला एकल खेलसँगै डबल्स टिम तथा मिक्स डबल्स खेल हुनेछन् । जुनियर खेलाडीले सिनियरबाट सिक्ने अवसर पाउने उद्देश्यले जुनियर र क्याडेटको राष्ट्रिय प्रतियोगिताकै दौरान गर्न लागेको मुख्य प्रशिक्षक मोहनदास वासुकलाले बताए । प्रतियोगितामा सातै प्रदेश र तीन विभागीय गरी १० टोलीले सहभागिता जनाउने हमालले बताए ।



प्रत्येक टोलीबाट १० का दरले सय खेलाडी सहभागी हुने वासुकलाले जानकारी दिए । त्यसबाहेक सिनियरको पुरुष र महिलामा शीर्ष आठ स्थानमा रहेका खेलाडी छनोटविना नै सिधै सहभागी हुन पाउने प्रावधान रहेको प्रशिक्षक वासुकलालले बताए । १० टोलीबाट सय र शीर्ष आठ स्थानमा रहेका पुरुष र महिला गरी १६ सहित जम्मा ११६ खेलाडी सहभागी हुनेछन् ।

बुद्धिचालमा दीपेन्द्र पहिलो

काठमाडौं/ नेपाल वायुसेवा निगमका दीपेन्द्र ठाकुर १५औं कर्मचारी खेलकुद प्रतियोगिताअन्तर्गत बुद्धिचालमा पहिलो भएका छन् । पाँच चरणको खेलमा उनले शतप्रतिशत जित निकाल्दै ५ अंक जोडे । नेपाल विद्युत् प्राधिकरणका रिजन ग्वाचा दोस्रो भए । विभिन्न चार खेल समावेश प्रतियोगिताको बिहीबार ब्याडमिन्टन, टेबलटेनिस र बुद्धिचालसहित तीन इभेन्ट सकिएको आयोजकले जनाएको छ । ब्याडमिन्टनमा कृषि विकास बैंकले सर्वाधिक दुई तथा विद्युत, नेपाल नागरिक उड्डयन प्राधिकरण, एनसेल र एनटिसीले समान एक स्वर्ण जितेका छन् । टेबुलटेनिसमा एभरेस्ट बैंक लिमिटेड र नेपाल वायुसेवा निगमले समान दुई स्वर्ण हात पारे ।

विश्व पारा पौडीमा सहभागी हुँदै नेपाल

काठमाडौं/ नेपालको पारा खेलाडीले जापानको फुजी सिजुओकामा हुने पारा पौडीको विश्व सिरिजमा सहभागिता जनाउने भएका छन् । प्रतियोतिगामा नेपालबाट दुई खेलाडीले भाग लिनेछन् । १५ देखि १७ जेठसम्म हुने प्रतियोगिताको पुरुष एस ९ क्याटगोरीमा मेम्बरसिंह स्याङ्बा तथा महिला एस ६ क्याटगोरीमा जेनिशा कडायतले नेपालको चुनौती प्रस्तुत गर्नेछन् । दुवैले ५० र सय मिटर फ्री स्टायलमा प्रतिस्पर्धा गर्नेछन् । टोली प्रमुखमा राष्ट्रिय पारा पौडी संघ नेपालका अध्यक्ष सरोज श्रेष्ठ रहेका छन् । विश्व सिरिज जापानमा हुने पारा एसियाली खेलकुदको छनोटका रूपमा समेत रहेको संघले जनाएको छ ।

दोस्रो यू-१६ स्कुल फुटबल लिग हुने

काठमाडौं/ थन्डर बोल्ट्स डेभलपमेन्ट सेन्टरको आयोजनामा दोस्रो यू-१६ नेपाल स्कुल फुटबल लिग (एनएसएफएल) हुने भएको छ । आयोजकका कार्यकारी निर्देशक वरुण खड्काले आउँदो २३ जेठमा ललितपुरको थन्डरबोल्ट्स डेभलपमेन्ट सेन्टरमा प्रतियोगिता सुरु हुने जानकारी दिए । प्रतियोगितामा आठ टोली जेम्स, डिएभी कान्जिरोवा, लिटल एन्जल्स, रातो बंगला, एक्सेलसर, सेन्ट जेभियर्स र पाठशाला नेपाल फाउन्डेसनले सहभागिता जनाउनेछन् । प्रतियोगिताको लिग चरण डबल राउन्ड रोबिनका आधारमा सञ्चालन हुनेछ । शीर्ष दुई टोली उपाधिका भिड्नेछन् । प्रतियोगिताको विजेताले पाँच लाख रुपैयाँ प्राप्त गर्नेछ । स्कुलस्तरीय फुटबलमा यो अहिलेसम्मकै ठुलो पुरस्कार राशि हो । उपविजेताले दुई लाख ५० हजार रुपैयाँ प्राप्त गर्नेछ । व्यक्तिगत विधामा सर्वाधिक गोलकर्ता, गोलरक्षक, खेलाडी, प्रशिक्षक र फेयर प्ले टोलीले जनही ५० हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

■ महिला फुटबल टोलीको बिदाइ



काठमाडौं/ भारतमा हुने साफ महिला च्याम्पियनसिप खेल्ने नेपाली राष्ट्रिय महिला फुटबल टोलीको शुक्रबार बिदाइ गरिएको छ । शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले २५ मेदेखि भारतको गोवामा हुने च्याम्पियनसिपमा सहभागी हुने टोलीको बिदाइ गरेका हुन् । साफमा नेपाल समूह 'ए'मा छ । यस समूहमा श्रीलंका र भुटान छन् । नेपाल ६ संस्करणको उपविजेता हो । नेपाली टोलीले पहिलोपल्ट च्याम्पियन हुने लक्ष्य राखेको छ । समूह 'बी'मा पाँचपटकको विजेता भारत र दुईपटकको च्याम्पियन बंगलादेशसहित माल्दिभ्स छन् । नेपाली टोलीले एक महिनादेखि सातदोबाटोस्थित एन्फा कम्लेक्समा साफको तयारी गरेको थियो ।

■ सूर्य नेपाल च्यालेन्ज

शीर्ष स्थानमा भुवनलाई ३ स्ट्रोकको अग्रता

नयाँ पत्रिका

भुवन नगरकोटीले सूर्य नेपाल गल्फ टुर २०२५/२६ अन्तर्गत सातौं प्रतियोगिता सूर्य नेपाल च्यालेन्जको तेस्रो दिन समग्रमा ११ अन्डर १९३ स्कोर गर्दै शीर्ष स्थान बलियो बनाएका छन् । उनले तेस्रो दिन बिहीबार ३ अन्डर ६५ स्कोर गर्दै शुक्रबहादुर राईलाई ३ स्ट्रोकले पछि पारेका छन् । इभन पार ६८ को स्कोरमा समग्रमा ८ अन्डर १९६ सहित शुक्र दोस्रो स्थानमा झरेका छन् । उनी भुवनसँगै संयुक्त रूपमा शीर्ष स्थानमा रहेका थिए ।

समग्रमा ७ अन्डर १९७ स्कोरमा नेपालका नम्बर एक गल्फर नीरज तामाङ र धनबहादुर थापा संयुक्त रूपमा तेस्रो स्थानमा रहे । नीरजले ६ अन्डर ६२ र धनले २ अन्डर ६६ स्कोर गरेका थिए । समग्रमा ५ अन्डर १९९ स्कोरसहित एमेच्योर राहुल विश्वकर्मा तथा प्रो गल्फर रामे मगर र दिनेश प्रजापतिले संयुक्त रूपमा पाँचौं स्थान बाँडे । राहुलले ३ अन्डर ६५ स्कोर



गरेका थिए । रामे र दिनेशले समान २ अन्डर ६६ को कार्ड बनाए । ६ अन्डर ६२ को उत्कृष्ट नतिजामा टंकबहादुर कार्की समग्रमा ४ अन्डर २०० स्कोरसहित आठौं स्थानमा उक्लिए । पाँचौं स्थानमा रहेका राहुल एमेच्योरतर्फ शीर्ष स्थानमा छन् । उनले स्वप्निल भट्टराईलाई ५ स्ट्रोकले पछि पारे । शीर्ष स्थानमा एकल अग्रता बनाएका भुवनले फ्रन्ट नाइन २ अन्डर ३२ स्कोरमा खेल सकाए । उनले पहिलो, चौथौ र पाँचौं होलमा बर्डी प्रहार गरेका थिए । भुवनले १६औं होलको बोगीले ब्याक नाइन १ अन्डर ३३ स्कोर गरे ।

शुक्रको खराब प्रदर्शन

शुक्रले फ्रन्ट र ब्याक नाइनमा इभन पार ३४ स्कोर गरेका थिए । उनले पहिलो र चौथो होलमा एक-एक सट बचाउँदा तेस्रो र छैटौं होलमा बोगी खेपे । नीरजले बोगीरहित फ्रन्ट नाइन खेल्दै चार बर्डी प्रहार गरे । उनले फ्रन्ट नाइन ४ अन्डर ३० र ब्याक नाइन २ अन्डर ३२ स्कोरमा खेल सकाएका थिए । धनले फ्रन्ट र ब्याक नाइन १ अन्डर ३३ स्कोर गरे । तेस्रो होलमा बोगी खेलेका उनले चौथो र आठौं होलमा बर्डी प्रहार गरे ।

फिफा विश्वकपमा होटेल व्यवसायीलाई डर

एजेन्सी

फिफा विश्वकप आगामी जुन-जुलाईसम्म अमेरिका, मेक्सिको र क्यानडाले संयुक्त रूपमा आयोजना गर्दै छन् । विश्वकप सुरु हुन तीन साता मात्र बाँकी छ । विश्वकप नजिकिँदै जाँदा मुख्य आयोजक राष्ट्र अमेरिकाका होटेल व्यवसायीलाई भने भयले सताइरहेको छ । विश्वकपका लागि तयार पारिएका होटेलमा आशातीत बुकिङ भइरहेको छैन । विश्वकपनजिक आइरहँदा अहिले तीन होटेल खालीजस्तै छन् । अमेरिकन होटेल एन्ड लोडिङ एसोसिएसनको एउटा अध्ययनमा विश्वकप हुने विभिन्न सहरका होटेलमा खासै बुकिङ नआएको देखिएको छ ।

'अहिलेको अवस्था डरलाग्दो छ । यहाँ अमेरिकाका होटेलहरूको बुकिङ नगन्य मात्रामा छ । यसले विश्वकपबाट राम्रो आम्दानी गर्ने मनसाय बनाएका होटेल व्यवसायीको लगानी खतरामा पर्न सक्छ,' एसोसिएसनले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'अध्ययनका क्रममा जहाँ होटेल सोल्डआउट हुनुपर्ने थियो । त्यहीं नै खाली छन् ।'

फिफाको विज्ञप्तिअनुसार अमेरिकामा फुटबल हेर्न पाँच लाख टिकट सोल्ड आउट भएको छ । तर, टिकट किनेका समर्थकले होटेल बुकिङ गरेका छैनन् । 'टिकट सेलिङ हेर्दा अचम्म छ, तर उनीहरूको होटेल बुकिङ आश्चर्यजनक छ,' एसोसिएसनले भनेको छ, 'यस्तै रह्यो भने मार्केटमा क्र्याश आउन सक्छ ।' अमेरिकामा सबैजसो होटेल फ्रेन्चाइज बेसमा छन् । समग्र अमेरिकामा अहिले विश्वकपका लागि साना र ठुला गरी ३२ हजार होटेल छन् ।



> ११ जुनमा अमेरिकामा विश्वकप सुरु हुँदै छ, तर होटेल बुकिङ न्यून रहँदा लगानी धरापमा पर्न सक्नेमा अमेरिकन होटेल एसोसिएसनको चिन्ता

एसोसिएसनले दुई प्रमुख कारणले होटेल बुकिङ नभएको जनाएको छ । पहिलो फिफा स्वयंले ठुलो संख्यामा होटेल र प्रतिदिनको रकम तोक्ने गर्न अधिकार कसैलाई पनि दिएको छैन । राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले सहज रूपमा कसैलाई पनि भिसा उपलब्ध गराएको छैन । यही दुई कारण नै होटेल बुकिङ सोचेजस्तो नभएको एसोसिएसनको भनाइ छ । फिफाले भने आफूहरूले होटेल बुकिङ र प्रतिदिन रुमको मूल्यमा हस्तक्षेप नगरेको जनाएको छ ।

१२.२ बिलियन अमेरिकी डलर लगानी

सन् १९९४ पछि अमेरिका दोस्रोपटक विश्वकप आयोजक राष्ट्र बनेको हो । दोस्रोपटकको विश्वकपलाई भव्य बनाउन अमेरिकाले प्रतिस्पर्धा हुने सहरलाई आधुनिक बनाएको छ । यसका साथै होटेलहरू फरक रूपमा निर्माण गरिएका छन् । यसक्रममा होटेल व्यवसायीहरूले एक लाख ८५ हजार कर्मचारीलाई अनौपचारिक रूपमा काम दिइसकेका छन् । अमेरिकाले विश्वकपका लागि भनेर अहिलेसम्म १२ बिलियन अमेरिकी डलर खर्च गरिसकेको छ । विश्वकप हेर्न आउने समर्थकबाट आम्दानी गरी आर्थिक सहयोग मिल्ने अमेरिकाको विश्वास छ । तर, उनीहरूको आशा अहिले निराशामा परिणत भएको होटेल एसोसिएसनले जनाएको छ ।

'विश्वकपका लागि भनेर अर्बौं डलर खर्च गरेका छौं । हामीहरूको मुख्य आम्दानीको स्रोत नै समर्थकहरू हाम्रो होटेलमा आएर बस्ने हो,' उनीहरूले भनेका छन्, 'तीन सातापछि विश्वकप सुरु हुनेछ । त्यसवेलासम्म यस्तै अवस्था भइरह्यो भने लगानी धरापमा पर्नेछ ।'

फिफाले रद्द गऱ्यो बुकिङ

फिफाले आफ्नो एकाधिकार प्रयोग गर्दै बोस्टन, डालास, लस एन्जलस, फिलाडेफिया र सेटल सहरका होटेलहरू सुरुमा बुक गरेको थियो । फिफाले लगभग ७० प्रतिशत होटेल बुकिङ गरेको थियो । तर, उसले सबै बुकिङ रद्द गर्नु नै समस्या बनेको होटेल एसोसिएसनले दाबी गरेको छ । 'फिफाले ७० प्रतिशत बुकिङ गर्दा सबै खुसी थियौं, तर एकैपटक सबै बुकिङ रद्द गरेका छन्,' एसोसिएसनको दाबी छ, 'अब लाखौं समर्थकले तीन हप्ताको अवधिमा कसरी बुकिङ गर्न सक्छन् ।' यसैबिच फिफाले अमेरिकामा आफूहरूले होटेल बुक नगरेको जनाएको छ । 'हामीले सम्झौताअनुसार काम गरिरहेका छौं । होटेल बुक गर्नु र रद्द हुनुमा हामीहरूको कुनै हात छैन,' फिफाले भनेको छ, 'धेरैजसो अवस्थामा होटेलहरूबाट आएको अनुरोधलाई थप समायोजना गर्न नै अगाडि नै होटेलका कोठा रिलिज गरिएको हो ।'

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com